



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

वर्ष ३३ अंक १९ काठमाडौं | २५ फागुन २०८१ आइतबार फाल्गुण शुक्लपक्ष दशमी | नेपाल संवत् ११४५ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Sunday, March 9, 2025 | पृष्ठ १० | १० रुपैयाँ

## व्यापार युद्धले विश्व बजारमा हलचल

# उदारीकरण र खुला बजारको भविष्य के होला ?

**'अमेरिकाको कदम र बाँकी विश्वको प्रतिक्रियाले व्यापार युद्ध चर्काएको छ जसले आर्थिक उदारीकरण (लिब्रलाइजेसन) र खुला बजार (फ्रि-मार्केट) लाई चुनौती दिएको छ, आर्थिक राष्ट्रवादको नारामा आएको संरक्षणवाद (प्रोटेक्सनिजम) ले विश्वव्यापी व्यापार र आपूर्ति शृंखलामा सरकारी हस्तक्षेप बढाएको छ र प्रतिस्पर्धात्मक खुला बजार अर्थतन्त्रको ढाँचालाई नै खलबलाएको छ'**

**बुद्धिसागर मरासिनी**
**यज्ञ बञ्जाडे** (काठमाडौं)

अमेरिकामा डोनाल्ड ट्रम्पले राष्ट्रपतिको दोस्रो कार्यकाल सुरु गरेसँगै विश्व व्यापार शृंखला नै तनावग्रस्त बनेको छ । आर्थिक उदारीकरण, खुला बजार अर्थतन्त्र र विश्व व्यापार संगठन (डब्लूटीओ) को अवधारणाविपरीत ट्रम्पले विदेशी वस्तुमा चर्को आयात कर लगाइरहेका छन् । प्रतिक्रियास्वरूप अन्य मुलुकले पनि अमेरिकी उत्पादनमा कर बढाउन थालेका छन् । यसले व्यापार मात्र होइन, अहिले अभ्यासमा रहेको आर्थिक मोडल नै भताभुंग हुने संघारमा पुगेको विज्ञहरूको विश्लेषण छ ।

ट्रम्प प्रशासनले क्यानडा र मेक्सिकोबाट आयात हुने वस्तुमा गत मंगलबारदेखि नै २५ प्रतिशत आयात कर लागू गरिसकेको छ । क्यानडा र मेक्सिकोले गैरकानुनी आप्रवासन र अवैध फेन्टनाइलको तस्करी नरोकेको भन्दै ट्रम्पले चर्को आयात कर लगाएका हुन् । क्यानेडेली ऊर्जा आयातमा १० प्रतिशत कर लगाइएको छ । चीनबाट हुने आयातमा १० प्रतिशत कर थपिएको छ । ट्रम्पले युरोपेली संघबाट भित्रिने सामानमा पनि १० प्रतिशत कर लगाउने बताइसकेका छन् ।

अर्कातिर क्यानडाले १ खर्ब ५५ अर्ब डलर बराबरका अमेरिकी सामानमा २५ प्रतिशत आयात कर घोषणा गरेको छ । त्यस्तै अमेरिकाबाट आयात हुने डेरी उत्पादनमा २५० प्रतिशतसम्म कर लगाउने क्यानडाले निर्णय गरेको छ । क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले ३० अर्ब डलरको उत्पादनका लागि तत्काल कर लागू गरिने र १ खर्ब २५ अर्ब डलर बराबरका सामानमा लगाइएको कर दुई सातापछि लागू हुने बताएका छन् । चीनले अमेरिकी कृषिजन्य वस्तुमा १० देखि १५ प्रतिशत आयात कर लगाइसकेको छ ।

क्यानडा, मेक्सिको र चीन मात्र होइन, अमेरिकी आर्थिक मोडलका सहयात्री जापान, दक्षिण कोरिया र भारतप्रति पनि ट्रम्प त्यत्तिकै अनुदार देखिएका छन् । 'अन्य देशले दशकौंदेखि हामीविरुद्ध आयात कर लगाइरहेका छन् । अब हाम्रो पालो हो । युरोपेली संघ, चीन, ब्राजिल, भारत, मेक्सिको र क्यानडाबारे तपाईंले सुन्नुभएको छ ? हामीलाई उनीहरूले उच्च कर लिन्छन् । यो धेरै अनुचित छ,' मंगलबार संसद्को संयुक्त सत्रलाई सम्बोधन गर्दै ट्रम्पले भनेका थिए ।

निश्चित मुलुकबाट वस्तु तथा सेवा आयात गर्दा भन्सार कर लगाउने अमेरिकी राष्ट्रपति ट्रम्पको निर्णय डब्लूटीओको उद्देश्य र सिद्धान्तविपरीत भएको अर्थशास्त्री पोषराज पाण्डेको प्रतिक्रिया छ । 'अब यसरी नै जाने हो भने डब्लूटीओको काम छैन,' उनले भने, 'हरेक मुलुकले यसरी नै मनपरी भन्सार शुल्क तोक्दै जाने हो भने विश्व अर्थतन्त्रमा ट्रेड वार (व्यापार युद्ध) को अवस्था आउने छ ।' **बाँकी पृष्ठ ९**



- ट्रम्प प्रशासनद्वारा क्यानडा र मेक्सिकोबाट आयात हुने वस्तुमा २५ प्रतिशत कर, चीनबाट हुने आयातमा १० प्रतिशत थप कर, युरोपबाट भित्रने सामानमा पनि १० प्रतिशत करको तयारी
- क्यानडाले पनि १ खर्ब ५५ अर्ब डलर बराबरका अमेरिकी सामानमा २५ प्रतिशत कर लगाउने, अमेरिकाबाट आयात हुने डेरी उत्पादनमा २५० प्रतिशतसम्म कर लगाउने क्यानडाको निर्णय
- चीनद्वारा पनि अमेरिकी कृषिजन्य वस्तुमा १० देखि १५ प्रतिशत आयात कर, अमेरिकी वस्तु तथा सेवामा २० प्रतिशतसम्म कर लगाउने मेक्सिकोको तयारी

> हरेक मुलुकले मनपरी भन्सार शुल्क तोक्दै जाने हो भने विश्वमा 'ट्रेड वार' को अवस्था आउँछ
>
> • **पोषराज पाण्डे**, अर्थशास्त्री

> अमेरिकाले नै सुरु गरेको अन्तर्राष्ट्रिय नियम र मान्यता विपरीत ट्रम्प जान खोजेका छन्
>
> • **विश्व पौडेल**, अर्थविद्

## भित्र

### चितवन निकुञ्ज आसपास वन्यजन्तुको आक्रमणमा ११ वर्षमा १२७ को मृत्यु



### पूर्वराजाप्रति प्रमुख दल सशंकित, संवैधानिक दायराभित्र रहन ओली, देउवा र दाहालको चेतावनी

### त्रिविमा तोडफोड गर्नेलाई कारबाही गर्न सरकारलाई आग्रह

## गजब छ बा ! अविन




भाइ !... ओ भाइ !!...
पानी जा'ज आउन ला' हो ?

# अब कर्मचारीमा बढीमा दुई पटक मात्रै आरक्षणको प्रस्ताव

### अवकाशपछि नयाँ नियुक्ति लिन कम्तीमा २ वर्ष 'कुलिङ पिरियड' राख्न राज्य व्यवस्था समितिको उपसमितिमा सहमति

**जयसिंह महरा** (काठमाडौं)

निजामती कर्मचारीले राजपत्र अनंकित (खरदार वा नायब सुब्बा) मा एक र राजपत्रांकित (अधिकृत वा उपसचिव) मा एक पटक मात्र आरक्षण सुविधा पाउने कानुनी प्रबन्ध गर्न लागिएको छ । 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' का विवादित विषय टुंग्याउन गठन गरेको संसदीय उपसमितिमा कर्मचारीलाई दुई पटक मात्र आरक्षण सुविधा दिने व्यवस्था गर्न सहमति जुटेको हो ।

राज्य व्यवस्था तथा सुशासन समितिअन्तर्गत गठित उपसमितिका संयोजक दिलेन्द्रप्रसाद बडूले कर्मचारीलाई सेवा अवधिभर आरक्षण सुविधा हुनुपर्ने माग केही सांसदले राखेको भए पनि दुई पटक मात्र त्यस्तो सुविधा दिने सहमति भएको जानकारी दिए । 'आरक्षणका आधारमा सेवा प्रवेश गरेको भए बढुवाका लागि कार्यसम्पादनमा प्रतिस्पर्धा गर्नुपर्नेमा सहमति भएको छ । खुला प्रतिस्पर्धाबाट प्रवेश गरेको भए बढुवामा एक पटक आरक्षण सुविधा दिनुपर्ने कुरा छ, यस सम्बन्धमा थप व्यवस्था गर्न बाँकी छ,' उनले भने ।



> समावेशीबाट सेवा प्रवेश गरेकाले प्रभावकारी काम गरिरहेका छन्, आरक्षण घटाए कर्मचारी संयन्त्रमा समावेशीकरण कमजोर बन्छ
>
> • **विष्णुप्रसाद चौधरी**
> अध्यक्ष, थारू आयोग

आरक्षण समूहबाट पदपूर्ति हुने अवस्था नरहे विकल्प अपनाउने व्यवस्था विधेयकमा राख्न पनि सहमति जुटेको छ । विज्ञापनमा माग गरिएअनुसार समावेशी समूहबाट परीक्षार्थी पास नभए अर्को पटक विज्ञापन खोल्ने र त्यति गर्दा पनि परीक्षार्थी पास नभए ती पदलाई अर्को पटकका लागि खुलामा गाभ्ने गरिन्थ्यो । 'लोक सेवा आयोगको प्रस्तावसमेतका आधारमा आरक्षणको एक समूहबाट परीक्षार्थी पास नभए अर्को समूहमा समावेश गर्ने सहमति भएको छ,' संयोजक बडूले भने, 'त्यसपछिको विज्ञापनमा क्षतिपूर्तिको व्यवस्था गर्ने सहमति छ । जस्तो, दलितको सिट खाली भएर जनजातिलाई दिइए अर्को पटकमा जनजातिबाट दलितमा कोटा राखेर क्षतिपूर्ति गरिनेछ ।'

सर्वोच्च अदालतले निजामती सेवाभित्र आरक्षणको व्यवस्था सुधार गर्न २०७७ मा आदेश दिएको थियो । तत्कालीन न्यायाधीशद्वय विश्वम्भरप्रसाद श्रेष्ठ र आनन्दमोहन भट्टराईको इजलासले सरकारी सेवामा हुने आरक्षण जातीयताका आधारमा नभई आवश्यकताका आधारमा गर्न निर्देशनात्मक आदेश दिएको थियो । **बाँकी पृष्ठ ९**

# अस्ट्रेलियामा नेपाली पढ्दै करिब २ हजार बालबालिका

### नेपाली भाषा पाठशालाबाट पुर्ख्यौली थलो, इतिहास र संस्कारसँग साक्षात्कार गर्दै

**नारायण खड्का** (अस्ट्रेलिया)

दक्षिण अस्ट्रेलियाकी स्नेहा अर्याल ५ वर्षकी थिइन्, जतिबेला उनी नेपाली भाषा विद्यालय जाने गर्थिन् । यतै जन्मिएकी उनलाई नेपाली भाषा पाठशालाले नेपाली लेख्न र बोल्न मात्र सिकाएन, नेपाली कला संस्कृति र परम्पराका बारेमा समेत जान्ने र सिक्ने अवसर दियो ।

अहिले यहाँको विश्वविद्यालयमा उच्च शिक्षा लिइरहेकी उनी नेपाली दोस्रो पुस्ताको प्रतिनिधित्व गर्छिन् । नेपाली बोल्न र लेख्नसमेत उत्तिकै पोख्त छिन् ।



अहिले अस्ट्रेलियामा हुर्किरहेका स्नेहाजस्ता करिब २ हजार दोस्रो पुस्ताका नेपालीले हरेक राज्य तथा सहरमा सञ्चालित नेपाली भाषा पाठशालाबाट आफ्नो पुर्ख्यौली थलो, यसको इतिहास र संस्कारलाई नजिकबाट चिन्ने कोसिस गरिरहेका छन् ।

अस्ट्रेलियामा सन् २००० को सुरुवादेखि नै नेपाली भाषा पाठशालाको जग बसेको थियो । सिड्नीमा गुठी अस्ट्रेलिया र गोर्खा नेप्लिज कम्युनिटीले नेपाली भाषालाई दोस्रो पुस्तासम्म पुर्‍याउने उद्देश्यस्वरूप यस कार्यको सुरुवात गरेको थियो । तर, सन् २००० को अन्त्यतिर आधिकारिक रूपमा दर्ता गरेर सुरु भएको शब्दमाला र सन् २००८ मा दक्षिण अस्ट्रेलियाको एडिलेडमा रहेको भाषा पाठशालाले औपचारिकता पाएसँगै यो क्रम अहिले फैलिँदो छ । **बाँकी पृष्ठ ९**



# चितवन निकुञ्ज आसपास वन्यजन्तुको आक्रमणमा ११ वर्षमा १२७ को मृत्यु



**निकुञ्जभित्र या सामुदायिक वन क्षेत्रमा मात्रै नभएर घर आँगन, खेतबारी र कार्यक्षेत्र वरपर पनि स्थानीय वन्यजन्तुबाट सुरक्षित छैनन् । तर वन्यजन्तुको बढ्दो संख्याले भन्दा पनि सचेतना र वन्यजन्तुको सही व्यवस्थापनले आक्रमणका घटनालाई न्यूनीकरण गर्न सकिने विज्ञ बताउँछन्**





**रमेशकुमार पौडेल** (चितवन)

यहाँको चितवन राष्ट्रिय निकुञ्जमा गैंडा, हात्ती, बाघ, मयूरलगायत हेर्न बर्सेनि लाखौं पर्यटक आउँछन् । पर्यटनका कारण चितवनको आर्थिक हैसियत उकासिएको छ । तर, निकुञ्जसँगै जोडिएको अर्को दुःखद् पाटो पनि छ । निकुञ्जका वन्यजन्तुले आक्रमण गर्दा स्थानीय घाइते हुनुका साथै ज्यान नै गुमाइरहेका छन् ।

चितवन निकुञ्जमा डुल्ने भाले जंगली हात्ती बस्ती वरपर आउने गर्छन् । घरपालुवा पोथी हात्तीमा आकर्षित यी हात्तीले बालीनालीदेखि स्थानीयका भान्सामा राखेको नुनसमेत छाड्दैनन् । सौराहा आडको खोरसोर हात्ती प्रजनन केन्द्रमा असोज १७ मा यो हात्तीले केन्द्रका कर्मचारी ४० वर्षीय जदु सिंहको ज्यान लियो ।

चितवन निकुञ्जमा सबैभन्दा धेरै एकसिंगे गैंडा पाइन्छ । कुनै बेला चोरी सिकारीका कारण घट्दो अवस्थामा रहेको एकसिंगे गैंडाको संख्या पछिल्लो दशकमा वृद्धि हुँदै गएको छ । निकुञ्जभित्र मात्रै नभई गैंडाले निकुञ्ज आडको मध्यवर्ती वन, खेत र घरगाउँमै स्थानीयलाई आक्रमण गर्छ । गत पुस १६ मा बस्ती छिरेको एउटा गैंडा बिच्किँदा त्यसले रत्ननगर-१६ की ७० वर्षीय कृष्णकुमारी थापालाई आक्रमण गरी ज्यान लियो । अन्य पाँच जना घाइते भए ।

चितवन निकुञ्ज आसपास बाघले दिने दुःखपीडा एकनासको भने छैन । बाघ आक्रमणबाट मृत्यु हुनेको संख्या कुनै वर्ष अत्यधिक र कुनै वर्ष शून्य पनि छ । निकुञ्जको विवरणअनुसार २०८० साउन २१ मा खैरहनी नगरपालिका-१२ को केराबारीमा बाघले आक्रमण गर्दा ३५ वर्षीय अनिल तामाङको निधन भयो । सोही वर्षको मंसिर ८ मा खर काट्न मकवानपुर मनहरी गाउँपालिका-६ जोगीताल गएका चितवन राप्ती नगरपालिका-१ दुबिचौरका ४३ वर्षीय हरिप्रसाद पौडेल र १८ वर्षीय पुष्पराज तामाङले बाघको आक्रमणमा परेर ज्यान गुमाए ।

यी प्रतिनिधिमूलक घटनाले देखाउँछ कि निकुञ्जभित्र या सामुदायिक वन क्षेत्रमा मात्रै नभएर घर आँगन, खेतबारी र कार्यक्षेत्र वरपर पनि स्थानीयहरू वन्यजन्तुबाट सुरक्षित छैनन् । राजनीतिक अस्थिरता र सशस्त्र द्वन्द्वका बेला निकुञ्जभित्र र बाहिर चोरी सिकार मौलाएको थियो । ७० को दशकसँगै निकुञ्जको सुरक्षा मजबुत हुँदै गयो, अन्य क्रियाकलापले पनि वन्यजन्तुका लागि अनुकूल बन्दै गए । १० वर्षयता हुने गणना या अनुगमनमा बाघ र गैंडाका संख्या निरन्तर बढेको देखिन्छ । चितवन निकुञ्जले प्रकाशन गर्ने आव ०७०/७१ यताका वार्षिक प्रतिवेदनका विवरण लेखाजोखा गर्दा सो आर्थिक वर्षयता चालु आवको फागुन १८ सम्म चितवन निकुञ्ज र यस आसपासको क्षेत्रमा वन्यजन्तुका कारण १ सय २७ को ज्यान गएको देखिन्छ । जसमा पुरुष ९१ र महिला ३६ जना छन् ।



### गैंडाले लियो धेरैको ज्यान

साढे ११ वर्षको अवधिमा १ सय २७ जनाको ज्यान जाँदा सबैभन्दा धेरै मृत्यु गैंडाका कारणले भएको देखिन्छ । यस अवधिमा गैंडाका कारण ५२ जनाले ज्यान गुमाए । बाघका कारण ४० र जंगली हात्तीका कारण २८ जनाको मृत्यु भएको निकुञ्जको वार्षिक प्रतिवेदनमा उल्लेख छ । यस अवधिमा मगर गोहीले तीन, बँदेलले तीन र गौरी गाई (गौर) को आक्रमणमा परी एक जनाको ज्यान गएको छ ।

निकुञ्जका जनावर मध्यवर्ती क्षेत्रमा आएर स्थानीयलाई आक्रमण गर्दा सरकारले राहत दिन्छ । निकुञ्जले प्रकाशित गर्ने वार्षिक प्रतिवेदनमा परिवारलाई राहत दिएका मृतकको विवरण उल्लेख छ । चितवन निकुञ्जको मध्यवर्ती क्षेत्रमा चितवनसहित नवलपरासी (बर्दघाट सुस्तापूर्व), पर्सा र मकवानपुर जिल्लाका १२ पालिका छन् ।

मध्यवर्ती क्षेत्रभन्दा बाहिर चितवन र नवलपरासीको राष्ट्रिय वन क्षेत्रभित्र भएका घटनाको २०७६ देखि २०८० सम्मको राहत पनि चितवन निकुञ्जमार्फत वितरण भएको छ । निकुञ्जकै जनावर ओहोरदोहोर गर्ने चितवन र नवलपरासीका वन क्षेत्रमा यस अवधिमा मृत्यु भएका १३ जनाको परिवारलाई चितवन निकुञ्ज कार्यालयमार्फत राहत वितरण भएको छ ।

निकुञ्जले २०५५ यता मध्यवर्ती क्षेत्रमा निधन भएका मृतकका परिवारलाई राहत दिँदै आएको छ । सबैभन्दा धेरै २०७८/७९ मा १९ जना मृतकका परिवारलाई राहत उपलब्ध गराएको विवरण छ । यो वर्ष बाघका कारण सबैभन्दा धेरै ११ जनाको मृत्यु भएको देखिन्छ । त्यसैगरी गैंडाका कारण सबैभन्दा धेरै २०७३/७४ मा ७ जनाको मृत्यु भएको देखिन्छ । चालु आवमा भने गैंडाबाट भएका आक्रमणका घटना धेरै छन् । निकुञ्जका सूचना अधिकारी संरक्षण अधिकृत अविनाश थापा मगरका अनुसार चालु आवको फागुन १८ सम्म मृत्यु भएका ९ मध्ये ७ जनालाई गैंडाले मारेको हो ।

२०५५/५६ देखि ०६९/७० सम्मको १४ वर्षको अवधिमा १ सय ४४ जनाको ज्यान गएको थियो । 'मृत्यु र घाइते हुने घटना धेरै नै छन् । पहिला जनावर कम हुँदा पनि घटना हुने गर्थे । जनावरको संख्या बढेको अनुपातमा मृत्यु नै हुने घटना भने बढ्न दिएका छैनौं,' चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुंगनाले भने, 'तर हाम्रो प्रयास अझै बढाउन आवश्यक छ ।' चितवन निकुञ्जमा २५ वर्षअघि ५ सय ४४ गैंडा थिए । त्यसपछि गैंडाको संख्या घट्दै ३ सय ७२ सम्म पुग्यो । पाँच वर्षअघिको गणनामा ६ सय ९४ गैंडा पुगे । नेपालभर हाल ७ सय ५२ गैंडा छन् । त्यसैगरी २०७९ साउनमा सार्वजनिक गणनाअनुसार देशभर ३ सय ५५ बाघ रहेकामा चितवनमा १ सय २८ थिए । बाघको संख्या पनि १६ वर्षअघि ९१ मात्र थियो ।

### 'संख्या बढ्दैमा घटना बढ्ने होइन'

पछिल्ला वर्ष बाघ र गैंडाको संख्या चितवन निकुञ्जमा उल्लेख्य बढेको छ । 'कुनै बेला भयावहजस्तो देखिएको बाघबाट हुने मानव मृत्युको घटना त्यसपछि क्रमशः घट्दै गएको छ । जबकि बाघको संख्या बढेको छ,' बाघ, चितुवा र मानवका सम्बन्धका बारेमा विद्यावारिधि गरेका वन्यजन्तु विज्ञ बाबुराम लामिछानेले भने । सुरक्षाका प्रबन्धहरू अपनाउँदै सचेतना बढाए घटना कम हुने उनको भनाइ छ । उनको अध्ययनले कुल संख्यामध्ये पाँच प्रतिशत हाराहारीका बाघले मात्रै मानव बस्तीमा समस्या ल्याउन सक्ने देखाएको छ । 'समस्या ल्याउन सक्ने बाघ पहिचान गरेर अनुगमन गर्ने हो भने दुर्घटना रोकिन्छन्,' लामिछानेले सुनाए ।

चितवन निकुञ्जका प्रमुख संरक्षण अधिकृत गणेश पन्त यस्ता बाघ पहिचान गर्ने र आवश्यक परेको खण्डमा नियन्त्रणमा लिएर खोरमा राख्ने गरेको बताउँछन् । खोरमा राखिएका यस्ता बाघ चितवनमा ७ वटा छन् । खोरको अभाव भएपछि थप एउटालाई पर्सा निकुञ्जमा पठाइएको छ । बाघका कारण एकै वर्षमा ११ जनाको मृत्यु भएकोमा त्यसपछि घटेर यस वर्षको ६ महिनामा एक जनाको मात्र मृत्यु भएको पन्तले बताए ।

बाघको संख्या बढेसँगै पहिला बाघ नदेखिने निकुञ्जबाहिरका वन क्षेत्रमा पनि बाघ बस्न थालेका छन् । तर स्थानीयले त्यहाँ बाघ बस्छ भन्ने हेक्का नराख्दा जम्काभेट हुने र दुर्घटना बढ्ने खतरा रहने विज्ञको भनाइ छ । 'यो खतराबारे स्थानीयलाई सचेत र सजग गराउन आवश्यक छ । वन जाँदा सावधानी अपनाउनुपर्छ,' लामिछानेले भने । गैंडा बस्ती आउने क्रम पनि उत्तिकै छ ।

निकुञ्जले दिएको जानकारीअनुसार निकुञ्ज आसपासका १ सय २७ ठाउँबाट गैंडा बाहिर निस्केर बस्तीमा पस्ने गर्छन् । निकुञ्जको घाँसे मैदान राम्रो नहुँदा चरनको अभावमा गैंडा गाउँ छिर्ने, मान्छेको चाप रहने सामुदायिक वनमा बस्न थालेको छ । निकुञ्जभित्र कुनै बेला २० प्रतिशत हाराहारीमा घाँसे मैदान थियो । त्यो घटेर पाँच प्रतिशतसम्म भयो । बीचमा विभिन्न प्रयासका कारण १० प्रतिशतसम्म पुगेको निकुञ्जका प्रमुख संरक्षण अधिकृत पन्त बताउँछन् । घाँसे मैदान सुधार र व्यवस्थापनको काम हरेक वर्ष गर्नुपर्छ । तर घाँसे मैदान र घोल पोखरीका लागि उपलब्ध हुने बजेट भने पछिल्ला वर्ष निकै कम भएको छ ।

२०७३/७४ सम्म घाँसे मैदान व्यवस्थापनका लागि खासै बजेट आउँदैन थियो । २०७६/७७ मा पुरानो घाँसे मैदान व्यवस्थापन र नयाँ निर्माणका लागि भनेर सवा ३ करोड रुपैयाँ आयो । तर रकम ह्वात्तै घट्दै गएर चालु आवका लागि ३७ लाखा मात्र बजेट छ । त्यो पनि घट्ने सम्भावना देखिन्छ । निकुञ्जमा १० हजार हेक्टर घाँसे मैदान व्यवस्थापन गर्नुपर्नेमा ५ सय हेक्टरको हाराहारीमा हुने गरेको छ । 'निकुञ्जका बाघ, गैंडा, हात्तीलाई निकुञ्जभित्रै सीमित गर्नुपर्छ भन्ने आवाज छ । यसका लागि बासस्थल व्यवस्थापन गर्नुपर्छ । तर हाम्रो स्रोतसाधन सीमित छ । बासस्थल सुधारको काम हुँदै नभएको होइन तर जति गर्नुपर्ने हो त्यति गर्न भने सकेका छैनौं,' निकुञ्जका प्रमुख संरक्षण अधिकृत गणेश पन्तले भने । जंगली हात्तीको व्यवस्थापन पनि निकुञ्जका लागि चुनौतीपूर्ण हुँदै गएको उनले बताए ।

हात्तीकै विषयमा विद्यावारिधि गरेका र हाल बर्दिया राष्ट्रिय निकुञ्जको प्रमुख संरक्षण अधिकृत रहेका अशोक राम चितवन क्षेत्रमा जंगली हात्तीका चार वटा जति झुन्ड रहेको बताउँछन् । एउटा झुन्डमा आठ वटादेखि २५ वटासम्म हात्ती हुन्छन् । हात्तीलाई दिनमा दुई सय किलो घाँस र दुई सय लिटर पानी चाहिन्छ । त्यसैले घाँस र पानीको खोजीमा हात्ती लामो लामो यात्रा गर्छन् । एक पटक हिँडेको बाटो लामो समयसम्म भुल्दैनन् । 'तर चितवनमा झुन्डका हात्तीले समस्या निम्त्याइहालेको छैन । झुन्डबाट खेदिएका भाले हात्तीका कारण आएको हो,' हात्ती विज्ञ रामले भने । यस्ता हात्ती मानव बस्तीमा आएर खाद्यान्न पनि खाने गर्छन् । जसका कारण मान्छेले गलत व्यवहार गर्दा दुर्घटना हुने उनको भनाइ छ ।

'निकुञ्जभित्र मात्रै नभएर निकुञ्जसँग जोडिएको वन क्षेत्रको पनि संरक्षण गर्दै हात्तीका लागि बासस्थल व्यवस्थापन गर्न आवश्यक छ । साथै बस्ती आउने हात्तीलाई थप आक्रामक नबनाउन स्थानीयलाई हात्तीसँग कस्तो व्यवहार गर्ने भनेर सचेत बनाउनुपर्छ,' अशोक रामको सुझाव छ । नियमित अनुगमन र स्थानीयलाई सजग गराउनु हात्तीबाट पनि जोगिने उपाय हो भन्छन् उनी ।

### सुरक्षित तारबार र पर्खालमा जोड

भरतपुर पटिहानीका रामलाल महतो २०४९ मा तत्कालीन पटिहानी गाउँ विकास समितिका अध्यक्ष थिए । उनी २०५४ देखि दुई पटक चितवन निकुञ्जको पटिहानी मध्यवर्ती उपभोक्ता समितिको अध्यक्ष पनि भए । २०७४ मा उनी बागमती प्रदेशसभाको सदस्य चुनिए । निकुञ्ज आडका बासिन्दा उनी जनप्रतिनिधिदेखि संरक्षणकार्यमा पनि लागेका छन् । 'संरक्षणमा कामै नभएको होइन, मान्छे पनि मरिरहेका छन् । यो रोकिने उपाय नयाँ परिवेशमा नयाँ तरिकाले सोच्नुपर्छ,' उनी भन्छन् ।

उपभोक्ता समिति सुरु हुँदा घाइतेले उपचार खर्च मुस्किलले १० हजार रुपैयाँ पाउने गरेको उनले बताए । मृतकका परिवारले २५ हजार रुपैयाँ राहत बुझ्थे । अहिले उपचार पूर्ण रूपमा हुने व्यवस्था भएको छ । राहत पनि १० लाख रुपैयाँ पाउन थालेका छन् । 'संख्या बढेसँगै बासस्थल सुधार भएझैं लाग्दैन । बासस्थल सुधार गरेर जनावरलाई भित्रै राख्नुपर्‍यो,' उनले भने, 'सुरक्षित तारबार र पर्खाल लगाएर रोक्नुपर्छ ।'

चितवन निकुञ्जका २२ उपभोक्ता समिति र १२ पालिकामध्ये चार उपभोक्ता समिति रहेको माडी नगरपालिकामा १२७ मध्ये २९ जनाको जंगली जनावरबाट मृत्यु भएको छ । भरतपुर महानगरपालिका क्षेत्रमा रहेका पाँच वटा उपभोक्ता समिति र राष्ट्रिय वन क्षेत्रमा साढे ११ वर्षको अवधिमा ३५ जनाको ज्यान गएको देखिन्छ । चितवनको आधा जनसंख्या र भूगोल ओगट्ने घना आवादी क्षेत्रको भरतपुरको तुलनामा माडीको भूगोल र जनसंख्या निकै कम छ । तर घटना लगभग भरतपुरकै हाराहारीमा हुने गरेका कारण माडी जोखिम क्षेत्र रहेको मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुंगाना बताउँछन् ।

तारबार, कंक्रिट वाल र वन्यजन्तुबाट जोगिने अनेक प्रबन्ध गर्दै आएका कारण पछिल्ला वर्ष घटना कम हुँदै गएको माडीको पाँचपाण्डव उपभोक्ता समितिका अध्यक्ष तथा मध्यवर्तीको माडी बगई सेक्टरका प्रमुख नारायण सापकोटा बासु बताउँछन् । चितवन निकुञ्जले पर्यटन शुल्कबाट गर्ने आम्दानीमध्येको ३० देखि ५० प्रतिशत बजेट मध्यवर्ती क्षेत्रमा जाने नीति छ । तर पछिल्ला वर्ष मध्यवर्तीमा जाने बजेट पनि कटौती हुँदै गएका कारण प्रभावकारी तरिकाले काम हुन नसकेको मध्यवर्तीका अध्यक्ष ढुंगानाले बताए । पछिल्ला वर्ष बजेट सीमित हुँदै गएका कारण वन्यजन्तु व्यवस्थापनका विषयमा स्थानीय सरकार, प्रदेश सरकारले पनि ध्यान दिन आवश्यक रहेको निकुञ्ज प्रमुख गणेश पन्तले धारणा राखे ।

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** सोचे अनुसार सबै कुरा मिल्दै जानेछ । प्रतिस्पर्धात्मक काममा सफलता मिल्नेछ । कुनै आर्थिक कार्यमा संलग्न हुनुपर्ला ।

**वृष** गरेको कार्यमा अपेक्षित सफलता मिल्नेछ । कसैलाई तपाईंको सल्लाह सुझावको आवश्यकता पर्न सक्छ । कुनै कामका लागि केही खर्च गर्नुपर्ने हुन सक्छ ।

**मिथुन** सकेसम्म समयानुकूल रहन खोजिनेछ । प्रायः सबै काम कुरा तपाईंकै संलग्नतामा सम्पन्न हुनेछन् । समग्रमा दिन राम्रै रहनेछ ।

**कर्कट** कसैलाई तपाईंको साथको आवश्यकता पर्न सक्छ । आफू सम्बन्धित काममा मात्र आबद्ध हुनु होला । सकारात्मक सोचले गरेको कामले सकारात्मक फल दिनेछ ।

**सिंह** कुनै कामको सिलसिलामा छलफल हुन सक्छ । घरमा कसैको आगमन हुन सक्छ । समय परिस्थिति विचारेर अत्यावश्यक कुरामा जोड दिइनेछ ।

**कन्या** सकेसम्म समयानुकूल विचारेर काम गर्न खोजिनेछ । सबैतिरबाट अपेक्षित सहयोग पाइनेछ । भावी कामबारे कामको खाका तयार गर्न प्रयत्नशील भइनेछ ।

**तुला** अनपेक्षित ढंगमा कुनै कुराले बँधिएको महसुस हुन सक्छ । कुनै कुराले गर्दा मन चञ्चल रहला । सकारात्मक सोचले काम गर्दा मन भ्रमरहित होला ।

**वृश्चिक** काम गर्ने जाँगरमा कमी आउन सक्छ । सकेसम्म कतै जान केही गर्न नपरे हुन्थ्यो भन्ने हुन सक्छ । समयावस्था विचारी आफूलाई प्रस्तुत गर्नु नै उचित हुनेछ ।

**धनु** तपाईंको कुरा बुझी तदनुरूप सहयोग गर्ने प्रयत्न हुन सक्छ । मनपर्दो क्रियाकलापमा आफूलाई संलग्न गराउन खोजिनेछ । इच्छाभोजन गर्ने प्रबन्ध मिल्नेछ ।

**मकर** कुनै कुराले गर्दा मन उत्साहित रहनेछ । सकेसम्म सबै कामकुरामा आफूलाई आबद्ध गराउन खोजिनेछ । व्यक्तिगत खुसीका लागि केही खर्च हुन सक्छ ।

**कुम्भ** कसैसित कतै जम्काभेट हुन सक्छ । कुनै कुराले गर्दा अनपेक्षित रूपमा टाउको दुखाउन सक्छ । आफैंले आफ्नो सहजता विचारी काम गर्नुपर्ने बेला छ ।

**मीन** जिम्मेवारीको काम गर्दा सजग रहनुपर्नेछ । कसैमाथि पूर्ण विश्वस्त हुन मनले गाह्रो मान्न सक्छ । अनपेक्षित भई आफैं काममा खट्दा मन शान्त रहला ।


## वर्गीकृत विज्ञापन

**घर जग्गा**

जडीबुटी नरेफाटमा ५ आना जग्गा बिक्रीमा २२ फिट रोडभएको ९८२३५८४३३७

न्युप्लाजा पुतलीसडकको घर धेरै सुपथ मुल्यमा केही दिनको लागी, बैंकमा लोनपनी भएको जम्मा रू ६३०००००/- मा ०-५-०-२ भाडामा लागेको सम्पर्क ९८०८५४१२५४, ९७४९२११५६५, ९८०११७२०२०

ललितपुर एरियामा घरजग्गा खरिदबिक्रीकोलागि 9849188782

धुम्बाराहीको रिङरोडनिर ०-७-३-० नयाँघर ९८४१४२०५८९

सितापाईला चोक नजिक ३ आनामा बनेको कमर्सियल बिल्डिङ र थानकोटमा ४आनामा बनेको साढेदुई तलाको घर १,३५,०००००, ९८४१२४०५६०, ९८५१०९८४०६

**सम्पर्क**

सस्तोमा CASHDEPOSIT धितोफुकुवा, बैंकलोन 9851154609

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

अतिसस्तोमा धितोफुकुवा Cashdeposit Documentation 9851067787

**विविध बिक्रीमा**

पुतलीसडकको अफिस सस्तोमा बिक्रिमा ९८५१२४४९७९

**निर्माण सफाई**

सेफ्टीट्याङ्की सफाई गाडीमा १५००- ९८४३७६८७३७

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाइलेट मंगल जामखोल्ने सस्तोमा 9841634234

**चाहियो**

२५जना लेडिज कर्मचारी चाहियो काम:- मसाज थेरापिस्ट, तलब:- २०,०००देखी २५,०००मासीक रोयल स्पा प्राईभेट लिमीटेड, दरबारमार्ग, सम्पर्क:-९८०२३८८०५३, ०१-५३३१९४० काम नजानेको लाईपनि तालीमको व्यवस्था गरीनेछ

लाजिम्पाटमा सिकर्मी हेल्पर चाहियो ९८०३०३३१२०

Cook with multi-cuisine & multi-tasking salary-13000+ service charge, morning shift, 01-4513374

फास्टफुड बनाउनजान्ने SLC Pass कामदारचाहियो ९८२३०२३४८५, ९८४९१०५७७२

कुक-२, हेल्पर-२, वेटर-२, डिसवासर-१, 9851159475, 9840656616

Primary Level English Teachers, Chabahil, 9841200709

English/Science/Social-1 Primary, Advanced High School 9841954670, 9860151222

विज्ञापन एजेन्सीलाई ग्राफिक्स डिजाइनर चाहियो ९८४१८५३१९८

**मर्मत**

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सेफ्टीट्यांकी ढलट्वाइलेट मंगल जामखोल्ने 9841663344

ढलमंगाल जामखोल्ने सेफ्टीटंयाकी तान्ने 9808849489

**भर्ना**

Private SEE, +2, B.Com/M.Com, 9841206019

**बिहावारी**

गोल्डेन वेडिङ मार्ट प्रा.लि. बरबधुको आवश्यकता 015925190, 9851166373

USA, Australia, Europe बरबधुचाहियो, 9851352212

# पूर्वराजाप्रति प्रमुख दल सशंकित

## संवैधानिक दायराभित्र रहन ओली, देउवा र दाहालको चेतावनी

**कान्तिपुर संवाददाता** (काठमाडौं)

सत्तापक्ष कांग्रेस-एमाले र प्रतिपक्ष माओवादीले पूर्वराजा ज्ञानेन्द्र शाहले अराजक गतिविधि गरे त्यसको प्रतिवाद गर्ने चेतावनी दिएका छन् । प्रमुख तीन दलका शीर्ष नेताहरूले पूर्वराजा शाहलाई 'जबर्जस्ती गर्न खोजे सह्य नहुने' चेतावनी दिएका हुन् । उनीहरूले पूर्वराजा शाहलाई संविधानभित्र रहन पनि आग्रह गरेका छन् ।

प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओलीले शुक्रबार कर्णाली प्रदेशसभालाई सम्बोधन गर्दै राजावादीले अराजकता मच्चाएर राष्ट्रिय एकतामा भाँजो हाल्न खोजेको आरोप लगाए । 'केही तत्त्वहरू प्रणाली, संविधान होइन, हा हुका भरमा, अराजकता मच्चाएर सत्ताकब्जा गर्न खोज्दै छन् । कुन प्रणाली ल्याउन खोजेको हो, स्पष्ट छैन । यो संविधान फालेर कुन संविधान ल्याउने ? कस्तो संविधान ल्याउने ? राणाशासनतिर फर्कने ? पञ्चायततिर फर्कने ? कता फर्किने ? यो वा त्यो रूपमा जहानियाँ शासनतिर ?' उनले प्रश्न गरे, 'गन्तव्यहीन खालका कुराको बाढी छ । हरेक मान्छे राजा हुँ कि जस्तो कुरा गर्छन् । राजा हो कि जस्तो संविधान मान्न नपर्ने । संविधानभन्दा माथिको जस्तो कुरा गर्छन् ।'

उनले जात र धर्मका नाममा फाटो ल्याउन खोजको आरोपसमेत लगाए । 'अनेक नाउँमा राष्ट्रिय एकता भाँजो हाल्ने प्रयास भइरहेको छ । जात, धर्म, पहिचानका नाममा होस् कि अरू नाममा होस् । विभिन्न ढंगले जनताको बीचमा फाटो ल्याउने, देशलाई अघि बढ्न नदिने नियन्त्रित अस्थिरताभित्र राख्ने प्रयास भइरहेको छ,' उनले भने, 'दुई/चार जना जनाधार, जनसमर्थन नभएका उरन्ठेउला व्यक्तिले सञ्चालन गरेर चल्छ ? संवैधानिक बाटोबाट जानुपर्छ । लोकप्रिय छु भने ०८४ पर्खनुपर्छ ।'

तराई-मधेश जागरण अभियानका क्रममा रौतहट पुगेका माओवादी अध्यक्ष पुष्पकमल दाहालले राजनीति गर्ने भए पार्टी खोल्न पूर्वराजा शाहलाई सुझाव दिए । 'जनताले उदारतापूर्वक कारबाही गर्नुको सट्टा आरामसित बस्न दिएको हो । उदारतालाई राजाले कमजोरी ठानेको हो भने पार्टी खोलेर चुनाव लड्न आए हुन्छ,' उनले भने, 'जबर्जस्ती गर्न खोजियो भने त्यो सह्य हुन्न ।' उनले राजतन्त्र ल्याउन खोजेर 'इतिहासको चक्का पछाडि फर्काउन सम्भव नभएको' बताए ।


गत बिहीबार महोत्तरीमा कांग्रेस सभापति शेरबहादुर देउवाले पनि गणतन्त्रमा राजतन्त्रको स्थान नभएको बताएका थिए । 'राजा स्वयं नै कारक भएर गणतन्त्र आयो,' उनले भने, 'राजाले सत्ता सम्हालेपछि नेताहरूलाई यातना दिने, थुन्ने, जेल हाल्ने अलोकतान्त्रिक हर्कत गरे । ज्यादती गरेपछि गणतन्त्र आयो । गणतन्त्र स्थापना हुनुमा राजा स्वयं कारण हुन् ।'

शनिबार डोटीमा भएको पत्रकार सम्मेलनमा कांग्रेस नेता एवं गृहमन्त्री रमेश लेखकले लोकतन्त्रविरुद्ध षड्यन्त्र भइरहेको उल्लेख गर्दै सजग हुनुपर्ने बताए ।

'क्रान्तिबाट फालिएका राजा त्यसै देशमा बसेको उदाहरण संसारमा कमै छ,' उनले भने, 'देशभित्र उन्नत लोकतन्त्र भइरहेकाले पूर्वराजा ज्ञानेन्द्र नागरिकसरह नेपालमै बसेर अधिकार उपभोग गर्न पाइरहेका छन् ।' उनले नेपाली समाज निरंकुशताबाट लोकतन्त्रमा आएकाले राजतन्त्र फर्कने भ्रममा नपर्न सुझाव दिए । पूर्वराजालाई पार्टी खोलेर खुला छलफलमा आउनसमेत उनले चुनौती दिए । 'गणतन्त्रको विकल्प राजतन्त्र हुन सक्दैन, लोकतन्त्रको विकल्प कुनै निरंकुशता हुन सक्दैन,' उनले भने ।

बुधबार राप्रपाले भ्रष्टाचार, बेथितिका विरुद्ध, राजसंस्था र हिन्दु राष्ट्रको पक्षमा जनमत निर्माण गर्न भन्दै काठमाडौंमा मोटरसाइकल ¥यालीसहित प्रदर्शन गरेको थियो । यसअघि धनगढी, इटहरी, बुटवल, पोखरालगायतमा सभा गरिएको थियो । माघ र फागुन महिनाभर देशभर कार्यक्रम गर्ने र चैतमा काठमाडौंमा केन्द्रीय प्रदर्शन गर्ने निर्णय पार्टीले गरेको राप्रपाका प्रवक्ता मोहनकुमार श्रेष्ठले बताएका छन् ।

'राजादेखि राजनीतिक दलसम्म अटाउने व्यवस्था चाहिन्छ भनेर जनमत बढाउन देशभर कार्यक्रम गर्दै आएका छौं,' उनले भने । राप्रपाको केन्द्रीय पदाधिकारीको बैठकले राजनीतिक परिस्थितिको समीक्षा, देशभर भइरहेका पार्टीका कार्यक्रम र प्रदर्शनको समीक्षासमेत गरेको छ ।



राष्ट्रिय एकतामा भाँजो हाल्ने प्रयास भइरहेको छ, देशलाई अघि बढ्न नदिने नियन्त्रित अस्थिरताभित्र राख्ने प्रयास भइरहेको छ

● **केपी शर्मा ओली**
प्रधानमन्त्री एवं एमाले अध्यक्ष



राजाले सत्ता सम्हालेपछि नेताहरूलाई यातना दिने, थुन्ने, जेल हाल्ने अलोकतान्त्रिक हर्कत गरे, ज्यादती गरेपछि गणतन्त्र आयो

● **शेरबहादुर देउवा**
कांग्रेस सभापति



उदारतालाई राजाले कमजोरी ठानेको हो भने पार्टी खोलेर चुनाव लड्न आए हुन्छ, जबर्जस्ती गर्न खोजियो भने सह्य हुन्न

● **पुष्पकमल दाहाल**
माओवादी अध्यक्ष

### माओवादीको तराई-मधेश अभियान स्थगित

राजावादीको गतिविधिका कारण काठमाडौं केन्द्रित कार्यक्रम गर्ने भन्दै माओवादीले हुलाकी राजमार्ग केन्द्रित एकमहिने तराई-मधेश जागरण अभियान स्थगित गरेको छ । झापाको कचनकवलबाट फागुन १२ देखि सुरु भएको जागरण अभियान शनिबार रौतहट पुगेर स्थगित भएको हो । रौतहटमा माओवादी अध्यक्ष दाहालले राजावादीले अराजक गतिविधि गरे सह्य नहुने बताएका थिए ।

माओवादीका उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाका अनुसार संसद्को कामकारबाहीलाई प्रभावकारी बनाउन, संघीय लोकतान्त्रिक गणतान्त्रिक प्रणालीविरुद्ध भइरहेका गतिविधिको प्रतिवाद गर्न एकमहिने अभियान स्थगित गरिएको हो । 'गणतन्त्रविरुद्ध गतिविधि गरेर अराजकता मच्चाउन खोजेको देखियो । यसको प्रतिवाद गर्नु अहिलेको आवश्यकता हो,' उनले भने, 'संसद्का काम प्रभावकारी बनाउन अभियान स्थगित गरिएको हो ।' माओवादीले मधेशमा अभियान चलाइरहेकै बेला शनिबार वीरगन्जमा राजावादीले प्रदर्शन गरेका थिए ।

# त्रिविमा तोडफोड गर्नेलाई कारबाही गर्न सरकारलाई आग्रह

**सुदीप कैनी** (काठमाडौं)

त्रिभुवन विश्वविद्यालयले रेक्टर र डिन कार्यालय तोडफोडमा संलग्नलाई कारबाही गर्न गृह मन्त्रालयलाई आग्रह गरेको छ । शनिबार प्रेस विज्ञप्ति जारी गर्दै त्रिविले कारबाही गर्न गृह मन्त्रालयलाई अपिल गरेको हो ।

'कुनै माग वा समस्या भए विश्वविद्यालय वार्ता र संवादका माध्यमबाट समाधान गर्न सदैव तयार छ,' त्रिविका सूचना अधिकारी शान्ताकुमारी नेउपानेद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'विश्वविद्यालयको सहनशीलतालाई कमजोरी ठानी सार्वजनिक सम्पत्ति तोडफोड गर्ने, पदाधिकारी, शिक्षक तथा कर्मचारीलाई आतंकित गर्ने कार्य भएमा खुला रूपमा कानुनी उपचारका लागि सम्बन्धित संस्थामा जान विश्वविद्यालय बाध्य हुनेछ ।'

विद्यार्थीको समूहका नाममा त्रिविमा पटक/पटक तोडफोड लगायतका गतिविधि हुँदै आए पनि विश्वविद्यालय र गृह प्रशासनले अहिलेसम्म कानुनी दायरामा ल्याउन सकेका छैनन् । तोडफोडमा संलग्नले उन्मुक्ति पाउँदै आएकाले यस्ता घटना दोहोरिँदै आएको त्रिविका प्राध्यापक बताउँछन् ।

शनिबार रेक्टर खड्ग केसी र विज्ञान तथा प्रविधि अध्ययन संस्थानका डिन शंकर खनालको कार्यकक्षमा विद्यार्थीको एक समूहले तोडफोड गरेको थियो । सत्तारूढ कांग्रेसनिकट नेविसंघबाट स्ववियु सदस्यमा निर्वाचित नरेन्द्र साउद, त्रिवि संघर्ष समितिका संयोजक सिकेन्द्र रोकायालगायत पाँच जनाको समूहले कीर्तिपुरस्थित रेक्टर र डिनको कार्यकक्षमा तोडफोड गरेको प्रत्यक्षदर्शीको भनाइ छ । सीसीटीभी फुजेटमा उनीहरूसहित ५ जना संलग्न रहेको देखिन्छ । प्रहरीले घटनाको सीसीटीभी फुटेज लगे पनि कारबाही प्रक्रिया अघि नबढाएको रेक्टर र डिन कार्यालयले जनाएका छन् ।

काठमाडौं प्रहरी परिसरका प्रवक्ता एसपी अपिल बोहोराले कुर्सीहरू तोडफोड भएको सामान्य जानकारी प्राप्त भएको बताए । 'कारबाहीका लागि औपचारिक निवेदन आएको छैन । घटनाको बारेमा आधिकारिक उजुरी नआएसम्म कानुनी रूपमा अघि बढ्न प्रहरी मिल्दैन,' उनले भने । सामान्य विवाद भएको र कुर्सी तोडफोड भएको जानकारी पाएको बोहोराले जनाए । रेक्टर र डिन कार्यकक्षमा रहेका कुर्सी, सिसा, टेबुल, दराज र सोफामा क्षति पुगेको कर्मचारीको भनाइ छ । त्रिविले चैत ५ मा हुने स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनलाई बिथोल्ने उद्देश्यले तोडफोडको घटना भएको जनाएको छ ।

तोडफोडको विषयमा स्ववियु निर्वाचन हेर्ने प्रहरीको हेडक्वार्टरमा रहेको सेललाई समेत जानकारी गराए पनि कुनै कारबाही नभएको पदाधिकारीको गुनासो छ । प्राज्ञिक थलोमा भएको तोडफोड घटनाको प्राध्यापक र विद्यार्थी संगठनले पनि विरोध गरेका छन् । दोषीलाई कानुनी दायरामा ल्याउनुपर्ने माग नेपाल प्रगतिशील प्राध्यापक संगठनले गरेको छ । अध्यक्ष खगराज शर्मा र महासचिव पद्मप्रसाद खतिवाडले विज्ञप्ति जारी गर्दै दोषीउपर कारबाही गर्न त्रिवि प्रशासनसँग माग गरेका छन् । 'शान्ति सुरक्षाको अवलम्बनका उपाय बिनासर्त सुनिश्चितता गर्न ध्यानाकर्षण गर्छौं,' विज्ञप्तिमा भएको छ ।

अनेरास्ववियुका अध्यक्ष समिक बडालले विज्ञप्ति जारी गर्दै रेक्टर र डिन कार्यालयमा भएको तोडफोडको विरोध र भर्त्सना गरेका छन् । 'तोडफोडमा संलग्न अराजक जत्थालाई तत्काल प्रक्राउ गरी कानुनी कठघरामा ल्याउन र जुनसुकै परिस्थितिमा स्ववियुको निर्वाचनको सुनिश्चितताका लागि अनेरास्ववियु माग गर्छ,' विज्ञप्तिमा भनिएको छ ।

नेविसंघका विद्यार्थी तोडफोडमा संलग्न भएको भेटिएपछि नेविसंघ त्रिवि इकाइ समितिले विज्ञप्ति निकालेर तोडफोडमा संगठनको आधिकारिक संलग्नता नरहेको जनाएको छ । इकाइ सभापति विष्णु बडैलाले जारी गरेको विज्ञप्तिमा यससम्बन्धमा संगठनबाट आधिकारिक निर्णय वा निर्देशन नभएको उल्लेख छ । संगठनलाई आरोप लागेपछि नेविसंघ केन्द्रीय समितिले पनि विज्ञप्ति जारी गरेर निष्पक्ष छानबिनको माग राखेको छ । प्रवक्ता सुरज सेजुवालले विज्ञप्ति जारी गरेर स्ववियु चुनाव सुनिश्चित हुनुपर्नेसमेत जनाएका छन् ।



दोषीलाई कानुनी कठघरामा ल्याउन प्राध्यापक, विद्यार्थी संगठनको माग



सम्पादकीय

# विद्यार्थी आन्दोलनको गौरवपूर्ण इतिहास, धमिलो वर्तमान

विद्यार्थी संगठनका कारण त्रिभुवन विश्वविद्यालयका कक्षाकोठा, परिसर, पदाधिकारीका कार्यकक्ष जस्ता स्थान पनि सुरक्षित रहेनन् । त्यहाँ कुनै पनि बेला आगजनी र तोडफोड हुन सक्छ । पदाधिकारीदेखि प्राध्यापकसम्मलाई मोसो दलिन सक्छ, रड प्रहार हुन सक्छ । फरकफरक संगठनमा आबद्ध विद्यार्थीबीच 'ग्याङ फाइट' नियमित घटना नै हो । यस्तो प्रवृत्ति विश्वविद्यालयअन्तर्गतका क्याम्पसमा पनि देखिने गरेको छ । यस्तो गैरशैक्षिक वातावरणको चेपुवामा परेर विद्यार्थीको गुणस्तरीय शिक्षा पाउने हक भने खोसिँदै गएको छ । कसैले पनि त्रिविमा भर्ना भएर शैक्षिक कार्यक्रम पूरा गर्नका लागि सुझाव दिनै नसक्ने अवस्था आएको छ । विश्व वरीयता पनि खस्किँदै गइरहेको छ । यस्तो प्रवृत्ति कायम रहुन्जेल त्रिवि जीवन्त शैक्षिक थलो बन्न सक्दैन । त्यसैले विश्वविद्यालयलाई ज्ञान आर्जन, मन्थन र प्रसारको मुहान बनाउनका लागि त्यसका अवरोधकहरूलाई नियन्त्रण गर्न आवश्यक छ । विद्यार्थी संगठनका नाममा हुँदै आएका गुण्डागर्दीजन्य गतिविधिलाई दण्डनीय बनाएर शुद्धीकरणको सुरुवात गर्न सकिन्छ ।

सत्तारूढ कांग्रेसनिकट नेविसंघका नेतासहितको समूहले शुक्रबार त्रिविमा रेक्टर खड्ग केसी र विज्ञान तथा प्रविधि अध्ययन संस्थान डिन शंकर खनालको कीर्तिपुरस्थित कार्यकक्ष तोडफोड गर्‍यो । यही संगठनले केहीअघि त्रिविमै ४०० दिनभन्दा बढी तालाबन्दी गरेको थियो । त्यस्तै, २०७१ साउन १४ मा अनेरास्ववियुले त्रिचन्द्र क्याम्पसमा रहेको बीपी पुस्तकालयलाई खरानी बनायो । २०७६ मंसिरमा त्रिचन्द्र क्याम्पसका प्रमुख प्रदीपबहादुर न्यौपानेलाई अनेरास्ववियुले कुटपिट गर्‍यो । त्यस्तै, २०७७ असोजमा त्रिविका उपप्राध्यापक प्रेम चलाउनेमाथि नेविसंघका विद्यार्थीले कुटपिट गरे । २०७९ जेठमा अनेरास्ववियुका एक जना विद्यार्थीले अस्कलका उपप्राध्यापक दिवाकर पाण्डेलाई कुटपिट गरे । २०५९ सालमा विद्यार्थीहरूले त्रिविको अंग्रेजी केन्द्रीय विभागमै आगजनी गरेका थिए । यी बढी चर्चा पाएका घटना मात्रै हुन् । दुई-चार दिन तालाबन्दी गर्ने, प्राध्यापकलाई धम्क्याउने, टेबल ठोक्ने काम त विद्यार्थी संगठनका लागि सामान्य नै भइसक्यो ।

पञ्चायतकालमा विद्यार्थी संगठनलाई राजनीतिक रूपमा सचेत र विश्वको गतिबारे जानकार ठानिन्थ्यो । विद्यार्थी संगठन र यसको आवरणमा दलका नेताहरूले राजनीतिक गतिविधि गर्न सकेका थिए । राणाकालमै तीनधारा पाकशालाका विद्यार्थीहरूले पाठ्यक्रममा भूगोल, इतिहास र नागरिकशास्त्र पनि समावेश गर्नुपर्ने लगायतका माग राखेर सुरु गरेको 'जयतु संस्कृतम्' आन्दोलन अहिले पनि चर्चित छ । पञ्चायतकालभरि त दलीय गतिविधि भूमिगत भएकाले भूमिगत पार्टी र नेताको छविलाई बाहिर स्थापित गराइदिने नै विद्यार्थी संगठन थिए । तत्कालीन राजा वीरेन्द्र शाहलाई जनमत संग्रहको घोषणा गर्न बाध्य बनाउने नै विद्यार्थी संगठन थिए । २०५९ असोज १८ र २०६१ माघ १९ पछि जब ज्ञानेन्द्र शाहले शासनसत्ता हातमा लिए, त्यतिबेला सडकमा उत्रिएर सैन्य शासनको प्रतिकार गर्ने र गणतन्त्रको नारालाई चर्चामा ल्याउने काम विद्यार्थी संगठनले नै गरेका थिए । त्यतिबेला विद्यार्थी संगठन संलग्न हुने राजनीतिक मुद्दाहरूको पनि औचित्य थियो । तर लोकतन्त्र र गणतन्त्रसँगै विद्यार्थी संगठनले आफ्नो मुद्दा पहिचान गर्न सकेनन् । आफ्नै शैक्षिक मुद्दाका विषयमा समेत ती बेखबर रहेको प्रतीत हुन्छ । बरु कुटपिट गर्ने, धम्क्याउने, कमिसन खोज्नेतिर उद्यत भए, पारंगत भए । तिनका गैरशैक्षिक गतिविधिमा बढ्दो संलग्नतालाई सम्बन्धित दल र विश्वविद्यालयले समयमै नियन्त्रण गर्न सकेनन् । दलले त संरक्षण नै गरे/गरिरहेका छन् । त्यसकै परिणाम आज देखिएको हो ।

शैक्षिक वातावरण बिथोलिएकै कारण त्रिविले नयाँ ज्ञान उत्पादन गर्न सकेको छैन । विश्वव्यापी रूपमा कैयौं नयाँ मुद्दाहरू जन्मिएका छन् । नयाँ समस्याहरू सतहमा आएका छन् । विश्वभर 'एआई' ले तहल्का मच्चाइरहेको छ । हाम्रा विद्यार्थी संगठन भने तोडफोड र तालाबन्दीमै रमाइरहेका छन् । परिणामतः आज संगठनसँग जोडिएका विद्यार्थीको छवि कक्षामा सबैभन्दा नपढ्ने, दादागिरी देखाउने, शिक्षक कुट्ने झुन्डका रूपमा स्थापित छ । यो छवि अरूले फेरेर फेरिँदैन, विद्यार्थी संगठनले नै आफ्ना गतिविधिमा सुधार ल्याउनुपर्छ ।

विद्यार्थी संगठनका 'गुन्डागर्दी' अति भइसकेको छ । उनीहरूका गतिविधिका कारण प्राध्यापक, विश्वविद्यालयका पदाधिकारीदेखि सहपाठी विद्यार्थीमा समेत आतंक सिर्जना भएको छ । सामाजिक/राजनीतिक चासोका कुनै पनि मुद्दाप्रति विद्यार्थीले राख्ने रचनात्मक कार्यक्रमलाई स्वीकार गर्दै अराजकपूर्ण व्यवहारलाई भने कठोरतापूर्वक नियन्त्रण गरिन आवश्यक छ । अध्ययनरत लाखौं विद्यार्थीका लागि मात्रै होइन, भविष्यमा जोडिने विद्यार्थीका लागि पनि शैक्षिक वातावरण धमिलिन दिनु हुँदैन । यसका लागि सरकार र राजनीतिक दलहरू गम्भीर हुनुपर्छ । जस्तो शुक्रबार तोडफोड गर्ने विद्यार्थी संगठन कांग्रेसनिकट हो । सोही पार्टीका गृहमन्त्री पनि भएको अवस्थामा उनीहरूलाई जोगाउने होइन, कारबाही गरेर उदाहरण प्रस्तुत गर्न सक्नुपर्छ । विश्वविद्यालयमा सिर्जित अराजकतालाई विपक्षी पार्टी र सांसदहरूले पनि मूल मुद्दा बनाउनुपर्छ । त्यसले पनि सुधारका लागि दबाब सिर्जना गर्न सक्छ । आमविद्यार्थीदेखि सरोकारवाला अन्य सबै पक्षले पनि यसलाई बहसको विषय बनाइराख्नुपर्छ ।

# कांग्रेसको चरित्रमा धमिरा

लोकतान्त्रिक पार्टीमा सबै कार्यकर्ता स्वतन्त्र हुन्छन् भन्ने अराजक मान्यता स्थापित गर्ने प्रयास भइरहेको छ, यो अहिलेको कांग्रेस नेतृत्वमा देखिएको आत्मघाती प्रवृत्ति हो



किशोर नेपाल



राजा वीरेन्द्रले २०३६ सालको ऐतिहासिक विद्यार्थी आन्दोलनको चर्को राप र तापपछि जेठ १० गते आफ्नो नेतृत्वमा चलेको निर्दलीय पञ्चायत व्यवस्था र बहुदलीय संसदीय व्यवस्थाका बीच जनमत संग्रहको घोषणा गरेका थिए । त्यतिबेला बीपी कोइराला आत्म-निर्वासन त्यागेर राष्ट्रिय एकता र मेलमिलापको नीतिका साथ स्वदेश फर्किइसक्नुभएको थियो । उहाँले जनमत संग्रहलाई निःसर्त स्वीकार गर्नुभएको थियो भने कांग्रेसका सर्वोच्च नेता गणेशमान सिंह र कार्यवाहक सभापति कृष्णप्रसाद भट्टराई, कम्युनिस्ट नेता मनमोहन अधिकारी र उहाँको समूह तथा अन्य सबै प्रतिपक्षी नेताहरूले निष्पक्ष जनमत संग्रहका लागि केही सर्तहरू राखेका थिए । त्यो परिदृश्यमा बीपी लगभग एक्लै हुनुहुन्थ्यो ।

त्यसबेला बीपी जयबागेश्वरी, चावहिलमा आफ्ना साहिँला भाइ तारिणीप्रसाद कोइरालाको घरमा बस्नुभएको थियो ।

जेठ १० गतेको शाही घोषणापछि कोइराला निवासमा देशका ठूला-साना राजनीतिज्ञहरू, समाजसेवीहरू, प्राध्यापक र बुद्धिजीवीहरूको लर्को लाग्दथ्यो । मानिसहरू जनमत संग्रहपछिको परिदृश्यबारे बीपीका विचार र विश्लेषण सुन्न लालयित थिए । त्यतिबेला न त सामाजिक सञ्जाल थियो, न त समाचारपत्रहरू सर्वसाधारण जनताको पहुँचमा नै थिए । समाचारपत्रहरू स्वतन्त्र पनि थिएनन् ।

बीपी त्यहाँ उपस्थित सबैको विचारलाई समेटेर जवाफ दिनुहुन्थ्यो । आफ्ना विचार अभिव्यक्त गर्ने क्रममा, बेग्लाबेग्लै सन्दर्भमा, उहाँ सबैसँग पटक पटक एउटै प्रश्न गर्नुहुन्थ्यो- बग्गीको अगाडि घोडा कि घोडाको अगाडि बग्गी ? त्यतिबेला बीपीको यो प्रश्न कसैको दिमागमा पनि घुस्दैनथ्यो ।

अहिले, चार दशकपछि, नेपाली कांग्रेसको महाधिवेशनका सन्दर्भमा बीपी कोइरालाको घोडा र बग्गीको त्यो व्याख्या मेरो स्मृतिमा टड्कारो भएको छ । 'प्रतीक्षारत प्रधानमन्त्री' तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आफन्तहरूसँग पहिले निर्वाचन गराउने र त्यसपछि मात्र महाधिवेशन गर्ने विचार प्रकट गर्न थाल्नुभएको छ । यो भनेको बग्गीको पछाडि घोडा बाँध्नु जस्तै हो । त्यसो त, देउवाजस्ता राजनीतिका चतुर खेलाडी नेताले यो कुरा बुझ्नुभएको छैन भन्न सकिँदैन । तर, मानिसका केही उमेरजन्य शारीरिक बाध्यता र व्यक्तिगत दायित्व हुन्छन् । त्यसले मानिसलाई विवेकपूर्ण निर्णय लिन दिँदैन । अर्कोतिर, सत्तामा बसेको मानिस यथार्थको सामना गर्न चाहँदैन ।

राजनीतिक घटनाक्रमको अध्ययन गर्ने एउटा स्वतन्त्र प्रेक्षकले यथार्थलाई नांगो आँखाले हेर्छ भने एउटा राजनीतिक कार्यकर्ताले आफ्नो स्वार्थका पक्षमा नेतालाई 'प्रिय' लाग्ने कुरा मात्र बोल्छ । यो पुरानै चलन हो । अहिले नेपालका नयाँ पुराना सबै राजनीतिक दलहरू पुस्तान्तरणको चापमा परेका छन् । पार्टीका कमान्ड सम्हालेर बसेका सबै दलका ठूला नेताहरूमा 'सम्माननीय' बन्ने भोक जागेको छ भने नयाँ पुस्ताका कार्यकर्ताहरूमा सत्तामा पुग्ने र सुखको स्वाद चाख्ने रहर छ । सञ्चारको व्यापक प्रभावले मानिसहरूलाई सत्ताप्रति आवश्यकताभन्दा बढी नै सम्मोहित गराएको छ । यो दुर्दमनीय यथार्थलाई कुनै पनि पार्टीका सम्मान्य नेताहरूले बुझ्न चाहेको देखिएको छैन । नेताहरूले यो तथ्य बुझ्नै पर्दछ- करोडौं करोड धन जुटाएर, पार्टीका लागि आलिसान भवन बनाएर मात्र पार्टी बलियो हुने होइन । पार्टीका सैद्धान्तिक आधारहरू जबसम्म सुदृढ हुँदैनन् तबसम्म परिवर्तन हुन सक्दैन । अहिले कांग्रेसको लोकतान्त्रिक समाजवाद र एमालेको जनताको बहुदलीय जनवाद राजनीतिक परिदृश्यबाट बाहिरिएका छन् । सैद्धान्तिक स्पष्टताका लागि कुनै पनि पार्टीका नेताहरू सजग हुन सकेका छैनन् ।

जहाँसम्म नेपाली कांग्रेसको कुरा छ, सांगठनिक हिसाबले यो पार्टीको अवस्था निर्वाचनका लागि अनुकूल छैन । चुनावमा विजय हासिल गरेपछि मात्र पार्टीको महाधिवेशन गर्ने विचार कांग्रेसका लागि आत्मघाती सावित हुने पक्का छ । २०६३ मा देश संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरित भइसकेपछि कांग्रेसका मूल आधारहरू खस्किँदै र भत्किँदै गएका छन् । संगठन सुदृढीकरणको अभावमा यसको 'भोट कमाउने संयन्त्र' मा खिया लागेको छ । २००७ सालको क्रान्तिकालदेखि नै कांग्रेसको आधारभूमिका रूपमा रहेको मधेश प्रदेश कांग्रेसको हातबाट गुमेको दशक बित्न लागेको छ । मूलधारका भनिने कांग्रेस र एमालेबाट अलग भएर मधेशका प्रभावशाली नेताहरू विभिन्न क्षेत्रीय पार्टी गठन गर्ने वा गठन भएका क्षेत्रीय पार्टीमा सामेल हुने परिपाटी बढ्दो गतिमा छ । यही अवस्था देशका अरू छवटै प्रदेशमा विद्यमान रहेको छ । वास्तवमा, २०६२/०६३ को बृहत् जनआन्दोलनका धेरै नायकहरू खुम्चिएर बस्न बाध्य भएका छन् । सभापति देउवाको नेतृत्वमा कांग्रेसको संगठनमा अलिकति पनि शक्ति सञ्चय हुन सकेको छैन ।

यस्तो किन भयो ? कांग्रेसबाहेकका सबै ठूला, साना पार्टीहरू विभिन्न तहमा कांग्रेसविरुद्ध संगठित हुन थालेका छन् । कांग्रेसले यसका कारणहरूको अध्ययन गर्ने र सांगठनिक सुधार गर्ने तत्परता अहिलेसम्म देखाएको थाहा पाइएको छैन । लोकतान्त्रिक पार्टीमा सबै कार्यकर्ता स्वतन्त्र हुन्छन् भन्ने अराजक मान्यता स्थापित गर्ने प्रयास भइरहेको छ कांग्रेसमा । यो अहिलेको कांग्रेस नेतृत्वमा देखिएको आत्मघाती प्रवृत्ति हो ।

संघीय लोकतान्त्रिक गणतन्त्रका रूपमा नयाँ नेपालको उदयपछि कांग्रेससँग वामपन्थी र दक्षिणपन्थीलगायतका कुनै पनि विचारधाराका राजनीतिक दलको वैचारिक सहमति रहेन । कांग्रेसका मूर्धन्य नेता गिरिजाप्रसाद कोइरालाले जनयुद्धमा लागेका माओवादीहरूलाई मूलधारको राजनीतिमा ल्याउन निकै ठूलो मिहिनेत गर्नुभयो । तर, त्यसको राजनीतिक प्रतिफल केही निस्किएन । संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भएपछि माओवादीहरू पटकपटक कांग्रेस र एमालेसँग सत्ता समीकरण गर्न पुगे । त्यसको पनि नतिजा केही निस्किएन । नयाँ लोकतान्त्रिक परिपाटी आएपछि नेपाल विकासको बाटोमा द्रुततर गतिमा अघि बढ्ने धारणा पराकाल्पनिक सावित भयो । कांग्रेससँग वामपन्थी दलहरू मिल्ने ठाउँ नै थिएन । अहिले पनि, कांग्रेसको मायाले एमाले सत्ता साझेदारीमा आएको होइन । एमालेभित्र कांग्रेसमा जस्तै विकराल समस्या छन् । कांग्रेसमा जस्तै एमालेमा पनि त्यसको सहज समाधान सम्भव देखिँदैन ।

> कांग्रेसका नयाँ-पुराना, जोसिला-पोसिला र कर्तव्य परायण नेता तथा कार्यकर्ताहरू बिस्तारै वर्तमान नेतृत्वबाट तर्किन थालेका छन् । पार्टीमा संस्थापन र संस्थापनविरोधी पक्षको भाष्य तयार गरिँदै छ

कांग्रेसमा अहिले 'सभापतीय' पद्धति हाबी भएको छ । यसको प्रजातान्त्रिक चरित्रमा धमिरा लागेको छ । सभापतिले सबैको कुरा 'सुने' जस्तो गर्ने र कार्यकर्ताले थपडी बजाएर सभापतिलाई 'जय नेपाल' को अभिवादन टक्र्याएर कर्तव्य पालन गर्ने प्रवृत्ति हाबी भएको छ कांग्रेसमा । कांग्रेसका नयाँ-पुराना, जोसिला-पोसिला र कर्तव्य परायण नेता तथा कार्यकर्ताहरू बिस्तारै वर्तमान नेतृत्वबाट तर्किन थालेका छन् । पार्टीमा संस्थापन र संस्थापनविरोधी पक्षको भाष्य तयार गरिँदै छ । त्यो भाष्यमा 'जोगी हुन राजनीति गरेको होइन' भन्नेहरूको संख्या ठूलो छ । सभापति देउवालाई यी कुराले सचेत गराएको छ भन्ने कतै देखिएको छैन । उहाँ यी कुरासँग निर्विकार र निरपेक्षझैं देखिनुभएको छ । २०५२ सालमा पञ्चहरूलाई समावेश गरेर सरकार गठन गर्न सफल हुनुभएयता सभापति देउवाले आफ्नै नेतृत्वमा आफ्नो चाहनाअनुरूप पार्टी चलाउने अवसर पाउनुभएको छ । त्यसैले उहाँ आगामी निर्वाचनपछि मात्रै पार्टीको महाधिवेशन गर्ने विचारको प्रक्षेपण गरिरहनुभएको छ । उहाँको यो 'विचार' सँग सहमत युवा नेताहरूको कुनै कमी छैन । सत्ता प्राप्तिपछि शक्तिको उन्माद देखाउनेहरूको कांग्रेसमा कहिल्यै अभाव खट्किएको छैन । समयसँगै सत्ताप्रेमको उन्मादमा बहकिएकाहरूले सभापति देउवाको विचार वा अविचार स्वीकार गर्दै छन् भने परिवर्तित परिस्थितिमा यसलाई अन्यथा मान्नु पर्दैन ।

सभापति देउवाले बुझ्न नचाहनुभएको एउटा तथ्य के हो भने देशको राजनीतिक पटलमा कांग्रेस अन्य राजनीतिक दलहरूसँग मिलेर सरकारको नेतृत्व गर्न वा अहिलेको जस्तो अरू पार्टीसँग मिलेर सरकार चलाउन सक्षम होला । तर, लोकतान्त्रिक राजनीतिको माध्यमबाट नेपाली समाजको आर्थिक, सामाजिक परिवर्तनको नेतृत्व गर्ने कांग्रेसका प्रतिपक्षीहरू यो वा त्यो रूपमा बढ्दै छन् । सभापति देउवाले सत्तालाई सर्वोपरि ठह्र्याउनुभएको छ । तर, सत्ताभन्दा कांग्रेसको संगठन निर्माणमा उहाँको ध्यान जानु आवश्यक थियो । सत्ता परिवर्तन कांग्रेसको मूल उद्देश्य थिएन । पछिल्लो संसदीय कालमा कांग्रेसले धेरै आर्थिक सुधार प्रारम्भ गरे पनि त्यो पर्याप्त थिएन । कांग्रेसका लागि सत्ता नेपाली समाजमा राजनीतिक, आर्थिक र सामाजिक जागरणका लागि हतियार मात्र हो भन्ने उसको उद्देश्य समयक्रममा स्खलित भयो । अहिलेको जमानामा यी आदर्शवादी सूत्रहरू असान्दर्भिक देखिएलान् । तर, कुनै पनि पार्टीका लागि सत्ता चलाउनुभन्दा देशमा नयाँ आर्थिक र सामाजिक जागरण ल्याउनु महत्त्वपूर्ण विषय हो ।

पाँच पटक सत्तारोहण भइसक्यो सभापति देउवाको । तर, उहाँले अहिलेसम्म कुनै राजनीतिक 'करामत' देखाउन सक्नुभएको छैन, जसका लागि दुनियाँले उहाँको वाहवाही गरोस् । सभापतिका रूपमा पनि उहाँको संगठनको विकास र विस्तारमा ठोस भूमिका देखिएको छैन । यतिबेला कांग्रेस संकटापन्न अवस्थामा छ । देशलाई गणतान्त्रिक बनाउने यो पार्टीका विरुद्ध चौतर्फी आक्रमण भइरहेको छ । एमाले, माओवादी, भिन्न चरित्रका क्षेत्रीय र जातीय दलहरू मौका पाउनासाथ कांग्रेसविरुद्ध खनिने निश्चित नै छ । त्यसमाथि, अहिले राजाका पक्षमा नारा जुलुस गर्दै हिँडेका जमातको मुख्य तारो पनि कांग्रेस नै बनेको छ । सभापति देउवाको अन्तरात्माले पनि यो कुरा त स्वीकार गरेकै होला ।

सभापति देउवाका हकमा चुनावमा जानुअघि पार्टीको महाधिवेशन गराउनु सही निर्णय हुनेछ । चुनावमा जानुभन्दा पहिले पार्टीमा एकता र जागरण ल्याउनु सभापतिका रूपमा उहाँको कर्तव्य र जिम्मेवारी दुवै हो । सैद्धान्तिक आधार गुमाएका राजनीतिक दलहरू बिस्तारै लोप हुने स्थितिमा पुग्दछन् । नीतिले यही कुरा भन्छ ।

## सम्पादकलाई चिठी

### ओली संविधान संशोधनको बाटोबाट पछि हटेकै हुन् ?

प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान संशोधन ख्यालठट्टाको विषय नभएको हुँदा ख्यालख्यालमै संशोधन गर्न नसकिने बताएका छन् । शुक्रबार कर्णाली प्रदेश संसद्लाई सम्बोधन गर्दै उनले सो कुरा दोहोर्‍याएका हुन् । यसअघि पनि उनले पटक-पटक २०८७ सालसम्म संविधान संशोधन गर्न नसकिने भन्दै आएका थिए । जसलाई लिएर कांग्रेस नेताहरूले तीव्र असन्तुष्टि पनि जनाउँदै आएका छन् ।

यो गठबन्धन सरकार निर्माणका क्रममा एमाले-कांग्रेसले ७ बुँदे सहमति गरेका थिए र त्यसको पहिलो बुँदामै संविधानमा भएका कमीकमजोरी हटाउन संविधान संशोधन गर्ने कुरा लेखिएको थियो ।

वर्तमान गठबन्धन किन भन्ने प्रश्नको उत्तरमा पनि उक्त बुँदालाई उठाउने गरिएको छ । तर बुँदा नम्बर १ बाटै ओली तर्किएको देख्दा उनको भित्री मकसद अर्कै रहेछ कि भन्ने अनुमान लगाउन पनि सकिन्छ ।

वास्तवमा मुलुकका दुई ठूला पार्टी कांग्रेस र एमालेले जनतासामु आत्मआलोचना गर्दै सबै पार्टीलाई मिलाएर संविधानको ९ वर्षको प्रयोगमा देखिएका कमीकमजोरी हटाउन गहन छलफल थाल्नुपर्छ । यसो गर्दा मात्रै मुलुक र जनताको हितमा हुनेछ ।

– **गोपाल देवकोटा**, *गोकर्णेश्वर-८, काठमाडौं*

### दोषीमाथि कारबाही होस्



नेविसंघ होस् या अन्य कुनै विद्यार्थी संगठनको आवरणमा विश्वविद्यालयमा तोडफोड र गुन्डागर्दी गर्नु निन्दनीय हो । यसको जति नै भर्त्सना गरे पनि कम हुन्छ । सत्तारूढ कांग्रेसनिकट नेविसंघका नेतासहितको समूहले त्रिभुवन विश्वविद्यालयमा रेक्टर र विज्ञान तथा प्रविधि अध्ययन संस्थान डिनको कार्यकक्षमा शुक्रबार तोडफोड गरेको हो ।

परीक्षा सारेर त्रिविको मर्यादित गतिविधिमा असर पुर्‍याउन खोज्ने नेविसंघ यसमा मुख्य दोषी छ । तर, यसका साथसाथै अर्को विचारणीय कुरा के छ भने विद्यार्थीलाई यस्तो गर्न उक्साउने र हिम्मत दिनेको पनि खोजी हुनुपर्छ र उनीहरूमाथि पनि कडाभन्दा कडा कारबाही गर्नुपर्छ ।

अभद्र क्रियाकलाप गर्ने विद्यार्थी शक्तिका पछाडि राजनीतिक दलका नेता वा त्रिवि पदाधिकारी वा अन्य कसैको हात छ भने पनि उनीहरूलाई कारबाही गर्न प्रशासन पछि हट्नु हुँदैन ।

नेविसंघबाट स्ववियु सदस्यमा निर्वाचित नरेन्द्र साउद, त्रिवि संघर्ष समितिका संयोजक सिकेन्द्र रोकायालगायत पाँच/सात जनाको समूहले रेक्टर खड्ग केसी र डिन शंकर खनालको कीर्तिपुरस्थित कार्यकक्षमा तोडफोड गरेको बताइएको छ ।

केन्द्रीय विभागको शुल्क घटाउनुपर्नेलगायतका माग राखेर विद्यार्थीले त्रिवि संघर्ष समितिमार्फत केही दिनदेखि आन्दोलन गर्दै आएका थिए । उनीहरूले ज्ञापनपत्र बुझाएर रेक्टर कार्यालयमा तालाबन्दीसमेत गरेका थिए । तर विश्वविद्यालय प्रशासनले ताला फुटाएपछि उनीहरूले यस्तो तोडफोड गरेका हुन् ।

विगतमा पनि यस्ता क्रियाकलाप गर्ने शक्तिमाथि कारबाही नभएकाले उद्दण्ड शक्ति हौसिएको पनि हो । त्यसैले समयमै कारबाही र नसिहत दिन पछि नपरौं । स्ववियु चुनावले गर्दा परीक्षामा अलिक पढ्ने समय नपुग्दा 'टाइम सारिदेऊ' भन्दा नेविसंघले अपराध गरेझैं कुरै नसुनिदिने त्रिवि प्रशासनको पनि यसमा दोषभागी छ कि ? यतातिर पनि ध्यानदृष्टि पुर्‍याऔं ।

– **मनोजकुमार कर्ण**, *महोत्तरी*

### नेपाली उड्डयन सुरक्षाको लज्जास्पद यथार्थ

नेपालको उड्डयन क्षेत्रमा फेरि एउटा गम्भीर र लज्जास्पद घटना थपिएको छ । बुद्ध एयरको जनकपुर-काठमाडौं उडानमा रहेको एटीआर ७२ जहाजले अगाडिको नोज ह्वीलबिना नै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुरक्षित अवतरण गर्‍यो । झन् अचम्मको कुरा त के छ भने हराएको पांग्रा जनकपुर विमानस्थलमै भेटियो ! उडान भर्दा जहाज ठिक थियो, तर अवतरण गर्दा पांग्रा गायब– यस्तो अविश्वसनीय घटना कुनै हल्का लापरबाहीको परिणाम मात्र होइन, यो नेपालको उड्डयन सुरक्षामा गढेको प्रणालीगत कमजोरीको खतरनाक संकेत पनि हो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले सुरक्षाका नाममा अनेकौं नियम बनाएको छ, तर कार्यान्वयनका हिसाबले ती कागजमै सीमित छन् । हरेक पटक यस्ता घटना हुँदा एयरलाइन्सहरूले 'सुरक्षित अवतरण' भन्ने शब्द प्रयोग गरी जोखिमलाई सामान्य बनाउन खोज्छन्, तर वास्तविकता भयावह छ । यो घटनाले प्राविधिक परीक्षण प्रणाली, मर्मत सम्भारको प्रभावकारिता र नियामक निकायहरूको निष्क्रियतामाथि गम्भीर प्रश्न उठाएको छ । जहाज उडान गर्नुअघि गरिने प्रि-फ्लाइट इन्स्पेक्सन कत्तिको भरपर्दो छ ? यति ठूलो यान्त्रिक त्रुटि कसरी नजरअन्दाज भयो ? यदि पाइलटको सीप नहुँदो हो त आजको घटना अर्को त्रासदीमा परिणत हुन सक्थ्यो ।

नेपालको उड्डयन इतिहास नियाल्दा मौसम, भूगोल वा अन्य बाह्य कारणलाई दोष दिने प्रवृत्ति छ, तर भित्री कमजोरीलाई कहिल्यै सुधार्ने चेष्टा गरिँदैन । सुरक्षामा हुने लापरबाही, नियामक निकायको अकर्मण्यता र एयरलाइन्सहरूको मुनाफाकेन्द्रित सोचका कारण यात्रुको ज्यान बारम्बार जोखिममा पारिएको छ । यस्तो गैरजिम्मेवारीपूर्ण व्यवस्थापनकै कारण नेपाललाई अन्तर्राष्ट्रिय उड्डयन क्षेत्रमा पटक-पटक कालोसूचीमा पारिएको हो । सुधार नगर्ने हो भने अब यात्रुको ज्यान भाग्यको भरमा छोड्नुपर्ने कुरालाई नियति मान्नुपर्नेछ ।

अब प्रश्न उठ्छ– कति पटक भाग्यमा भर पर्नु ? हरेक दुर्घटनापछि 'भाग्यले बचायो' भन्ने मानसिकता राख्ने हो भने नेपाल उड्डयन क्षेत्रलाई विश्वसनीय बनाउन गाह्रो हुनेछ । सुधारको प्रयास नगरी बस्ने हो भने भविष्यमा अझ डरलाग्दा दुर्घटना दोहोरिने निश्चित छ । सरकार, एयरलाइन्स र नियामक निकायले अहिले नै कठोर कदम नचाले नेपालको उड्डयन क्षेत्र दिगो रूपमै बदनाम हुनेछ, अनि यसको मूल्य यात्रुहरूले अनाहकमा ज्यान दिएर चुकाउनुपर्नेछ ।

– **सन्तोष सिम्खडा**, *टोकियो जापान*

### राजतन्त्र त चाहिँदैन

नयाँ होस् या पुरानो होस् राजतन्त्र त चाहिँदैन
धोकाधडी गरी जनता अलमल्याउन पाइँदैन
लोकतन्त्र या गणतन्त्र व्यवहारमै आउनुपर्‍यो
यो नेपाली शिर उचाली माथि उठ्न पाउनु पर्‍यो
खाली पेट लिई आज कराउन चाहिँ पाइएको छ
जनताको दुःख पीडा सुन्ने राज्य चाहिएको छ
दूरदर्शी र पारदर्शी राजनेता आउनुपर्‍यो
कुनाकाप्चा झुपडीमा अमनचैन ल्याउनुपर्‍यो
नयाँ होस् या पुरानो होस् राजतन्त्र त चाहिँदैन
मरेपछि ब्युँतिएको इतिहासमै पाइँदैन ।

– **कृष्ण कुम्पुरे**, *आदमटार, धादिङ*

# अनुसन्धानमा पश्चिम र पूर्व भन्ने हुँदैन

● **आक्सेल मिखायेल्स**, प्राध्यापक, हाइडलबर्ग विश्वविद्यालय



नेपाली सांस्कृतिक सम्पदा, परम्परा, चाडपर्व, गुठी-भोज र इतिहासबारे खोज अनुसन्धान गरिरहने जर्मन अध्येता हुन्, **आक्सेल मिखायेल्स** । सन् १३८६ मा स्थापना भएको जर्मनीको सबैभन्दा पुरानो विश्वविद्यालय हाइडलबर्गका उनी प्राध्यापक हुन् । पूर्वआधुनिककालीन नेपालको धार्मिक तथा कानुनी दस्ताबेजको अध्ययन तथा अनुसन्धान र त्यस्ता अभिलेखलाई डिजिटलाइज गर्ने परियोजना 'डकुमेन्टा नेपालिका' का उनी प्रमुखसमेत रहेका छन् । सन् १९७८ मा ह्याम्बर्ग विश्वविद्यालयबाट 'शूल्वसूत्र' मा विद्यावारिधि गरेका उनी लामो समय हाइडलबर्ग विश्वविद्यालयअन्तर्गतको दक्षिण एसियाली अध्ययन संस्थान (साउथ एसिया इन्स्टिच्युट) को प्रमुखसमेत रहे । विभागमा रहँदा उनले पूरा विद्या (क्लासिकल इन्डोलोजी) विषय अध्यापनसमेत गरे । जर्मनीकै युनिभर्सिटी अफ किल्मा सहायक प्राध्यापक छँदासमेत उनले नेपाल अनुसन्धान केन्द्रको निर्देशकको भूमिका निर्वाह गरेका थिए । मिखायेल्सले नेपालसम्बन्धी दर्जनौं पुस्तक एवं अनुसन्धानात्मक लेख प्रकाशन गरिसकेका छन् । पछिल्लो समय उनको पुस्तक 'नेपालः अ हिस्ट्री फ्रम अर्लिएस्ट टाइम टू द प्रिजेन्ट' प्रकाशित छ । त्यस्तै उनका 'नेपालिक भूपवंशावली,' 'द मेकिङ अफ अ स्टाचुः लस्ट्-वाक्स् कास्टिङ इन नेपाल', 'हिन्दुइजम् : पास्ट् एन्ड प्रिजेन्ट्'लगायतका महत्त्वपूर्ण कृतिसमेत प्रकाशित छन् । हालै पुस्तक विमोचन र परियोजनाका केही काम लिएर काठमाडौं आएका बेला कान्तिपुरका लागि **जनकराज सापकोटा** र **उपेन्द्रराज पाण्डेयले** उनीसँग गरेको कुराकानीको सम्पादित अंश :

तस्बिर : अंगद ढकाल/कान्तिपुर

**तपाईं संस्कृत भाषा र भारतीय संस्कृति पढ्न र बुझ्न सन् १९७१ मै बनारस आउनुभएको रहेछ । त्यतिबेला भारत-पाकिस्तान युद्ध सुरु भएपछि तपाईं गाडी लिएर रक्सौल हुँदै काठमाडौं आउनुभएको थियो । तपाईंको पहिलो काठमाडौं यात्रा कस्तो थियो ?**

म त्यतिबेला पहिलोपटक स्थलमार्ग हुँदै काठमाडौं आएको थिएँ । म बनारस आएकै बेला भारत र पाकिस्तानबीच युद्ध सुरु भयो । अनि म बनारसबाट फक्सवागन गाडी चलाएर काठमाडौं आइपुगें । त्यतिबेला मजस्तै अरू धेरै विदेशी पनि गाडी लिएरै काठमाडौं आइपुगेका थिए । तिनीहरूमध्ये धेरैले गाडी काठमाडौंमै बेचेका थिए ।

**बनारसबाट गाडी चलाएर काठमाडौं आइपुग्न कति दिन लाग्यो ?**

त्यस्तै चार हप्ताजति लाग्यो ।

**त्यतिबेलाको काठमाडौं कस्तो थियो ? केही सम्झना छन् कि ?**

त्यतिबेला नेपाल आधुनिक समाजभन्दा धेरै पृथक थियो । त्यस्तै ५ लाख जनसंख्या भएको सहर थियो काठमाडौं । अहिले त काठमाडौंको जनसंख्या ५० लाख हाराहारी पुगिसक्यो । त्यतिबेला सडकमा पनि थोरै मात्र गाडी देखिन्थे । राजा वीरेन्द्रको राज्याभिषेकमा जापान सरकारले उपहार दिएका एकाध कार मात्रै सहरमा देख्न सकिन्थ्यो । सबै कुरा एकदमै सामान्य खालको थियो । सहर निकै राम्रो थियो ।

**त्यतिबेलाको बनारस र काठमाडौंमा के फरक पाउनुभयो ?**

बनारस अलिकति आधुनिक शैलीको थियो । अलिक व्यस्त र भीडभाड पनि थियो । बनारसको तापक्रम र अन्य वातावरण पनि काठमाडौंको भन्दा पूरै फरक थियो । बनारसमा त गर्मीमा बस्न पनि मुस्किल नै हुन्थ्यो जस्तो लाग्थ्यो ।

**त्यतिबेला तपाईं कति दिन काठमाडौंमा बस्नुभयो ?**

संस्कृत र हिन्दी सिक्नका लागि म १४ महिनासम्म बनारसमा बसें । त्यसपछि नेपाल आएर केही दिन बसें । अनि नेपालबाट फर्केको १० वर्षपछि 'नेपाल-जर्मन म्यानुस्क्रिप्ट प्रोजेक्ट' को कामका लागि फेरि काठमाडौं आउने मौका मिल्यो । विभिन्न अर्काइभहरूको माइक्रोफिल्म गर्ने, संस्कृत लिखतहरूको क्याटलग बनाउने काम हामीले गर्‍यौं । यो परियोजना ३० वर्षभन्दा लामो समय चल्यो । यो अत्यन्तै रमाइलो र सम्झनयोग्य काम थियो ।

**'म्यानुस्क्रिप्ट प्रोजेक्ट' ले मुख्य गरी के काममा योगदान पुर्‍याएको थियो ?**

यो परियोजनाले इतिहासको संरक्षण गर्ने धेरै क्षेत्रमा काम गरेको थियो । इतिहास, संस्कृति, काव्य, दर्शन, विज्ञान र अन्य धेरै ऐतिहासिक सामग्रीको संरक्षण गर्ने काम यो परियोजनाअन्तर्गत भयो । हामीले ऐतिहासिक दस्ताबेजहरूको माइक्रोफिल्म गर्ने काम गर्थ्यौं । त्यतिबेला हामी ऐतिहासिक सामग्रीको दस्ताबेजीकरणका निम्ति काठमाडौंबाहिर पनि गएका थियौं । त्यतिबेला हामी माइक्रोफिल्मकै लागि गोरखा पुगेका थियौं । तर त्यो काम त्यति सजिलो थिएन । हामीले स्थानीयलाई केही पैसासमेत दिएर उनीहरूसँग भएको 'डकुमेन्ट' को दस्ताबेजीकरणका लागि सहयोग लिएका थियौं ।

**त्यहाँ कस्ता कागजात भेटिएका थिए त ?**

विभिन्न खालका कागजात भेटिएका थिए । स्थानीय संस्कृति र परम्पराजन्य विधि-विधान लेखिएका कागजातदेखि महाभारत र रामायणजस्ता पुस्तक पनि भेटिए । माइक्रोफिल्मका लागि सबै महत्त्वपूर्ण त थिएनन् तर हामीले भेटेजतिका कागजातको माइक्रोफिल्म गरेका थियौं । बिजुली नभएकाले त्यो काम त्यति सजिलो थिएन । हाम्रो काठमाडौं अफिसमा माइक्रोफिल्म गर्न र अर्काइभ गर्न सबैखाले सुविधा थियो । हामीसँग त्यतिबेला २५० फोटो खिच्न सक्ने विशेष क्यामरा थियो । बिजुली नभएकैले हामीले एक जना यस्तो मान्छे खटाएका थियौं, जसले गोरखामा खिचेका फोटो धुलाउन काठमाडौं-गोरखा जाने, आउने काम गर्थ्यो । हामीले खिचेका फोटो धुलाएर एक प्रति राष्ट्रिय अभिलेखालयमा दिन्थ्यौं र अर्को प्रति जर्मनीस्थित संस्थामा राख्थ्यौं । ती सामग्री जो कसैले पनि अध्ययन र अनुसन्धान गर्न सक्ने हिसाबले राखिएको छ ।

**तपाईं काठमाडौंको पछिल्लो ५ दशकको विकास र परिवर्तनबारे जानकार हुनुहुन्छ । पहिलो पटक देखेको काठमाडौं र अहिलेको काठमाडौंमा के फरक पाउनुहुन्छ ?**

काठमाडौंको मुख्य फरक भनेको यहाँका सडकमा देखिने गाडी हुन् । अनि जनसंख्याको चाप पनि । यहाँको राजनीति पनि धेरै बदलिइसकेको छ । म सुरुमा आउँदा राजतन्त्र थियो, अहिले गणतन्त्र आइसकेको छ । जनतामा पनि धेरै बदलाव आएको छ । गरिबी र अन्य खाले सामाजिक समस्या पनि कम हुँदै गएको पाउँछु ।

**नेपाली समाजमा देखिएको भौतिक परिवर्तन मात्रै नभएर अन्य बदलावलाई चाहिँ कुन रूपमा हेर्नुहुन्छ ?**

समाजमा धेरै खुलापन आएको छ । नेपाली समाजमा अहिले पनि जातप्रथा विद्यमान छ । तर यहाँका मानिससँग कुराकानी गर्दा, खानपिन गर्दा र उठबस गर्दा जातजन्य कुरामा पहिलेजस्तो कट्टर देखिँदैनन् । अंग्रेजी भाषाको प्रयोग पनि पहिलेभन्दा धेरै बढेको छ । आधुनिक शैलीका धेरै कुरा समाजमा भित्रिएका छन् । टेलिफोनदेखि सामाजिक सञ्जालसम्म नेपाली समाजमा भित्रिएको छ । त्यतिबेला त काठमाडौंबाट जर्मनीमा कल गर्नु सामान्य कुरा थिएन । पोस्ट अफिसमा मध्यरातको १२ बजे पुगेर एक घण्टासम्म कुर्नुपर्थ्यो । बल्ल कुराकानी गर्न सम्भव हुन्थ्यो, त्यो कुरा अहिले सुनाउँदा आफैंमा अनौठो लाग्छ । काठमाडौंमा धेरै कुरा परिवर्तन भइसकेको छ ।

**इतिहास र संस्कृतिको अध्येता भएकाले तपाईंले काठमाडौंको संस्कृति र रीतिरिवाजमा पनि केही परिवर्तन आएको देख्नुहुन्छ ?**

रीतिरिवाज र ऐतिहासिक सम्पदाको संरक्षण नेपालका निम्ति महत्त्वपूर्ण कुरा हो । किनभने यो नेपालकै परिचयसँग जोडिएको छ । विभिन्न सामाजिक पृष्ठभूमि र विभिन्न जातजातिका मानिस यसमा जोडिएका छन् । मच्छिन्द्रनाथको जात्रा होस् कि इन्द्रजात्रा अथवा २०७२ को भूकम्पपछि भएका मन्दिर र सम्पदास्थलको पुनर्निर्माणको कुरा होस्, यसको संरक्षणमा नेपाली समाजले असाध्यै राम्रो काम गरिरहेको छ । यो कुराले हिमाल र पहाडको सुन्दरता मात्रै नभएर सांस्कृतिक सुन्दरता पनि नेपालको असाध्यै ठूलो सम्पत्ति हो भनेर बुझाउँछ ।

**पछिल्लो समय हामीले संस्कृति बिर्सियौं वा मास्यौं भनेर चिन्ता गरिरहेको कुरा पनि सुन्छौं । नेपालमा पश्चिमाकरण बढ्यो भन्ने चासो पनि सुनिन्छ । तपाईंलाई चाहिँ कस्तो लाग्छ ?**

मलाई त त्यस्तो लाग्दैन । पश्चिमाकरण बढेको पनि हुन सक्छ । भगवान्प्रतिको विश्वास कम भएर पनि हुन सक्छ । तर नेपालमा अझै पनि सांस्कृतिक गतिविधि चल्तीमा छन् । मृत्यु संस्कार, विवाह संस्कार, व्रतबन्धजस्ता कर्म सबै भइरहेकै छन् । तपाईं यस्ता कुरामा विश्वास गर्नुस् वा नगर्नुस् तर तपाईं यस्ता सांस्कृतिक गतिविधि गरिराख्नुभएकै छ । मैले धेरै कम यस्ता नेपाली भेटेको छु, जसले यस्ता सांस्कृतिक कर्मलाई ठाडै इन्कार गर्छन् । नेपालीले विश्वास गरे पनि नगरे पनि भगवान् र मन्दिरप्रति आस्था व्यक्त गर्छन् । उनीहरू पूजामा सहभागी हुन्छन् । बिहान मन्दिरमा पनि जान्छन् । अनि यस्ता कुरामा गर्व पनि गर्छन् । पश्चिममा समाजमा पनि क्रिश्चियानिटीमा विश्वास नगरे पनि उनीहरू क्रिसमस मनाउँछन् र चाडबाडमा सामेल हुन्छन् । यस्तो अभ्यास नेपालमा पनि छ । धर्मनिरपेक्षता भए पनि संस्कृतिको संरक्षण भई नै रहेको छ ।

**तपाईंले बनारसमा संस्कृत र काठमाडौं आएर लक्ष्मीनाथ श्रेष्ठसँग नेपाली र नेवारी भाषा सिक्नुभयो । यो सिकाइ कत्तिको गाह्रो थियो ?**

लक्ष्मीनाथ श्रेष्ठ मेरो शिक्षक मात्रै होइनन्, साथी पनि हुन् । उनी निकै समर्पित शिक्षक थिए । उनी मसँग नेपालीमा मात्रै कुराकानी गर्थे । यो भेटको दुई हप्तापछिको कुरा हो । एक दिन हाम्रो भेट नेपाल रिसर्च सेन्टरको नेपाल-जर्मन म्यानुस्क्रिप्ट प्रिजर्भेसन सेन्टरमा राष्ट्रिय अभिलेखालयका फोटोग्राफर बलराम चित्रकारसँग भएको थियो । त्यो पूरै साँझ हामीले नेपालीमा मात्रै कुराकानी गरेका थियौं । भलै मेरो नेपाली उतिधेरै राम्रो थिएन । लक्ष्मीले मलाई नेपाली सिकाउँदा सिकाउँदै हामी निकै राम्रो साथी भयौं । मैले पछि उनलाई हाइडलबर्ग विश्वविद्यालय पनि बोलाएको थिएँ । त्यहाँ हामीले निकै यादगार समय बिताएका थियौं ।

**नेपाली भाषा सुरुमा सिक्दा गाह्रो लाग्यो कि सजिलै भयो ?**

नेपाली भाषा मलाई आउँछ तर शुद्ध नेपालीचाहिँ अलि हुँदैन होला । पढ्न सक्छु, बोल्न अलि अप्ठेरो लाग्छ । तर धेरै कुरा सिकेको छु ।

**यहाँ बस्दा टोल-टोलमा गएर नेपाली पनि बोल्नुभयो कि ?**

नेपालमा छँदा मैले बढीभन्दा बढी नेपाली बोल्ने प्रयास गरें । जर्मनीमा पनि मेरो टिमसँग कहिलेकाहीँ थोरैथोरै नेपाली बोलिरहेकै हुन्छु । राजन खतिवडा, मणिक वज्राचार्यलगायतसँग धेरै समयदेखि सँगै काम गरिरहेको छु ।

**तपाईंलाई 'युरोपमा नेपाल चिनाउने मान्छे' का रूपमा पनि लिँदा रहेछन् नि ?**

मैले आफ्नातर्फबाट राम्रो गर्ने प्रयास मात्र गरेको हुँ । तर युरोपमा नेपाललाई चिनाउने म मात्र भने कदापि होइन । मैले गरेका खोज र लेखेका पुस्तक पनि नेपाली साथीको सहयोगबिना सम्भव हुन्थेन । मुलुकी ऐनबारेको खोज अनुसन्धानमा पनि धेरै साथीको साथ सहयोग छ । राजन खतिवडा, मणिक वज्राचार्यहरूको सहयोगबिना मैले यो काम गर्न सक्दिन थिएँ ।

> रीतिरिवाज र ऐतिहासिक सम्पदाको संरक्षण नेपालका निम्ति महत्त्वपूर्ण हो, किनभने यो नेपालकै परिचयसँग जोडिएको छ
>
> ●●●
>
> नेपालीसँग कुराकानी गर्दा, खानपिन गर्दा र उठबस गर्दा जातजन्य विषयमा पहिलेजस्तो कट्टर देखिँदैनन्, अंग्रेजी भाषाको प्रयोग पनि पहिलेभन्दा धेरै बढेको छ, आधुनिक शैलीका धेरै कुरा समाजमा भित्रिएका छन्
>
> ●●●
>
> संस्कृति भन्नेबित्तिकै जहिले पनि मिश्रित हुन्छ, तपाईंले जेलाई 'हाम्रो संस्कृति' भन्नुहुन्छ नि त्यो पहिल्यै नै मिश्रित संस्कृति हो
>
> ●●●
>
> दुई ठूला शक्तिराष्ट्रका बीचमा रहे पनि नेपालले आफूलाई स्वतन्त्र राख्न सक्नु अद्भुत सफलता हो
>
> ●●●
>
> पृथ्वीनारायण शाहलाई राष्ट्र निर्माताका रूपमा पनि हेरिन्छ, एक अर्थमा त्यो साँचो पनि हो, किनकि उनले गोरखा राज्यलाई काठमाडौं उपत्यकासम्म विस्तार गरे
>
> ●●●
>
> भाषा, संस्कृति, धर्म र जातजातिको विविधताका हिसाबले नेपाल विश्वका लागि 'रोलमोडल' बन्न सक्छ

(विस्तृत भिडियो हेर्न स्क्यान गर्नुहोस)

**धेरै विदेशी अनुसन्धाताले नेपालको इतिहास, भाषा र संस्कृतिको अध्ययन अनुसन्धान गर्नुभएको छ, यसैमा आधारित भएर पुस्तक पनि लेखिएका छन् । नेपाली संस्कृतिमाथि विदेशीको अध्ययनले पश्चिमा दृष्टिकोण झल्किएका छन् भनिन्छ नि !**

अनुसन्धानमा पश्चिम र पूर्व भन्ने हुन्छ जस्तो मलाई लाग्दैन । यदि अनुसन्धान सत्य र सही छ भने अनुसन्धान ठिक हुन्छ । म यसलाई राष्ट्रियकरण गर्न पनि चाहन्नँ । पश्चिमा विद्वान्हरूको प्रभाव नेपालमा निश्चित नै छ । नेपाल पनि परम्परागत विज्ञानमा अगाडि छ । नेपालमा पनि उल्लेखनीय विद्वान् हुनुहुन्छ । मैले आफ्नो पुस्तकमा पनि उहाँहरूका बारेमा चर्चा गरेको छु । अंग्रेजीमा लेख्नु भएन भनेर उहाँहरूलाई बिर्सने भन्ने हुँदैन । उहाँहरू सम्मानित व्यक्ति हुनुहुन्छ । यदि नेपालबारे लेख्दै हुनुहुन्छ भने उहाँहरूको खोजलाई ध्यान दिनैपर्छ ।

**तपाईंले धार्मिक विषयमा पनि अनुसन्धान गरिरहनुभएको छ । पहिलेको तुलनामा पर्व र जात्रा मासिँदै गए भन्ने भाष्य अहिले चलिरहेको छ । तपाईंलाई चाहिँ कस्तो लाग्छ ?**

म धर्म अध्ययनमा निकै रुचि राख्छु । त्यसैगरी कानुन अध्ययन पनि मेरो सोखको विषय हो । प्रशासनिक दस्ताबेज पनि मेरो मन पर्ने विषय हो । मैले यस्तै अनुसन्धानमा परियोजना चलाइरहेको छु । यसका लागि नेपालको राष्ट्रिय अभिलेखालयसँग सहकार्य भइरहेको छ । हामीले १९ औं शताब्दीका लिखतमाथि काम गरिरहेका छौं । धार्मिक विषयमा धेरै अनुसन्धान हुनुपर्नेछ । तर यस्ता केही जटिल लिखत र सामग्री भेटिएका छन् कि त्यसले गर्दा पनि खोज अनुसन्धानमा धेरैले हात हाल्न सकेका छैनन् ।

**हाम्रो समाज त खुला छ । विभिन्न संस्कृतिलाई स्वीकार गर्ने खालको पनि छ । सँगसँगै नेपाली संस्कृतिलाई पनि निरन्तरता दिइरहेकै छ । तपाईंलाई चाहिँ के लाग्छ, नेपालीले मिश्रित संस्कृति अपनाइरहेका छन् ?**

संस्कृति भन्नेबित्तिकै जहिले पनि मिश्रित हुन्छ । तपाईंले जेलाई 'हाम्रो संस्कृति' भन्नुहुन्छ नि, त्यो पहिल्यै नै मिश्रित संस्कृति हो । 'नेपाली संस्कृति' भनिए पनि त्यसमा भारतीय र इस्लामिक प्रभाव पनि देखिन्छ । त्यसैले 'शुद्ध संस्कृति' भन्ने कहीँ पनि हुँदैन । संस्कृति आउने भनेकै अरूलाई हेरेर तपाईंलाई परिभाषित गर्दा हो । यसको अर्थ तपाईंले अर्को संस्कृतिलाई पहिल्यै आत्मसात् गरिसक्नुभयो । त्यसैले कसैले पनि 'शुद्ध संस्कृति' को कुरा गर्नु हुँदैन । यो असम्भव छ । निश्चय नै संस्कृतिमा राष्ट्रिय तत्त्व वा विशेषता त हुन्छ नै ।

**तपाईंकै पछिल्लो पुस्तक र अन्य लेख पढ्दा भाषा-विज्ञान र धर्म संस्कृतिको अनुसन्धानमा संस्कृतसँगै नेवारी भाषाको पनि अध्ययन जरुरी छ भन्नुभएको छ । यसलाई थप प्रस्ट पारिदिनुस् न !**

मैले अनुसन्धानका क्रममा विभिन्न भाषामा लेखिएका दस्ताबेजलाई स्रोतका रूपमा प्रयोग गरेको छु । मूल कृति अध्ययनका लागि संस्कृत निकै महत्त्वपूर्ण छ । त्यस्तै नेपाली सबै किसिमले महत्त्वपूर्ण छ । विशेषगरी ऐतिहासिक दस्ताबेज नेपालीमै पनि छन् । नेवाः संस्कृति र सम्पदा अध्ययनका लागि नेवारी भाषाको ज्ञान हुनु अति आवश्यक छ । यी मात्रै होइनन्, अरू भाषाको पनि अध्ययन हुनु जरुरी छ । नेपालका बारेमा अध्ययन हुने हो भने मैथिली, भोजपुरी, थारू, राई, लिम्बूलगायतका सबै भाषाको अध्ययन हुनु आवश्यक छ । सबै भाषा मलाई थाहा पनि छैन । मैले धेरै काठमाडौं उपत्यकाबारे नै खोज अनुसन्धान गरेको छु । यहाँकै बारेमा लेखेको छु । अलिअलि पूरै नेपालका बारे लेखे पनि विस्तृत भने छैन । पहाडी भेगमा त्यति धेरै स्रोत पनि भेटिँदैनन् ।



**तपाईंले यो पुस्तकमा पृथ्वीनारायण शाहबारे पनि चर्चा गर्नुभएको छ । सन् १९५१ पछि मात्र नेपालमा पृथ्वीनारायणबारे बढी कुरा हुन थालेको भन्नुभएको छ नि ?**

उनलाई राष्ट्र निर्माताका रूपमा पनि हेरिन्छ, एक अर्थमा त्यो साँचो पनि हो । किनकि उनले गोरखा राज्यलाई काठमाडौं उपत्यकासम्म विस्तार गरे । यो सबैलाई थाहा भएकै कुरा हो । स्वतन्त्र मुलुकका रूपमा नेपालको नाम चिनिएको त सन् १९२३ मा मात्र हो । त्यसअघि काठमाडौं उपत्यकालाई मात्र नेपाल भन्ने गरिन्थ्यो । वास्तवमा पृथ्वीनारायण शाह विस्तारित गोरखा राज्यका निर्माता हुन् । तर पृथ्वीनारायणबारे राजनीतीकरणचाहिँ धेरै पछि मात्र भएको हो । सन् १९५१ पछि शाह राजाहरूले पृथ्वीनारायणका बारेमा चर्चा गरेका हुन् ।

**नेपाल कुनै पनि देशको उपनिवेश नबनेकाले यहाँको कला, संस्कृति र सम्पदाको संरक्षण भएको पो होला कि ?**

नेपाल दुई ठूला शक्तिराष्ट्रका बीचमा रहे पनि सधैं नै स्वतन्त्र रह्यो । यसका बावजुद पनि आफ्नो सार्वभौमिकता र स्वतन्त्रता बचाइराख्न सक्नु नेपालको ठूलो सफलता हो । १७९१/९२ मा नेपाल-चीन युद्ध भयो । १८१४/१६ मा ब्रिटिस इन्डियासँग युद्ध भयो । त्यसका बावजुद पनि नेपालले आफूलाई स्वतन्त्र राख्न सक्नु अद्भुत सफलता हो । जब हामी नेपालका बारेमा कुरा गर्छौं- नेपाल भाषा, संस्कृति, धर्म र जातजातिका हिसाबले विविधतायुक्त मुलुक हो । यो नेपालको ठूलो सम्पत्ति हो । नेपालमा एक संस्कृति भन्ने छैन । यस हिसाबले पनि विश्वका लागि नेपाल 'रोलमोडल' बन्न सक्छ । यसका लागि धेरै सहनशीलता र स्वतन्त्रता चाहिन्छ । खुसीको कुरा भन्नुपर्छ कि यो अहिलेसम्म नेपालमा कायम छ । म आशा गर्छु कि भविष्यमा पनि यो कायम भइराख्नेछ ।

**तपाईंले अघि पनि भन्नुभयो कि २०७२ सालको भूकम्पले नेपाली सांस्कृतिक सम्पदामा क्षति पुग्यो । अहिले आउँदाचाहिँ पुनर्निर्माणको काम कस्तो पाउनुभयो त ?**

भूकम्पले त्यति ठूलो क्षति पुर्‍याए पनि नेपालले सम्पदा पुनर्निर्माणका क्षेत्रमा अभूतपूर्व काम गरिरहेको छ । विशेषगरी मन्दिरहरू र ऐतिहासिक धरोहरका रूपमा दरबार स्क्वायरहरूको पुनर्निर्माण भइरहेको छ । अझै पनि धेरै सम्पदा पुनर्निर्माणको काम बाँकी छ तर नागरिकको सचेतना भने छ । नागरिक सम्पदा पुनर्निर्माण चाहन्छन् ।

**पुनर्निर्माणको काममा पुरानै चुना, इँटा प्रयोग गर्ने कि नगर्नेलगायतका कुरामा विवाद पनि भयो । यसमा तपाईंको धारणाचाहिँ के छ ?**

मलाई थाहा छ, यो विवाद अहिले पनि चलिरहेकै छ । एकाथरीले भन्ने गरेका छन् कि परम्परागत रूपमा सम्पदा पुनर्निर्माण हुनुपर्छ । अर्काथरीको मत छ, पुनर्निर्माण गर तर भूकम्पप्रतिरोधी हुने गरी । म आर्किटेक्ट त होइन, कुन तरिका सही हो भन्नका लागि तर भूकम्पप्रतिरोधी सामग्री प्रयोग गरिएन भने अर्को भूकम्पमा यी भत्किन्छन् भन्ने कुराचाहिँ वैज्ञानिक हो । त्यसैले मलाई लाग्छ, यसबारेमा केही सम्झौता हुनुपर्छ । परम्परागत मन्दिरमा फलामको काँटी प्रयोग गरिँदैन । अचेल भने मन्दिरहरूमा काँटी प्रयोग हुन थालेको छ । यसबारेमा बढी कट्टर पनि हुनु हुँदैन ।

**तपाईंले पढाउने हाइडलबर्ग विश्वविद्यालयमा नेपाली विद्यार्थी पनि छन् । त्यहाँबाट उच्च शिक्षा हासिल गरेका विद्यार्थी कस्तो पाउनुहुन्छ ?**

उनीहरू असाध्यै असल छन् । चिकित्सा, अन्य विज्ञान पढ्न आउने नेपाली विद्यार्थी थोरै छन् । मेरो विभागमा भने नेपाली विद्यार्थी नेपालकै बारेमा पढ्न आउने हुन् । त्यसैले उनीहरूले जर्मन भाषा धेरै सिक्नु पनि पर्दैन । उनीहरूले सिक्नुपर्ने कुरा हो- आफ्नै देशको इतिहास र संस्कृति कसरी पढ्ने ? हाइडलबर्गबाट केही विद्यार्थीले विद्यावारिधि पनि गरेका छन् । उनीहरूले आफ्नो क्षेत्रमा राम्रो काम गरिरहेका छन् । उनीहरूसँग बेलाबेला कुराकानी पनि भइरहेकै हुन्छ ।

# अमेरिकी सहायताबिना युक्रेनले रुसी आक्रमण थेग्ला ?

**तीन वर्षदेखि अमेरिकाले युक्रेनमा हवाई रक्षा प्रणाली, ड्रोन, रकेट लन्चर, राडार, ट्यांक र एन्टी-आर्मर हतियारलगायतका विशिष्ट उपकरणहरू पठाइरहेको थियो**



तस्बिर : युक्रेनी आपत्कालीन सेवा/एपी

**रुसी सेनाले युक्रेनको दोनेत्स्क क्षेत्रमा शुक्रबार राति गरेको आक्रमणपछि भएको आगजनी निभाउने क्रममा फायरफाइटर ।**

**कान्तिपुर संवाददाता** (काठमाडौं)

अमेरिकासँग खनिज सम्झौताका लागि अमेरिका पुगेका युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीको गत साता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उपराष्ट्रपति जेडी भेन्ससँग चर्काचर्की नै पर्‍यो । जसका कारण दुई देशबीच हुने भनिएको 'रेयर अर्थ' सहितका युक्रेनी खनिजमा अमेरिकालाई पहुँच दिने सम्झौता भाँडियो ।

कुराकानीका क्रममा ट्रम्पले जेलेन्स्कीलाई तेस्रो विश्वयुद्ध निम्त्याउन चाहेको आरोप लगाएपछि दुई पक्षबीच असहज अवस्था उत्पन्न भयो । ओभल अफिसमा जेलेन्स्कीसँगको चर्काचर्कीपछि राष्ट्रपति ट्रम्पले युक्रेनलाई दिँदै आएको सैन्य सहायता रोक्का गरिदिए । ओभल अफिसको तनावपछि अमेरिका-युक्रेन सम्बन्ध केही तनावपूर्ण देखिएको छ । तर राष्ट्रपति जेलेन्स्कीले भने युक्रेन अमेरिकासँग मिलेर अघि बढ्न चाहेको बताएका छन् । ट्रम्प सैन्यलगायत सहायता रोक्का गरे पनि युक्रेनका युरोपेली सहयोगीहरूले केही सातासम्म हालको लडाइँको गति कायम राख्न सक्ने ठानेका छन् । तर शान्ति वार्ताप्रति 'ट्रम्प रोडम्याप'मा जेलेन्स्कीको प्रतिबद्धता नआएसम्म भने युद्धविराम मात्रै होइन, अमेरिकी सहयोग पुनः सुरु हुने सम्भावना छैन । यस्तो अवस्थामा अमेरिकाले तीन वर्षसम्म गरेको सहायता र त्यसको स्थगनले युक्रेन युद्धमा भने प्रभाव पार्ने निश्चित छ ।

अमेरिका युद्धग्रस्त राष्ट्र युक्रेनका लागि सबैभन्दा ठूलो एकल दाता हो । युक्रेनले प्राप्त गरेकोमध्ये ४० प्रतिशतभन्दा बढी योगदान अमेरिकाले पुर्‍याएको छ । रुसले २०२२ फेब्रुअरी २४ मा आक्रमण सुरु गरेयता २०२४ डिसेम्बर ३१ सम्म करिब तीन वर्षमा अमेरिकाले युक्रेनलाई १ खर्ब २३ अर्ब अमेरिकी डलर सहयोग प्रदान गरेको छ । युक्रेनले प्राप्त गरेको युद्धकालीन सहायताबारे जानकारी संकलन गर्ने जर्मन थिंक ट्यांक 'किएल इन्स्टिच्युट फर द वर्ल्ड इकोनोमी' को तथ्यांकअनुसार अमेरिकाले प्रदान गरेकोमध्ये ५६ प्रतिशत अर्थात ६९ अर्ब डलर सैन्य सहायता हो ।

युक्रेनले युरोपेली संघबाट पनि उल्लेख्य सहयोग पाएको छ । संघका सदस्य राष्ट्रबाट पनि युक्रेनले मुख्यतः सैन्य र वित्तीय सहयोग पाएको छ । तर तीन वर्षमा युक्रेनको अमेरिकाबाट पाएको सैन्य सहायता लगभग आधा छ । तीन वर्षको अवधिमा युक्रेनलाई अमेरिकाले गरेको १ खर्ब २३.८ अर्ब बराबरको सहयोगमध्ये ६९ अर्ब सैन्य, ५१.१ अर्ब आर्थिक र ३.७ अर्ब मानवीय सहयोग छ । उक्त अवधिमा युरोपेली संघका राष्ट्रहरू १ खर्ब २१.७ अर्ब मात्र सहायता दिएका छन् । त्यसमा ५३.८ अर्ब सैन्य, ५६.१ अर्ब आर्थिक र ११.८ अर्ब मानवीय सहायता रहेको छ । ४२.९ अर्ब अन्य देशहरूले सहायता दिएका छन् ।

वैदेशिक सहयोगका कारण युक्रेनले ड्रोन र तोप लगायतका सैन्य उपकरणहरूको घरेलु उत्पादन विस्तार गरेको छ । यसै साता युक्रेनी प्रधानमन्त्री डेनिस स्मिहालले युक्रेनले आफ्नो रक्षाका लागि आवश्यक पर्ने कम्तीमा ३० प्रतिशत उपकरण र गोला बारुद उत्पादन गर्ने बताएको छ । राष्ट्रपति जेलेन्स्कीले पनि युक्रेनले आफ्नो रक्षाका लागि आवश्यकमध्ये ४० प्रतिशत सैन्य आपूर्ति अमेरिकाबाट हुँदै आएको र युरोपेली सहयोगीहरूको हिस्सा लगभग ३० प्रतिशत रहेको बताएका छन् । ट्रम्प प्रशासनले सैन्यलगायतका सहायता रोक्का गरेसँगै युक्रेनलाई युरोपेली देशहरूले सघाउने प्रतिबद्धता जनाएका छन् । गत मंगलबार युरोपेली संघले सदस्य राष्ट्रहरूलाई रक्षा खर्च बढाउन र युक्रेनलाई हतियार आपूर्ति गर्न १ खर्ब ५८ अर्ब डलर ऋण लिन अनुमति दिने योजनाको घोषणा गरेको छ ।

तीन वर्षको अवधिमा अमेरिकाले युक्रेनमा हवाई रक्षा प्रणाली, ड्रोन, रकेट लन्चर, राडार, ट्यांक र एन्टी-आर्मर हतियारलगायतका विशिष्ट उपकरणहरू पठाएको छ । रुसले आफ्नो पूर्ण स्तरीय आक्रमण सुरु गर्ने तयारी गरेसँगै अमेरिकाले २०२१ अगस्टदेखि 'प्रेसिडेन्सियल ड्रडाउन अथोरिटी' अन्तर्गत युक्रेनलाई सैन्य उपकरणहरू आपूर्ति गर्दै आएको छ । यो संयन्त्रले राष्ट्रपतिलाई अमेरिकाको सैन्य मौज्दातबाट युक्रेनका लागि सिधै आवश्यक उपकरणहरू पठाउन अनुमति दिन्छ । अमेरिकी विदेश मन्त्रालयको एक प्रतिवेदनअनुसार अमेरिकाले युक्रेनका लागि लगभग ३१ अर्ब ७ करोड अमेरिकी डलर मूल्यका सैन्य सहायता प्रदान गर्न ५५ 'प्रेसिडेन्सियल ड्रडाउन अथोरिटी' को प्रयोग गरेको छ ।

सीएनएनका अनुसार एक युक्रेनी अधिकारीले यो सहायताको प्रवाह रोक्नु युक्रेनका लागि विनाशकारी हुन सक्ने बताएका छन् । आगामी मे वा जुनसम्ममा युक्रेनका महत्त्वपूर्ण तोपलगायतका हतियारहरू समाप्त हुने उनको भनाइ छ । त्यसको पूर्ति गर्न युरोपेली संघले केही मद्दत गर्न सक्छ । तर त्यहाँ केही चिजहरू छन्, जुन अमेरिकाले मात्र प्रदान गर्न सक्छ । उदाहरणका लागि युक्रेनका लागि रुसी बलिस्टिक क्षेप्यास्त्रको सामना गर्न विशिष्ट रूपमा प्रभावकारी सावित भएको 'प्याट्रिओट एअर डिफेन्स प्रणाली'को अभाव खट्किनेछ । यो प्रणाली र यसका क्षेप्यास्त्रहरूको इजाजतपत्र र उत्पादन अमेरिकाले नियन्त्रण गर्छ ।

एक युक्रेनी अधिकारीले मंगलबार सीएनएनलाई बताएअनुसार किभको 'प्याट्रिओट एअर डिफेन्स प्रणाली'को क्षेप्यास्त्र केही साताभित्रै सकिने जनाएका छन् । यद्यपि युक्रेनसँग कति क्षेप्यास्त्र बाँकी छन् र अमेरिकाले दिएकामध्ये बाटोमा हतियार भए/नभएको स्पष्ट छैन । ठूला हतियार आपूर्तिमा भने अमेरिकाले युरोपलाई पछि पारेको देखिन्छ । युक्रेनलाई अमेरिकाले सबैभन्दा धेरै होविट्जर तोप, जमिनबाट हावामा प्रहार गर्ने क्षेप्यास्त्र प्रणाली र बहुप्रक्षेपण क्षेप्यास्त्र प्रणालीहरू दिएको छ । पोल्यान्डले सबैभन्दा धेरै ट्यांक आपूर्ति र प्रतिबद्धता जनाएको छ ।

तर अमेरिकाका कारण उत्पन्न कमी पूर्ति गर्न युक्रेनका युरोपेली सहयोगीहरूका लागि भने अत्यन्तै गाह्रो हुने निश्चित छ । सन् २०२३ मा युरोपेली संघका २७ सदस्य राष्ट्रहरू र बेलायतको कुल सैन्य खर्च करिब ३ खर्ब ८८ अर्ब थियो । तर अमेरिकाको भने त्यसको दोब्बर अर्थात् ९ सय १६ अर्ब खर्च गरेको थियो । स्टकहोम इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युटको तथ्यांकअनुसार अमेरिकाले सरकारी खर्चको ९ प्रतिशत रक्षा क्षेत्रका लागि छुट्याएको थियो, जुन उत्तर एट्लान्टिक सन्धि संगठन (नेटो)का सदस्य राष्ट्रहरूमध्ये सबैभन्दा बढी थियो ।

## रुसी आक्रमण तीव्र, युक्रेनमा कम्तीमा २३ जनाको मृत्यु

किभ/वासिङटन (एजेन्सी)- रुसले शुक्रबार राति र शनिबार बिहान गरेको आक्रमणमा परी कम्तीमा २३ जनाको ज्यान गएको छ । आक्रमणमा कम्तीमा ५० जना घाइते भएका युक्रेनी आपत्कालीन सेवाले जनाएको छ ।

दोनेत्स्क क्षेत्रमा शुक्रबार राति रुसी सेनाले गरेको आक्रमणमा २० जनाको ज्यान गएको हो । ४३ जना घाइते भएका दोनेत्स्क क्षेत्रका प्रमुख भ्याडिम फिलास्किनले बताए । उनका अनुसार आक्रमणमा कम्तीमा ८ आवासीय र एक प्रशासनिक भवन क्षतिग्रस्त भएका छन् । त्यस्तै, शनिबार बिहान बोगोदुखिभ सहरमा भएको ड्रोन आक्रमणमा परी ३ जनाको ज्यान गएको खार्किभ क्षेत्रका सैन्य प्रमुख ओलेग सिनेगुबोभले जनाएका छन् । आक्रमणमा ७ जना घाइते भएको उनले बताए ।

रुसले प्रहार गरेका ३१ ड्रोनलाई प्रतिरक्षा प्रणालीले निष्क्रिय पारेको युक्रेनी रक्षा मन्त्रालयले जनाएको छ । मन्त्रालयले दक्षिणी रुसको क्रास्नोडार क्षेत्रमा २६ र ब्रायान्स्कको सीमावर्ती क्षेत्रमा तीन वटा ड्रोनलाई रोकिएको जनाएको हो । एउटा ड्रोन लेनिनग्राडमा र मस्कोको उत्तर-पूर्वमा रहेको यारोस्लाभल सहरमा एक/एक ड्रोन निष्क्रिय पारेको मन्त्रालयको भनाइ छ ।

युक्रेन युद्ध अन्त्यका लागि अमेरिका र युक्रेनबीच साउदी अरबमा हुन लागेको वार्ताको केही दिनअघि रुसले आक्रमण तीव्र पारेको हो । पछिल्ला केही दिनयता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुस-युक्रेन युद्ध अन्त्य गर्न दुवै देशमाथि दबाब बढाएको ठानिएको छ । ट्रम्पले रुसमाथि ठूलो मात्रामा प्रतिबन्ध र कर लगाउनेबारे 'दृढतापूर्वक विचार गरिरहेको' बताएलगत्तै रुसले आक्रमण तीव्र पारेको हो । रुसले युद्धको मैदानमा युक्रेनलाई पूर्ण रूपमा 'प्रहार' गरिरहेको ट्रम्पको भनाइ छ ।

वार्ताका लागि दबाब दिने उद्देश्यले अमेरिकाले युक्रेनको उपग्रह तस्बिरमा पहुँच सीमित पारेको बीबीसीले जनाएको छ । अमेरिकामा रहेको म्याक्सार कम्पनीले विभिन्न सरकार र कम्पनीहरूलाई उपग्रह तस्बिरहरू प्रदान गर्ने सम्झौता गरेको छ । तीमध्ये एक 'ग्लोबल इनहान्स्ड जियोइन्ट डेलिभर (जीईजीडी) कार्यक्रमले प्रयोगकर्तालाई अमेरिकी सरकारले संकलन गरेको उच्च गुणस्तरका तस्बिरमा पहुँच दिन्छ । 'अमेरिकी सरकारले जीईजीडीमा युक्रेनी पहुँच अस्थायी रूपमा निलम्बन गर्ने निर्णय गरेको छ,' म्याक्सारले भने, 'प्रत्येक ग्राहकले त्यो डेटा कसरी प्रयोग र साझेदारी गर्छन् भन्नेबारे आफैं निर्णय लिन्छन् ।'

अमेरिकी रक्षा मन्त्रालयअन्तर्गतको 'नेसनल जियोस्पाटियल इन्टेलिजेन्स एजेन्सी' ले युक्रेनलाई समर्थन गर्दै आएको प्रशासनको निर्देशानुसार अस्थायी रूपमा सेवा निलम्बन गरिएको पुष्टि गरेको बीबीसीले जनाएको छ । सेनालाई प्रतिद्वन्द्वीहरूबारे गुप्तचर जानकारी संकलन गर्न अनुमति दिने उपग्रह तस्बिरहरू युद्धका लागि महत्त्वपूर्ण सामग्री हुन् । त्यसअघि ट्रम्प प्रशासनले युक्रेनलाई दिँदै आएको सैन्य तथा गुप्तचर सहायता रोकेको थियो । गत साता अमेरिकी राष्ट्रपति कार्यालय ह्वाइट हाउसको ओभल अफिसमा चर्काचर्की भएलगत्तै अमेरिकी राष्ट्रपति ट्रम्पले युक्रेनमाथिको सैन्य सहायता रोकेका थिए ।

**रुसले दोनेत्स्क क्षेत्रमा शुक्रबार राति र शनिबार बिहान झन्डै तीन दर्जन ड्रोन प्रहार गर्दा कम्तीमा ५० जना घाइते**

यसअघि अमेरिकी राष्ट्रपति ट्रम्पले रुसमाथि नयाँ प्रतिबन्ध र आयात कर लगाउनुपर्ने विषयमा गम्भीरतापूर्वक विचार गरिरहेको बताएका थिए । 'रुस युद्ध क्षेत्रमा युक्रेनमाथि कडा प्रहार गरिरहेको छ । यस तथ्यका आधारमा जबसम्म युद्धविराम र अन्तिम रूपमा शान्ति सम्झौता हुँदैन, म ठूलो स्तरमा रुसमाथि बैंकिङ प्रतिबन्ध र ट्यारिफ लागू गर्नका लागि गम्भीरताका साथ विचार गरिरहेको छु,' ट्रम्पले सामाजिक सञ्जाल ट्रुथमा लेखेका थिए । तर शुक्रबार उनले शान्ति सम्झौताका लागि रुसको तुलनामा युक्रेनसँग काम गर्न कठिन भएको प्रतिक्रया दिए । 'उहाँ रुसी राष्ट्रपति भ्लादिमिर पुटिनमाथि विश्वास गर्नुहुन्छ । मलाई वास्तवमै युक्रेनसँग सम्झौता गर्न गाह्रो लाग्छ र उनीहरूसँग कुनै विकल्प छैन । रुससँग सम्झौता गर्न सजिलो हुन सक्छ,' अमेरिकी राष्ट्रपतिले शुक्रबार पत्रकारहरूसँग भने ।

'रुसले अहिले युद्धभूमिमा युक्रेनलाई पूर्णरूपमा आक्रमण गरिरहेको छ । म युद्धविराम र शान्ति सम्झौतामा पुग्न नसकेसम्म रुसमाथि ठूलो मात्रामा बैंकिङ प्रतिबन्ध तथा नाकाबन्दी लगाउने बारेमा दृढतापूर्वक विचार गरिरहेको छु,' ट्रम्पले आफ्नो सामाजिक सञ्जाल ट्रुथमा लेखेका थिए, 'रुस र युक्रेन अब वार्ताको टेबलमा आउनुहोस् ।'

यद्यपि पुटिनले युद्ध अन्त्य गर्न चाहेको ट्रम्पको भनाइ छ । पुटिनको ठाउँमा अन्य जोकोही भए पनि युक्रेनमाथि उस्तै कदम चाल्नेमा आफू विश्वस्त रहेको ट्रम्पको दाबी छ । 'पुटिनले उनीहरूलाई पहिलेभन्दा कडा प्रहार गरिरहेका छन् । तर रुसी नेता युद्ध समाप्त गर्न चाहन्छन्,' ट्रम्पले भने ।

नेसनल इकोनोमिक काउन्सिलका निर्देशक केभिन हयासेटले भने ट्रम्पको धम्की कूटनीतिक रणनीतिको एक हिस्सा भएको बताउँछन् । 'राष्ट्रपति ट्रम्प सबैलाई वार्ताको टेबलमा ल्याउनुपर्छ भन्नेमा अडिग हुनुहुन्छ । उहाँले सबैसँग कुरा गर्दै हुनुहुन्छ,' हयासेटले भने । युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले भने युक्रेन सकेसम्म चाँडो शान्तिका लागि तयार रहेको बताएका छन् । 'हरेक दिनका रुसी आक्रमण र वास्तविकताले रुसलाई युद्ध रोक्न, वास्तविक कूटनीतिमा, सुरक्षाको ग्यारेन्टी गर्न, भरपर्दो र दिगो शान्तिका लागि रुसलाई बाध्य पार्नुपर्छ,' उनले भनेका छन् ।

युक्रेनी सांसद र नेटोका युक्रेनी प्रतिनिधिमण्डलका अध्यक्ष यहोर चेर्निएभले युक्रेन शान्तिका लागि तयार रहेको तर त्यसका लागि जुनसुकै मूल्य चुकाउन तयार नभएको प्रतिक्रिया दिएका छन् । 'हामीले आक्रमणकारी को हो र पीडित को हो भन्ने कहिल्यै पनि बिर्सनु हुँदैन । पीडितले आत्मसमर्पण गर्ने र हार मान्ने अपेक्षा गर्नु अनुचित हो,' उनले बीबीसीसँग भनेका छन्, 'हामी तीन वर्षदेखि एक विशाल देशविरुद्ध लडिरहेका छौं । हामी आफ्नो सुरक्षा गर्न सक्छौं ।' अमेरिका युक्रेनको रणनीतिक साझेदार भएको र युक्रेनले शान्ति सम्झौतामा पुग्न काम गरिरहेको उनको भनाइ छ ।


# भावपूर्ण श्रद्धाञ्जली

जन्मः
२००४ माघ १ गते



स्वर्गारोहणः
२०८१ फाल्गुण १३ गते

**(स्व.राज्यलक्ष्मी जोशी)**

हाम्री प्रातः स्मरणीय **राज्यलक्ष्मी जोशी**को स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछौं । उहाँ सदै हाम्रो अनन्त स्मृतिमा रहिरहनु हुनेछ ।

साथै यस पिडादायी घडीमा हामीप्रति सहानुभूति एवं समवेदना व्यक्त गर्नुहुने सम्पूर्ण आफन्तजन, शुभेच्छुक एवं मित्रहरू प्रति हार्दिक आभार प्रकट गर्दछौं ।

**श्रीमान् रुद्र नारायण जोशी**

**छोरा/बुहारीः**
डा.सगुन नारायण जोशी/श्वेता जोशी

**छोरी/ज्वाईः**
सविना जोशी (राजभण्डारी) / संजिब राजभण्डारी

**नाति/नातिनीहरुः**
आयुष जोशी/इविता जोशी
स्वर्णिम राजभण्डारी

**भाई/बुहारीहरुः**
श्रीमती रेणुका जोशी
श्रीमान्/श्रीमती सुन्दर नारायण जोशी
श्रीमान्/श्रीमती भगत नारायण जोशी
श्रीमान्/श्रीमती कपिल नारायण जोशी

**तथा**

**सम्पूर्ण जोशी परिवार**



# हार्दिक श्रद्धान्जली



**जन्मः**
**२०१२-२-१७**

**मृत्युः**
**२०८१-११-१३**

**स्व. श्री विश्व विजय लाल रञ्जित**

**पठाओ नेपालका निर्देशक श्री जेनिश रञ्जितका पूजनीय बुवा श्री विश्व विजय लाल रञ्जितको ६९ वर्षको उमेरमा स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्दछौं। साथै, शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।**

**समस्त पठाओ नेपाल परिवार**

विदेशी मूद्रा

| | |
|---|---|
| अमेरिकी डलर | १३९.३० |
| युरो | १५१.१४ |
| पाउन्ड स्टर्लिङ | १७९.९५ |
| अस्ट्रेलियन डलर | ८७.७८ |
| कतारी रियाल | ३८.२२ |


राष्ट्र बैंकको आधारमा

सुन रू. १,७०,२००

चाँदी रू. १,९९०

# १० महिनामा दोब्बरभन्दा धेरै पुगे टुजी प्रयोगकर्ता

## गत वैशाखमा १४ लाख ७१ हजारले टुजी ब्रोडब्यान्ड इन्टरनेट चलाउने गरेकामा माघसम्ममा त्यस्ता प्रयोगकर्ताको संख्या ३२ लाख ६५ हजार पुगेको छ



**सजना बराल** (काठमाडौं)

पछिल्लो १० महिनामा टुजी ब्रोडब्यान्ड इन्टरनेट सेवा प्रयोग गर्नेको संख्या दोब्बरभन्दा धेरैले बढेको छ । गत वैशाखमा १४ लाख ७१ हजारले टुजी चलाउने गरेकामा माघमा आइपुग्दा देशभर ३२ लाख ६५ हजारभन्दा धेरैले यस्तो सेवा लिएको नेपाल दूरसञ्चार प्राधिकरणले जनाएको छ । नेपालमा इन्टरनेट सेवा प्रविधि फोरजी र फाइबर (एफटीटीएच) मा रूपान्तरण भइरहे पनि टुजी प्रयोगकर्ताको संख्या आश्चर्यजनक रूपमा बढिरहेको प्राधिकरणको तथ्यांकले देखाउँछ ।

प्राधिकरणको एमआईएस रिपोर्टअनुसार माघमा टुजी प्रयोगकर्ताको संख्या ३२ लाख ६५ हजार ४०१ थियो । यो भनेको इन्टरनेट सेवा प्रयोग गर्नेमध्ये ११.२० प्रतिशतले अझै पनि टुजी चलाउँछन् भन्ने हो । हाल नेपालमा ब्रोडब्यान्ड प्रविधि प्रयोग गर्नेको संख्या देशको जनसंख्याभन्दा धेरै ४ करोड २७ लाख ६४ हजार १६९ र इन्टरनेट पेनिट्रेसन १४६.६३ प्रतिशत छ । यसमध्ये सबैभन्दा धेरै २ करोड ५१ लाख ९७ हजार (८६.४० प्रतिशत) ले फोरजी सेवा प्रयोग गर्छन् ।

टुजी र फोरजी प्रयोगकर्ता तलमाथि हुँदा थ्रीजी प्रयोगकर्ताको संख्या भने पछिल्ला महिनामा स्थिर देखिएको छ । कात्तिकयता नेपालमा थ्रीजी प्रयोगकर्ताको संख्या ९/१० लाख हाराहारी रहँदै आएको छ । गत वैशाखमा भने झन्डै ७२ लाख थ्रीजी प्रयोगकर्ता रहेकामा असोजमा स्वाट्टै घटेर ४ लाख २० हजारमा सीमित भएको प्राधिकरणको तथ्यांक छ । त्यसयता थ्रीजी प्रयोगकर्ताको संख्या उल्लेख्य बढ्न सकेको छैन ।

नेपालको मोबाइल इन्टरनेट क्षेत्रमा प्रमुख हिस्सा ओगटेको फोरजी सेवाका प्रयोगकर्ताको संख्या गएको वैशाखमा २ करोड १९ लाख ८२ हजार रहेकामा माघमा २ करोड ५१ लाख ९७ हजार पुगेको छ । यसको अर्थ १० महिनामा ३२ लाख १५ हजारभन्दा धेरै फोरजी चलाउनेहरू थपिएका छन् ।

छिमेकी भारतलगायत देशमा कुल प्रयोगकर्ताको ६० प्रतिशतभन्दा बढी फाइभजीमा आबद्ध भइसकेका बेला नेपालमा भने टुजीको आकर्षण कायम रहेको हो । भारतमा टुजी चलाउनेको संख्या २५ देखि ३० करोड रहे पनि यो संख्या दुई-तीन वर्षदेखि स्थिर छ । नेपालमा भने टुजी चलाउने बढेका हुन् । फाइभजीका लागि परीक्षण गर्ने जिम्मेवारी पाएको नेपाल टेलिकमले यसमा कुनै प्रगति हासिल गर्न सकेको छैन ।

विज्ञका अनुसार प्रयोगकर्ताहरू टुजीबाट सिधै फोरजीमा गइरहेका छन् । थ्रीजी फेज आउज (प्रयोगबाट हट्ने) चरणमा पुगेकाले यसमा सेवा प्रदायकले लगानी गर्नुको औचित्य कम हुँदै गएको कतिपयको राय छ । टुजी सस्तो र सर्वसुलभ हुनुका साथै फोरजी नपुगेका ग्रामीण क्षेत्रहरूमा यो नै प्रमुख इन्टरनेटको माध्यम छ ।

विश्वभर मोबाइल इन्टरनेट सेवा प्रदायकहरू थ्रीजी नेटवर्क हटाउँदै फोरजी र फाइभजी सेवा विस्तारमा लागेका छन् । नेपालमा भने सरकारी स्वामित्वको नेपाल टेलिकमले १८०० मेगाहर्ज ब्यान्डमा सञ्चालन भइरहेको टुजी सेवा बन्द गर्ने घोषणा गरेको छ । कम्पनीले यसै आर्थिक वर्षभित्रमा टुजी सेवा बन्द गर्ने योजना रहेको जानकारी दिएको हो ।

अघिल्लो महिना टेलिकमको २१औं वार्षिकोत्सवका अवसरका आयोजित कार्यक्रममा कम्पनीकी प्रबन्ध निर्देशक संगीता पहाडीले टुजी सेवा बन्द गर्नेबारे बताएकी थिइन् । टेलिकमले प्रविधि रूपान्तरण तथा गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्यले फोरजीको विस्तारमा प्राथमिकता दिँदै टुजी सेवालाई विस्थापन गर्न लागेको हो । हालसम्म देशका ७७ जिल्लाका ७४४ पालिकामा नेपाल टेलिकमको फोरजी सेवा पुगिसकेको प्रबन्ध निर्देशक पहाडीको भनाइ थियो ।

माघमा नेपाल टेलिकमका थ्रीजी प्रयोगकर्ताको संख्या ७ लाख ८२ हजार ३ सय र फोरजी प्रयोगकर्ताको संख्या १ करोड ३३ लाख ७४ हजार ६ सय ९१ थियो । सोही महिना निजी स्वामित्वको एनसेलका थ्रीजी प्रयोगकर्ताको संख्या १ लाख ३८ हजार ५ सय ६१ र फोरजी प्रयोगकर्ताको संख्या १ करोड १८ लाख २२ हजार ३५० रहेको प्राधिकरणको तथ्यांकमा उल्लेख छ ।

### कुन महिना कति प्रयोगकर्ता ?

| महिना | प्रयोगकर्ता संख्या | प्रयोग प्रतिशत |
|---|---|---|
| वैशाख | १४,७१,९९५ | ५.०५ |
| जेठ | १४,६६,७७० | ५.० |
| असार | १४,५८,९८६ | ५ |
| साउन | ४४,१६,९८८ | १५.१५ |
| भदौ | ४३,०३,९५४ | १४.४७ |
| असोज | ५९,७०,८०७ | २०.४७ |
| कात्तिक | ३५,२८,४८२ | १२.१० |
| मंसिर | ३४,८१,०७५ | ११.९४ |
| पुस | ३३,६२,२९६ | ११.५३ |
| माघ | ३२,६५,४०१ | ११.२० |

स्रोत : नेपाल दूरसञ्चार प्राधिकरण

**प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट पुनरावलोकन**

# संघ र प्रदेशको रोयल्टी घट्यो, स्थानीय तहको बढ्यो

## राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले रोयल्टी बाँडफाँटको सीमा परिमार्जन गरेर कार्यान्वयनका लागि अर्थ मन्त्रालयमार्फत सरकारलाई गऱ्यो सिफारिस

**यज्ञ बञ्जाडे** (काठमाडौं)

प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी नेपाल सरकार (संघ), सम्बन्धित प्रदेश र स्थानीय तहमा बाँडफाँट गरिने विद्यमान व्यवस्था परिमार्जन भएको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले रोयल्टी बाँडफाँटको सीमा परिमार्जन गरेर कार्यान्वयनका लागि अर्थ मन्त्रालयमार्फत सरकारलाई सिफारिस गरेको छ । उक्त सिफारिस मन्त्रिपरिषद्बाट पारित भएर राजपत्रमा प्रकाशित भएपछि कार्यान्वयनमा आउनेछ ।

नयाँ व्यवस्थाअनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीमध्ये संघ र प्रदेशले प्राप्त गर्ने रोयल्टी घटाइएको छ भने प्रदेशले प्राप्त गर्ने रोयल्टी बढाइएको छ । हाल प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी नेपाल सरकारले ५०, प्रदेशले २५ र स्थानीय तहले २५ प्रतिशत अनुपातका आधारमा बाँडफाँट गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ मा हरेक पाँच वर्षमा आयोगको सिफारिसमा सरकारले रोयल्टी बाँडफाँटको अनुपात परिमार्जन गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाअनुसार आयोगले यो व्यवस्था परिमार्जन गरेर बाँडफाँटको नयाँ अनुपात कायम गरेको हो ।

अन्तरसरकारी वित्त व्यस्थापन ऐन २०७४ मा पर्वतारोहण, विद्युत्, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोत गरी पाँच प्रकारले वर्गीकरण गरिएको छ । सबै प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीमध्ये ५० प्रतिशत नेपाल सरकार, २५ प्रतिशत सम्बन्धित प्रदेश र २५ प्रतिशत स्थानीय तहले पाउने व्यवस्था छ । आयोगले उक्त व्यवस्था परिमार्जन गरेर कार्यान्वयनका लागि सरकारलाई सिफारिस गरेको हो । यसअनुसार अब पर्वतारोहणबाट प्राप्त रोयल्टीमा केन्द्रले ४९, प्रदेशले २४ र स्थानीय तहले २७ प्रतिशत बाँडफाँट गर्नुपर्नेछ । विद्युत् अन्तर्गत प्रसारणलाइन प्रभाव व्यवस्थापनतर्फ (विद्युत् रोयल्टीको २० प्रतिशत अंश) को रोयल्टीमा शतप्रतिशत स्थानीय तहको अधिकार रहनेछ । तर प्रसारण लाइनबाहेक अन्य प्रभाव व्यवस्थापनतर्फ (विद्युत् रोयल्टीको ८० प्रतिशत अंश) केन्द्रले ४६, प्रदेशले २४ र स्थानीय तहले ३० प्रतिशत बाँडफाँट गर्नुपर्नेछ ।

वनलाई पनि राष्ट्रिय वन र संरक्षित क्षेत्र गरी दुई भागमा विभाजन गरिएको छ । राष्ट्रिय वनबाट प्राप्त रोयल्टीमा केन्द्रको २३, प्रदेशको ४८ र स्थानीय तहले २९ प्रतिशत बाँडफाँट गर्नुपर्नेछ । संरक्षित क्षेत्रअन्तर्गत केन्द्रले ४८, प्रदेशले २२ र स्थानीय तहले ३० प्रतिशत बाँडफाँट गर्नुपर्नेछ ।

खानी तथा खनिजबाट प्राप्त रोयल्टीमध्ये केन्द्रले ४१, प्रदेशले २७ र स्थानीय तहले ३२ प्रतिशत बाँडफाँट गर्नुपर्नेछ । पानी तथा अन्य प्राकृतिक स्रोतलाई पनि रेडियो फ्रिक्वेन्सी र अन्य (माथि उल्लिखित बाहेकका प्राकृतिक स्रोतको हकमा) गरी दुई प्रकारको विभाजन गरिएको छ । यसअनुसार रेडियो फ्रिक्वेन्सीबाट प्राप्त रोयल्टीमध्ये केन्द्रले ५५, प्रदेशले २१ र स्थानीय तहले २४ प्रतिशत बाँडफाँट गर्नुपर्नेछ । अन्य स्रोतअन्तर्गत केन्द्रले ५०, प्रदेशले २५ र स्थानीय तहले २५ प्रतिशत बाँडफाँट गर्नुपर्नेछ ।

ऐनको व्यवस्थाअनुसारको अधिकार प्रयोग गरी राष्ट्रिय प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँटको सीमा पुनरावलोकन गरेर कार्यान्वयनका लागि पठाइएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेलले जनाए । प्राकृतिक स्रोतलाई केवल रोयल्टी प्राप्तिको माध्यमका रूपमा मात्र नहेरी यसको वातावरणमैत्री उपयोगमार्फत हुने र आउन सक्ने नकारात्मक प्रभावलाई कम गरी दिगो संरक्षण एवं व्यवस्थापन गर्न तीन तहका सरकारलाई जिम्मेवार र जवाफदेही बनाउनसमेत आवश्यक रहेको उनले बताए । यसका लागि तहगत सरकारलाई संवैधानिक र कानुनी जिम्मेवारीको परिधिभित्र अन्तरआबद्धित बनाउँदै निश्चित आधार र सूचकमा लाभ र अवसरको समन्यायिक वितरणलाई सूत्रबद्ध गर्ने प्रणालीको विकास र प्रयोग गरिएको उनले बताए ।

आयोगबाट गरिएको अध्ययन, संघ, प्रदेश तथा स्थानीय तहका सरोकारवालासँगको छलफल, अन्तर्क्रिया र परामर्शका आधारमा समेत विद्यमान संरचना परिमार्जनका लागि प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँटको उद्देश्य, अन्तर्राष्ट्रिय सिद्धान्त, अभ्यास, मान्यता र विद्यमान संरचनाको अभ्यासलाई आधार लिइएको छ । 'प्राप्त सिकाइमा आधारित रहेर प्राकृतिक स्रोतको परिचालन, रोयल्टी संकलन तथा उपयोगमा संविधान र कानुनले तोकेको तहगत (संघ, प्रदेश र स्थानीय तह) अधिकार एवं जिम्मेवारी, त्यसअनुरूपको भूमिका एवं खर्च जिम्मेवारीको आयामलाई मुख्य मापदण्डका रूपमा आत्मसात् गर्दै देहायअनुसारका पाँच सूचक पहिचान गरी निर्धारण गरिएको छ,' अध्यक्ष पौडेलले भने ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ मा प्राकृतिक स्रोतको परिचालन गर्दा लिइने आधार तोकिएको छ । यसअनुसार राजस्वको अवस्था र उठाउन सक्ने क्षमता, लगानी गर्न सक्ने क्षमता, प्राप्त गर्ने उपलब्धिको हिस्सा, प्राप्त उपलब्धिको उपभोगको हिस्सा, पूर्वाधारको अवस्था र आवश्यकता, आर्थिक अवस्था र भौगोलिक बनोट छन् ।

प्राकृतिक स्रोतको परिचालनबाट प्राप्त हुने प्रतिफलको हिस्सा परिचालित प्राकृतिक स्रोतको अवस्थिति, प्राकृतिक स्रोतको परिचालनबाट प्रभावित क्षेत्र, परिचालित प्राकृतिक स्रोत उपरको निर्भरता, प्रतिफलबाट लाभान्वित जनसंख्या, प्राकृतिक स्रोतमा आश्रित जनसंख्या र प्राकृतिक स्रोतको संरक्षण र दिगो व्यवस्थापनमा सहभागिता छन् ।




**अब पर्वतारोहणबाट प्राप्त रोयल्टीमा केन्द्रले ४९, प्रदेशले २४ र स्थानीय तहले २७ प्रतिशत पाउने**

# काबेली-३ को उत्पादन चैत पहिलो सातादेखि

## परियोजना निर्माणको काम अन्तिम चरणमा

ताप्लेजुङ (कास)- २१.९३ मेगावाट क्षमताको काबेली-३ जलविद्युत् परियोजनाको उत्पादन चैत पहिलो साताभित्रै सुरु हुने भएको छ । सिरिजंघा गाउँपालिकामा उत्पादन गर्न लागिएको परियोजना निर्माणको काम अन्तिम चरणमा पुगेको आयोजनाले जनाएको छ ।

भौतिक संरचना निर्माणको काम सकिइसकेको आयोजनाका जनसम्पर्क अधिकृत मेघनाथ ढुंगानाले बताए । 'निर्माणको काम अन्तिम चरणमा पुगेको छ, आउँदो चैत पहिलो सातासम्म विद्युत् सुरु गर्ने तयारीमा छौं ।' यसको निर्माण काबेली हाइड्रोपावर कम्पनीले गर्दै आएको छ ।

चैत मसान्तभित्र सम्पन्न गर्ने गरी २०७९ माघदेखि काम सुरु भएको थियो । सिरिजंघा-५ पेदाङ, वडा ६ मामाङखे र वडा ७ खेबाङमा आयोजनास्थल छ । मामाङखे र खेबाङको सिमाना भएर बहने ओथम्मा गहिरी मुहानदेखि ५.१२८ किलोमिटर सुरुङमार्फत विद्युत् गृहमा पुऱ्याइएको छ । यहाँ उत्पादित बिजुली पाँचथरको हिलिहाङ गाउँपालिकामा रहेको नेपाल विद्युत् प्राधिकरणको १३२ केभीए अमरपुर सबस्टेसनमा जडान गरिनेछ ।

विद्युत् गृहदेखि ३१ वटा टावरमार्फत प्रसारण लाइनमा बिजुली पुऱ्याइने आयोजनाका वरिष्ठ इन्जिनियर सिद्धान्त थपलियाले जनाए । आयोजनाको कुल लागत ४ अर्ब २८ करोड ५० लाख रहेको ढुंगानाले बताए ।

एनएमबी, प्रभु र नबिल बैंक लिमिटेडको साझेदारीमा विद्युत् उत्पादन गरिएको हो । यही खोलाबाट यसअघि १३.५ मेगावाटको सुपर काबेली 'ए' र १२ मेगावाट क्षमताको सुपर काबेलीबाट उत्पादन सुरु भइसकेको छ ।

**CAREER OPPORTUNITY**

Sri Sathya Sai Shiksha Sadan is seeking applications from qualified & motivated full time candidates, one each for the following positions.

| | | |
|---|---|---|
| 1 | Vice - Principal | |
| 2 | English Teacher | Primary and Secondary level |
| 3 | Math Teacher | Primary and Secondary level |
| 4 | Computer Science Teacher | Primary and Secondary level |
| 5 | Grade Teacher | Primary level |
| 6 | Warden | For Boys Hostel |
| | | For Girls Hostel |
| 7 | Art and Craft Teacher | Part Time |
| 8 | Martial Arts Teacher | Part Time |

Educators with progressive teaching mindset for 21st century learners, may send their resume to sshikshasadan@gmail.com by 16th March, 2025.

Salary and benefits are negotiable; residential quarters could be provided to committed candidates.

ADMISSIONS OPEN FOR GRADES 1-9 FOR ACADEMIC YEAR 2082.
Entrance Exam on Chaitra 2, 2081 at 11 am. Scan the QR code to apply.

**Sri Sathya Sai Shiksha Sadan**
Tokha-3, Kathmandu, Nepal
01-5110208, 5110163, 9851329979

**URGENT VACANCY**

**Paradise International P. Ltd.**, is a pioneer and market leader in the field of **manpower recruiting buisness**. We are looking to extend our work scope in near future:

**PRO (Public Relation Officer)** (Male/Female - **10 Nos**)

**Desired Qualifications/Skills**

- Age above 25 years, Minimum Higher secondary (+2) level passed
- Must have English Fluency (Speaking / Reading / Writing),
- Should have Computer Knowledge, ability to arrange Online Interview if required so.
- **Should have ability & skill to source & deal with Professionals, Skilled, Hospitality Sector workers, Security guards & Academic degree holder candidates for Qatar & UAE**
- Should have wider link & coverage with many sub agents to source required quantity of candidates within short time
- Must have at least 2 years expereince in manpower industry

**Attractive Salary & Many More Benefits.**

Please send your updated CVs **within 7 days** at email: **info@paradise.com.np**

Only shortlisted ones will be called for Final Interview & selection.

**PARADISE** INTERNATIONAL P. LTD.
Bakhundol, Kupandol-10, Lalitpur
P: 01-5434042, 5422063

**Kalaiya Sub Metropolitan City**
**Office of Municipal Executive**
**Kalaiya, Bara**
**Madhesh Province, Nepal**

**Invitation for Online Bids**

Date of Publication: 2081/11/25 (09th Mar, 2025)

1. Kalaiya Sub Metropolitan City, Kalaiya, Bara invites electronic bids from eligible Nepalese bidders for the following works and consultancy:

| S.N. | Contract No. | Name of Contract | Cost of Bidding Documents NRs (Not refundable) | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|
| 1 | KSMC/NCB/ GOODS-05-081/82 | Supply and Delivery of Sanitary Pad | 3,000 | 118,400/ 120 days |
| 2 | KSMC/EOI/1-2081/82 | Integrated Solid Waste Processing and Management in Kalaiya Sub Metropolitan City | - | - |

For Further Details bidders are requested to visit our website www.kalaiyamun.gov.np or visit PPMO eGP System www.bolpatra.gov.np/egp.

The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

*Nathu Sah*
*Chief Administrative Officer*

# बर्खामा क्षति पुगेका संरचना मर्मतलाई छैन बजेट

## सात महिनासम्म विपद्ले क्षति पुऱ्याएका संरचना मर्मत र पुनर्निर्माण नहुँदा झनै जोखिम



तस्बिर : कान्तिपुर

**गत असार अन्तिम साताको वर्षामा भासिएको गोरखा बजार–नाम्जुङ सडकखण्डअन्तर्गत ढुंगाढेको पहिरो ।**

**हरिराम उप्रेती** (गोरखा)

गएको बर्खामा क्षति पुऱ्याएको सडक, कुलो र बाँध पुनर्निर्माण तथा मर्मत नहुँदा झनै जोखिम बढेको छ । सात महिनादेखि भासिएर जोखिमपूर्ण बनेको सडकको पहिरो नियन्त्रणको काम अझै अघि बढेको छैन । बजेट अभावका कारण बर्खाको बेला क्षति भएका संरचना मर्मत र पुनर्निर्माणको काम अघि बढाउन नसकिएको सरोकारवाला कार्यालयको भनाइ छ ।

गत असार र साउनको वर्षाका कारण गोरखा बजारदेखि नाम्जुङसम्मको सडकको आधा दर्जन ठाउँमा ठूला पहिरो खसेका छन् । सहिद लखन गाउँपालिका र वडा कार्यालयले पहिरो नियन्त्रणका लागि पटक-पटक पूर्वाधार कार्यालयमार्फत अनुरोध गर्दै आएको छ । गोरखा नगरपालिका र सहिद लखन गाउँपालिकाको सीमा क्षेत्र ढुंगाढेमा सामान्य वर्षामा पनि पहिरोले यातायात अवरुद्ध हुने जोखिम बढेको सहिद लखन-७ का वडाध्यक्ष शरण श्रेष्ठले बताए । 'बेसदेखि नै काम गर्ने हो भने यो पहिरो नियन्त्रण गर्न एक करोड लाग्छ,' उनले भने, 'अब पानी परे सडक नै अवरुद्ध हुन्छ, पहिरो नियन्त्रण गर्नुपऱ्यो भनेर कति पटक भन्यौं, कार्यालयले पैसा छैन भनेर काम नै अघि बढाएन ।'

ढुंगाढेको सडक छेउबाट पहिरो खस्न सुरु भएकाले सडक वैकल्पिक रूपमा खोल्नुपर्ने अवस्था देखिएको श्रेष्ठको भनाइ छ । असार अन्तिम साताको वर्षाले ढुंगाढे-बुंकोट-नाम्जुङ सडक खण्डअन्तर्गत वनकाली, मकैपुर डाडागाउँ, मकैपुर वसन्ते, जलकन्या खाला, नाम्जुङ डाँडामा पहिरो खसेको छ । त्यस्तै गोरखा बजार-ढुंगाढे सडक खण्डअन्तर्गत पनि ढुंगाढे चोक, गोरखा नगरपालिका-८ बराह, खोलखोले भीरमा खसेको पहिरोले जोखिम बढाएको छ । तत्काल पहिरो नियन्त्रण नगरे आगामी बर्खामा झनै जोखिम बढ्ने स्थानीय बताउँछन् । पहिरो नियन्त्रणका लागि करिब दुई करोड लागत अनुमानसहित गण्डकी प्रदेशको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयमा पठाइएको पूर्वाधार कार्यालय गोरखाका प्रमुख गणेश सुवेदीले जनाए । बजेट अभावले नै पहिरो नियन्त्रणको काम अघि बढाउन नसकिएको उनको भनाइ छ ।

> विपद्ले क्षति पुऱ्याएका योजनामा मात्र होइन, निर्माणाधीन योजनामा समेत बजेट अभाव

गत वर्षको वर्षाले भीमसेन थापा गाउँपालिका-१ गोलाइचे निवेल फाँट सिँचाइ नहर पूर्ण रूपमा क्षति पुगेको छ । नहरको दुई ठाउँमा ४० मिटर लाइनिङ भएको नहरको मर्मतका लागि १५ लाख रुपैयाँ लाग्ने जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले लागत अनुमान गरेको छ । सात महिना बित्दासम्म बजेट अभावले नहर मर्मत हुन सकेको छैन । बर्खाको बेला गोरखा नगरपालिका-१० छेवेटारस्थित सिर्दिखोलाको भेलले दुई हेक्टर धानबालीमा क्षति पुऱ्याएको थियो । उक्त स्थानमा तटबन्धका लागि एक करोड लाग्ने अनुमान गरिए पनि चालु आर्थिक वर्ष १० लाख मात्र बजेट रहेको कार्यालयका प्रमुख मिलन पौडेलले बताए । 'टालटुले कामभन्दा पनि प्राविधिक स्टमेट गरेर अघि बढ्दा दीर्घकालीन हुन्छ, तर बजेट अभावले काम अघि बढ्न सकेको छैन,' उनले भने ।

गत वर्षको वर्षात्ले जिल्लाभर ५७ वटा नहर, सिँचाइ कुलो, तटबन्धलाई क्षति पुऱ्याएको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयको भनाइ छ । तटबन्ध तथा कुलो र नहर मर्मत तथा पुनर्निर्माणका लागि ८ करोड १० लाख लाग्ने अनुमान छ । 'असारपछि क्षति पुऱ्याएकाले चालु आर्थिक वर्षको कार्यक्रममा समेट्न सकेनौं,' पौडेलले भने, 'विपद्ले क्षति पुऱ्याएको योजनाको मर्मत र पुनर्निर्माणका लागि बजेट नै छैन ।'

गत असोज १८ मा प्रदेश र जिल्ला विपद् व्यवस्थापन समितिलाई क्षतिसहितको विवरण पेस गरेको पौडेलले जनाए । 'प्रदेशको मन्त्रालयमा पनि क्षतिको विवरणसहित पठाएका छौं, अहिले बजेट अभाव छ, कोसिस गर्दै छौं भन्ने कुरा भएको छ,' उनले भने ।

विपद्ले क्षति पुऱ्याएको योजनामा मात्र होइन, निर्माणाधीन योजनामा समेत बजेट अभाव देखिएको छ । पूर्वाधार कार्यालयमार्फत ठेक्का लागेर काम भइरहेका १८ योजनामा पनि बजेट अभाव देखिएको कार्यालयले जनाएको छ । काम भइरहेका १३ सडक र ५ पुलको योजनामा बजेट अभाव रहेको कार्यालयका प्रमुख गणेश सुवेदीले बताए ।

अजिरकोट गाउँपालिकास्थित मुच्चोकटार-झ्याल्ला मन्दिर कुसुन्डे सडकको चार किलोमिटर सडक स्तरोन्नतिका लागि चालु आर्थिक वर्ष एक करोड ६४ लाख बजेट विनियोजन गरिएको छ । सात करोडमा ठेक्का लागेको सडकको ५० प्रतिशत काम पूरा भइसकेको सुवेदीले जनाए । 'चालु वर्ष आएको एक करोड ६४ लाख रकम ठेकेदारले लगिसके, डेढदेखि दुई करोड बराबरको काम भइसकेको छ, बाँकी कामअनुसारको भुक्तानी दिन सकेका छैनौं,' उनले भने, 'अन्य योजनाको पनि काम भएको बिल कार्यालयमा आइरहेको छ, पैसा नभएर भुक्तानी दिन सकिएको छैन ।'

नयाँ बहुवर्षीय योजनाका लागि तत्काल ९ करोड बजेट आवश्यक देखिएको सुवेदीले बताए । 'तत्काल चाहिने रकम र चालु आर्थिक वर्षको अन्त्यसम्म चाहिने दुई विकल्पसहित काम नरोकियोस् भनेर थप बजेट मागेका छौं,' उनले भने । सकिएका केही योजनामा पनि भुक्तानी दिन नसकिएको उनले जनाए । चालु आर्थिक वर्षमा नयाँ बहुवर्षीय योजनाका लागि २८ करोड र पुराना बहुवर्षीय योजनाका लागि ५८ करोड थप बजेट गण्डकी प्रदेश भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालयसँग मागिएको सुवेदीको भनाइ छ । बजेट प्राप्त भए केही योजना चालु आर्थिक वर्षभित्रै सम्पन्न हुने कार्यालयले बताएको छ ।

# फाप्लु एयरपोर्टमा 'रिफ्युलिङ सेन्टर' बनाइँदै

## सिजनमा पर्यटकलाई फाप्लु एयरपोर्टबाट लुक्ला लगिने

**भानुभक्त निरौला** (सोलुखुम्बु)



तस्बिर : भानुभक्त/कान्तिपुर

**फाप्लु विमानस्थलमा हवाई इन्धन केन्द्र राख्ने विषयमा स्थलगत अध्ययन गर्दै आयल निगमसहित सरोकारवालाको टोली ।**

मन्थली विमानस्थलको विकल्पका रूपमा लुक्ला जाने आधार एयरपोर्टका लागि फाप्लु विमानस्थलमा हवाई इन्धन केन्द्र 'रिफ्युलिङ सेन्टर' राखिने भएको छ । विश्वको सर्वोच्च शिखर सगरमाथा क्षेत्र जान लुक्लाका लागि मन्थलीबाट उडान हुँदै आएको छ । मौसम बिग्रँदा पर्यटकीय पूर्वाधारको अभावमा पर्यटकले सास्ती खेप्नुपरेको भन्दै सरोकारवालाले फाप्लु विमानस्थललाई आधार एयरपोर्ट बनाउने पहल थालेका हुन् ।

फाप्लुमा हवाई जहाजहरूका लागि 'रिफ्युलिङ सेन्टर' स्थापना गरी यहींबाट विदेशी पर्यटकलाई लुक्ला उडान गराउने योजना अघि बढाइएको हो । यसका लागि सोलुदूधकुण्ड नगरपालिका र निजी विमान कम्पनी तारा एयरले यसअघि नेपाल आयल निगममा निवेदन दिएका दिए । सोहीबमोजम 'रिफ्युलिङ सेन्टर' निर्माणका लागि सम्भाव्यता अध्ययनका क्रममा निगमको टोली फाप्लु आएर ३ महिनाभित्रै अस्थायी 'रिफ्युलिङ सेन्टर' राख्न सकिने बताएको छ ।

'हामीले एयरपोर्टसम्मको सडक सञ्जाल र जग्गाको उपलब्धता अध्ययन गरेका छौं,' निगमका उपनिर्देशक जगदीशचन्द्र यादवले भने, 'हामीले मन्थली एयरपोर्टमा राखे जस्तो अस्थायी संरचना तीन महिनाभित्र राख्न सक्छौं, स्थायी संरचनाका लागि भने अर्को आर्थिक वर्षमै बजेट व्यवस्था गर्नुपर्नेछ ।' सडक र अन्य दृष्टिकोणले फाप्लु विमानस्थलमा जहाजका लागि इन्धन डिपो बनाउन सम्भव रहेको उनको भनाइ छ ।

काठमाडौंबाट २ सय ६५ किलोमिटर दूरीको कालोपत्र सडकमा ८-९ घण्टाको यात्रामा पर्यटक फाप्लु आइपुग्न सक्छन् । मौसम बिग्रँदा पनि पत्ताले, सल्लेरी र फाप्लुमा पर्यटकलाई बासका लागि सुविधासम्पन्न होटल बनेका छन् । मन्थलीबाट लुक्ला पुग्न जहाजलाई २० मिनेट लाग्छ भने फाप्लुबाट लुक्ला ९ मिनेटमा पुग्न सकिन्छ । पर्यटकको सहजता र तल्लो सोलुको पर्यटन विकासका लागि पनि फाप्लु विमानस्थललाई लुक्लाको आधार एयरपोर्ट बनाइनुपर्ने माग राखिएको सोलुदूधकुण्ड नगरपालिकाका प्रमुख नाम्गेलजाङ्बु शेर्पाले बताए । 'मौसम बिग्रँदा लुक्ला जान नपाएर मन्थलीमा बासको अभावमा हजारौं पर्यटक अलपत्र पर्ने गरेका छन्, कम्तीमा फाप्लु बेस एयरपोर्ट भयो भने मौसम बिग्रेर उडान नहुँदा पनि गाडीमा ५-६ घण्टामै लुक्ला पुग्न सकिन्छ,' शेर्पाले भने ।

हवाई इन्धन सेन्टर स्थापना भएपछि फाप्लु विमानस्थल पर्यटकीय केन्द्र बन्ने पर्यटन व्यवसायीको विश्वास छ । यसले हिमाली पर्यटन प्रवर्द्धनमा नयाँ युगको सुरुवात हुने पर्यटनविद् बच्चुनारायण श्रेष्ठले बताए । 'तल्लो सोलुको पर्यटन प्रवर्द्धनमा पनि यो कार्यले ठूलो टेवा पुग्छ,' उनले भने । काठमाडौं विमानस्थलमा भएको अधिक चापका कारण पर्यटकीय सिजनमा भने विदेशीलाई लुक्लासम्म लैजान रामेछापको मन्थली विमानस्थल प्रयोग गरिँदै आएको छ ।

# भारतमा नेपाल महोत्सव गरिँदै




काठमाडौं (कास)- एभरेस्ट चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजले आगामी चैतमा भारतको नयाँदिल्लीमा तीनदिने नेपाल महोत्सव आयोजना गर्ने भएको छ । भारतका लागि नेपाली दूतावासको सहआयोजनामा हुने महोत्सव चैत २९, ३० र ३१ मा हुनेछ । कार्यक्रममा नेपालको व्यापार, पर्यटन, उद्योग, संस्कृति र व्यापारिक सम्भावना प्रस्तुत गरिने एभरेस्ट चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजका अध्यक्ष युवराज बरालले जनाए । महोत्सव ऐतिहासिक हुने उनको भनाइ छ ।

नेपाल महोत्सव २०२५ व्यावसायिक र सांस्कृतिक मञ्च रहेकाले यसमा उद्यमी, नीति निर्माता, लगानीकर्ता, सांस्कृतिक प्रेमी र सर्वसाधारणलाई एकसाथ ल्याउने जनाइएको छ । यसको मुख्य उद्देश्य भारत-नेपाल आर्थिक सहकार्य, पर्यटन प्रवर्द्धन र सांस्कृतिक आदानप्रदानलाई सशक्त बनाउनु रहेको आयोजकको भनाइ छ ।

महोत्सवमा इन्डो-नेपाल व्यापार तथा लगानी शिखर सम्मेलन, बिजिनेस टु बिजिनेस र बिजिनेस टु सरकारका नेटवर्किङ बैठक, पर्यटन तथा यात्रा प्रवर्द्धन पेभेलियनलगायत हुनेछन् । नेपालका संस्कृति, हस्तकला र व्यापार सम्भावनाबारे पनि छलफल गरिने आयोजकले बताएको छ ।

व्यापारिक जगत्का प्रमुख व्यक्तित्वसँग प्रत्यक्ष छलफल र साझेदारी गर्ने मौका र लगानीकर्ता तथा उद्यमीसँग प्रत्यक्ष सम्पर्क हुने इन्डस्ट्रिजका महासचिव मोहन कार्कीले जनाए । महोत्सवले व्यापार, उद्योग र सांस्कृतिक एकतालाई प्रवर्द्धन गर्ने उनको भनाइ छ । दुवै राष्ट्रका व्यवसाय तथा सांस्कृतिक सम्बन्धलाई महोत्सवले बलियो बनाउने उनले बताए ।

# बुटवलमा प्रसारण लाइनको मोनोपोल विस्तार तीव्र

**कान्तिपुर संवाददाता** (काठमाडौं)

बुटवल उपमहानगरपालिका-११ स्थित कालिकापथको योगिकुटी चोकदेखि होराइजन चोकसम्मको सडकखण्डमा प्रसारण लाइनको मोनोपोल राख्ने काम धमाधम भइरहेको छ ।

बुटवलबाट मोतीपुरतर्फको १३२ केभी डबल सर्किट प्रसारण लाइनको टावर (चार खुट्टा भएको) लाई हटाएर योगिकुटी-होराइजन चोक सडक खण्डमा मोनोपोल (एउटा मात्र खुट्टा) राख्न लागिएको हो ।

करिब एक किलोमिटर सडक खण्डको बीचमा रहेका चार टावरलाई हटाएर राखिने मोनोपोलको जग (फाउन्डेसन) निर्माण भइरहेको छ । फाउन्डेसनको काम १५ दिनभित्र सकिनेछ । मोनोपोल निर्माणस्थलमा आपूर्ति भइसकेको छ ।

उक्त सडक खण्डमा ३०/३० मिटरका दुई र ३२/३२ मिटरका दुई मोनोपोल जडान गरिनेछ । सञ्चालनमा रहेको प्रसारण लाइनलाई करिब १५ दिन बन्द (सटडाउन) गरेर मोनोपोल जडान गरिने नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । उक्त खण्डमा रहेका पुरानो टावर हटाइनेछ । तार (कन्डक्टर) पनि नयाँ प्रयोग गरिने प्राधिकरणले जनाएको छ ।

निर्माणस्थलको अनुगमन गरी गर्मी सुरु हुनुअघि नै मोनोपोल जडान गरिसक्न प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आग्रह गरे । गर्मी सुरु भएपछि बुटवल क्षेत्रमा बिजुलीको माग बढ्ने हुँदा प्रसारण लाइन सटडाउन दिन समस्या हुने भएकाले त्यसअघि नै काम सक्न घिसिङले बुटवल ग्रिड महाशाखालाई निर्देशन दिए ।

सडक र प्रसारण लाइन (तार) बीचको काम हुँदा सडकमा ठूला गाडीले लाइन छोए हुन सक्ने दुर्घटना अन्त्य गर्न योगिकुटी-होराइजन चोक सडकखण्डमा मोनोपोल राख्न लागिएको हो । हाल सडक र लाइनबीचको दूरी ६ मिटरभन्दा कम छ । मानोपोल राखिएपछि सडक र लाइनबीचको दूरी करिब नौ मिटर हुनेछ । प्रसारण लाइनको टावर हाल बीचमा हुँदा उक्त सडक खण्ड साँघुरो छ । हालको टावरको बेसमेन्टको व्यास करिब ८ मिटर छ । मोनोपोलको बेसमेन्टको व्यास करिब साढे दुई मिटर मात्र हुनेछ । यसले गर्दा सडक पनि फराकिलो हुने र मोनोपोल राखिएपछि हालको प्रसारण लाइनको मार्गाधिकार घट्ने भएकाले दायाँबायाँका घर पनि थप सुरक्षित हुनेछन् ।

> सडकका बीचमा रहेका चार टावर हटाएर राखिने मोनोपोलको जग निर्माण जारी

मोनोपोल निर्माणका लागि ३ करोड ६५ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको थियो । प्राधिकरणको लगानीमा निर्माण भइरहेको मोनोपोलको सम्पूर्ण काम अगामी जेठभित्र सम्पन्न गर्ने लक्ष्य छ ।



**पोखरा फाइनान्स लिमिटेडको नाममा रहेको सम्पत्ति (घर/जग्गा) गोप्य सिलबन्दी बोलपत्र मार्फत् बिक्रीको लागि पन्ध्र (१५) दिने सूचना**

यस वित्तीय संस्थाको नाममा दर्ता श्रेस्ता कायम रहेको तपसिल बमोजिमको सम्पत्ति बिक्रीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त सम्पत्ति जहाँ जे जस्तो अवस्थामा र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य सिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गरिने भएकोले इच्छुक सर्वसाधारण व्यक्ति वा संस्थाबाट के कति मूल्य तिरी लिने हो, सो मूल्य खुलाई यो सूचना प्रकाशित भएको मितिबाट १५ (पन्ध्र) दिन भित्र यस वित्तीय संस्थामा गोप्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । तपसिल बमोजिमको मिति, समय र स्थानमा बोलपत्र खोलिने हुँदा बोलपत्रदातालाई उपस्थित हुनुहुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । गोप्य सिलबन्दी बोलपत्र सम्बन्धी अन्य शर्तहरु तपसिलमा उल्लेख भए बमोजिम हुनेछन् ।

**बिक्री हुने सम्पत्तिको विवरण :**

| क्र.सं. | जिल्ला | म.न.पा | टोल/मार्ग | वडा नं. | सिट नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|
| १. | कास्की | पोखरा | नयाँबजार | ९ | ०९३०९२०२२ | १९ | २१०.५० व.मि. |
| २. | कास्की | पोखरा | नयाँबजार | ९ | ०९३०९२०२२ | २० | २७६.७५ व.मि. |
| ३. | कास्की | पोखरा | नयाँबजार | ९ | ०९३०९२०२२ | ५३ | १३७.७० व.मि. |

स्थलगत नक्सा




**बोलपत्र सम्बन्धी शर्तहरु :**

१) बोलपत्र फारम यस वित्तीय संस्थाको न्यूरोड, पोखरा स्थित केन्द्रीय कार्यालयबाट रु.३,०००/- (फिर्ता नहुने) गरी बुझाई प्राप्त गर्न सकिनेछ ।
२) सिलबन्दी बोलपत्र मिति २०८१/१२/१० गते दिनको ४:०० बजे भित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय, न्यूरोड पोखरामा पेश गर्नुपर्नेछ ।
३) आफूले सकार गर्न चाहेको जायजेथाको विवरण तथा आफूले कबोल गरेको रकम, अंक र अक्षरमा बोलपत्र फारममा प्रष्टसँग उल्लेख गरी संस्थामा दाखिला गर्नु पर्नेछ ।
४) आफूले कबोल गरेको रकमको ५ प्रतिशतले हुने धरौटी रकम वित्तीय संस्थामा जम्मा गरेको सक्कल भौचर वा भौचरको प्रमाणित प्रतिलिपि निवेदनका साथ पेश गर्नुपर्नेछ ।
५) बोलपत्रदाताले संस्थाबाट बिक्री हुने सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
६) बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
७) बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र आफूले कबुल गरेको सम्पूर्ण रकम बुझाई सुरक्षणमा रहेको अचल सम्पत्ति वित्तीय संस्थाबाट पारित गराई लिनु पर्नेछ । कथमकदाचित् उक्त ७ (सात) दिनभित्र कबुल गरेको सम्पूर्ण रकम जम्मा गरी उल्लेखित अचल सम्पत्ति जिम्मामा लिन असमर्थ रहेमा धरौटी स्वरुप जम्मा गरेको ५ (पाँच) प्रतिशत रकम फिर्ता हुने छैन, र वित्तीय संस्थाले पुनः सम्पत्ति विक्रीको लागि अर्को सूचना जारी गर्न सक्नेछ । यससँग सम्बन्धित अन्य शर्त तथा बन्देज लगायतका विस्तृत जानकारी बोलपत्र फारममा उल्लेख गरिएको छ ।
८) यो बोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८१/१२/११ गते सोमबार दिनको ४:०० बजे यस संस्थाको केन्द्रीय कार्यालय न्यूरोड, पोखरामा सरकारी प्रतिनिधिहरु समेतको रोहवरमा खोलिनेछ । कथम्कदाचित् उक्त दिन सार्वजनिक बिदाको दिन पर्न गएमा उक्त दिनको भोलिपल्ट सोही समयमा सिलबन्दी बोलपत्र खोलिनेछ ।
९) अधिकतम रकम कबोल गरी बोलपत्र पेश गर्ने व्यक्ति/संस्थालाई जायजेथा बिक्री गरिने छ, तर सो रकममा बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहनेछ ।
१०) सम्पत्ति सकार गरी नामसारी गर्दा लाग्ने मालपोत र राजश्व लगायत अन्य पास खर्च तथा दै-दस्तुरहरु खरिदकर्ता आवेदक स्वयंले नै व्यहोर्नु पर्नेछ ।
११) अन्य आवश्यक कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।
१२) बोलपत्र सम्बन्धी अन्य विस्तृत जानकारी चाहिएमा यस वित्तीय संस्थाको न्यूरोड स्थित केन्द्रीय कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**पोखरा फाइनान्स लिमिटेड**
**POKHARA FINANCE LIMITED**
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था
Since 2053 B.S.

केन्द्रीय कार्यालय : न्यूरोड, पोखरा-९, कास्की,
फोन: ०६१-५४४१३५, ५४४१३६
Email: info@pokharafinance.com.np
URL: www.pokharafinance.com.np



**POKHARA UNIVERSITY**
**Faculty of Management Studies**

**Announces the Admission open for MPhil/PhD in Management**

**(First Date of Application Announcement: 25/11/2081)**

**Eligibility:** A master's degree in management or economics from a recognized university along with the following specific qualifications.

i. Two years working experience for those who have passed Master Level with 3.00/4.00 CGPA or Second Division (55%);
ii. One year working experience for those who have passed Master Level with 3.30/4.00 CGPA or First Division;
iii. There will be no requirement of working experience for those who have passed Master Level with 3.75/4.00 CGPA or Distinction Division.

**Admission Process:** Admission to the MPhil/PhD program will be on merit basis based on total score (200) obtained from:

i. Entrance test (100), Interview (30), Statement of purpose (5) and Research synopsis (10), Academic achievement (40), Research publication (10) and work experience (5)

**Last Date for application form submission: 10/01/2082**

**Intake Size:** The intake size for the Mphil/PhD programme is 10 seats.

**For Application Forms and Further Information**
**Visit: https://pu.edu.np/academics/faculties/fms/phdadmission/**
**Email: phd.management@pu.edu.np**
**Contact no.: Member Secretary, Faculty Doctoral Committee (9846028499)**
**Admission Staff, PhD Center (9846142948)**

# विद्यालय शिक्षा ऐन जारी गर्न शिक्षकको माग

**कान्तिपुर संवाददाता** (काठमाडौं)

शिक्षकहरूले विद्यालय शिक्षा ऐन शीघ्र जारी गर्न माग राख्दै शनिबार काठमाडौंमा प्रदर्शन गरेका छन् । उनीहरूले माइतीघरदेखि बानेश्वरसम्म प्रदर्शन गरेर विगतमा सरकारसँग भएका सबै सहमति सम्बोधन हुने विद्यालय शिक्षा ऐन जारी गर्न माग गरेका हुन् ।

नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले शिक्षा ऐन शीघ्र जारी गर्न राज्यलाई दबाब दिने उद्देश्यसहित प्रदर्शन गरिएको जनाए । ऐन जारी गर्ने प्रक्रिया अघि नबढाए एसईई परीक्षापछि चैतमा देशभरका शिक्षकले काठमाडौं केन्द्रित आन्दोलन गर्ने चेतावनी उनले दिए । यसअघि नै महासंघले आन्दोलनको घोषणा गरेको थियो । महासंघले आन्दोलनको पहिलो चरणमा पालिका, जिल्ला र प्रदेश तहमा ध्यानाकर्षण पत्र बुझाउँदै विरोधसभा गरेको थियो । काठमाडौंको प्रदर्शनपछि राजनीतिक दलका पार्टी कार्यालयहरूमा दबाबपूर्ण धर्ना दिने जनाएको छ ।

संविधान संशोधन गरेर भए पनि शिक्षकसँग भएका विगतका सम्झौता र माग पूरा हुनुपर्ने सुवेदीले बताए । 'विद्यालय शिक्षा स्थानीय तहमा भन्दा पनि तीनै तहको सरकारको साझा अधिकार सूचीमा हुनुपर्छ, जुन संविधान संशोधनबाट मात्र टुंगो लाग्छ,' उनले भने, 'अहिलेलाई शिक्षकको सवाल समेटेर यही संसद् अधिवेशनमा विद्यालय शिक्षा विधेयक पारित गर्नुपर्छ ।' विद्यालय शिक्षा विधेयक १८ महिनादेखि प्रतिनिधिसभाअन्तर्गत शिक्षा, स्वास्थ्य तथा विज्ञान प्रविधि समितिमा विचाराधीन छ । विधेयकमाथि सैद्धान्तिक छलफल भए पनि दफाबार छलफल सुरु हुन सकेको छैन । स्वार्थ समूहका कारण विधेयक अघि बढ्न नसकेको सरोकारवालाले बताउँदै आएका छन् ।

सरकार र शिक्षक महासंघबीच २०७५, २०७८ र २०८० मा विभिन्न सहमति भएको छ । सहमति ऐन बन्दा कार्यान्वयन हुनुपर्ने शिक्षकको भनाइ छ । स्थायी, राहत, साविक उच्च मावि, शिक्षण सिकाइ अनुदान, अस्थायी, करार, प्राविधिक धार, विशेष शिक्षा, बाल शिक्षा, निजी विद्यालयका शिक्षालगायत विद्यालय कर्मचारीका माग र मुद्दा ऐनले सम्बोधन गर्नुपर्ने महासंघको माग छ ।

मागपत्रमा शैक्षिक प्रशासनमा शिक्षकको सहभागिता हुनुपर्ने, अध्ययनमा आर्थिक सहयोग दिने, शिक्षण काउन्सिल बनाउनुपर्ने, पेसा प्रवेशको उमेर ४० कायम गर्नुपर्ने, अभिभावकको नेतृत्वमा विद्यालय व्यवस्थापन समिति गठन हुने प्रावधान राख्नुपर्ने उल्लेख छ । यस्तै, जिल्लामा शिक्षा कार्यालय राख्नुपर्ने, शिक्षकको मर्यादाक्रम कायम गर्नुपर्ने, शिक्षक दरबन्दी स्थानीय तहमा हस्तान्तरण गर्न नहुने, बढुवा, तलब र ग्रेडको उचित व्यवस्था गरिनुपर्ने, शिक्षक पदपूर्तिको विज्ञापनमा २५ प्रतिशत आन्तरिक प्रतिस्पर्धालाई छुट्याउनुपर्ने, बालशिक्षकलाई प्राथमिक तृतीयमा परिणत गर्नुपर्ने र विद्यालय कर्मचारीलाई दरबन्दी व्यवस्था गर्नुपर्ने पनि माग गरेका छन् ।

## अस्ट्रेलियामा...

शब्दमालाले त सिड्नीमा मात्रै ८ वटा शाखा स्थापना गरिसकेको छ । अहिले दर्जनौंको संख्यामा अस्ट्रेलियाका हरेक राज्य तथा सहरमा यस्ता भाषा विद्यालय सञ्चालित छन् । यी पाठशालाले यहाँ हुर्कंदै गरेका नेपाली बालबालिकालाई नेपाली भाषा मात्र सिकाउँदैनन्, चाडपर्व, परम्परा, कलाशैली, संस्कृति, संगीत, नृत्यलगायतका आफ्ना पहिचानलाई हस्तान्तरणसमेत गर्दै आएका छन् ।

नेपालप्रतिको माया, प्रेम र रुचि यी पाठशालामा अध्ययन गर्न आउने बालबालिकाको आँखामा प्रस्ट देख्न सकिन्छ । उनीहरू यति उत्साहित देखिन्छन् कि कक्षा सुरु हुनुभन्दा आधा घण्टाअघि नै पाठशाला पुगिसकेका हुन्छन् । पाठशालामा आउने हरेक बालबालिकामा नेपालप्रतिको माया र भाषा संस्कृति सिकाइको मोह उत्तिकै देखिन्छ । नेपालको राष्ट्रिय गानबाट सुरु हुने सिकाइको क्रम कहिले गीत संगीत त कहिले नृत्यमा टुंगिन्छ । उनीहरू नेपालको राष्ट्रिय झन्डादेखि सगरमाथा र बुद्धसम्मको चित्र बनाइरहेका हुन्छन् । पूर्वको झापादेखि पश्चिमको महाकालीसम्मका कला संस्कृतिलाई चिन्ने प्रयत्नमा हुन्छन् उनीहरू ।

५ देखि १४ वर्षसम्मका बालबालिका यस्ता पाठशालामा अध्ययन गर्छन् । सानो उमेरदेखि नै नेपाली अक्षर चिनाउने र नेपालका बारेमा जानकारी गराउने विद्यालयको उद्देश्य हो । 'हाम्रो कोसिस नै बालबालिकालाई नेपालसँग गाँसेर राख्ने हो,' नेपाली पाठशाला स्थापनादेखि अहिलेसम्म यसै काममा लागिपरेका अभिभावक तथा शिक्षक अंकुर उपाध्याय भन्छन्, 'पाठशालामार्फत नेपाली दोस्रो पुस्ताले भाषा र संस्कृति सिक्नुका साथै अस्ट्रेलियामा रहेका दर्जनौं बहुसांस्कृतिक समुदायलाई नेपाली समुदायसँग जोड्ने पुलको काम गरिरहेको छ ।'

अध्ययनरत बालबालिकाले यहाँका बहुसांस्कृतिक कार्यक्रममा गएर नेपाली परम्परागत नृत्य देखाउने गर्छन् । नेपाली राष्ट्रिय पोसाकमा सजिएर नेपाललाई समेत चिनाउन उनीहरू माध्यम बनेका छन् ।

'हाम्रा बालबालिकाले नेपाल, नेपाली कला संस्कृति र परम्पराप्रति देखाएको मोहले हामीलाई नै यस कार्यमा निरन्तर लाग्न प्रेरित गर्छ,' पाठशालाका प्रधानाध्यापक चन्द्रमणि पाण्डेले भने । अंग्रेजीभाषी समुदायमा जन्मेर र हुर्केर पनि नेपाल प्रेमलाई जीवित राखेकामा उनी दंग छन् । केही दिनअघि मात्र दक्षिण अस्ट्रेलियाकै एडिलेडमा सञ्चालित अर्को भाषा पाठशाला नेपाली विद्यालयले आफ्नो दसौं वार्षिकोत्सव मनाइरहँदा उपस्थित सयौं अभिभावक भावुक बने । आफ्ना बालबालिकाले नेपाली भाषा सिकेकामा मात्र होइन अस्ट्रेलियामा समेत नेपाली कला संस्कृति देख्न पाउँदा उनीहरू खुसी देखिएका थिए । यस विद्यालयमा त हरेक साता करिब १ सय ५० विद्यार्थीले नेपाली भाषा सिक्ने र नेपाललाई नजिकबाट चिन्ने कोसिस गरिरहेका छन् । यहाँको सरकारले समेत यस्ता पाठशालालाई भरपूर सहयोग गर्ने गरेको छ । बहुसांस्कृतिक देश भएका कारण पनि अस्ट्रेलियास्थित राज्य सरकारले विभिन्न देश र संस्कृतिबाट आएका बालबालिकालाई आफ्नो देश र त्यहाँको भाषा संस्कृति चिन्न प्रोत्साहित गर्ने गरेको छ ।

विद्यालय सञ्चालनका लागि आर्थिक सहयोग (ग्रान्ट) दिने, शिक्षकलाई तालिम उपलब्ध गराउने र विद्यालयको अनुगमन पनि हुने गरेको छ । यहाँको शिक्षा मन्त्रालय तथा बहुसांस्कृतिक मन्त्रालयले यस्ता विद्यालयलाई आर्थिक र अन्य कार्यक्रममार्फत प्रोत्साहन गर्ने गरेको पाठशाला सञ्चालकहरूको भनाइ छ ।

अभिभावकले यस्ता पाठशालामा भर्ना गर्न कुनै शुल्क तिर्नु नपर्ने भएकाले समेत यसप्रतिको आकर्षण बढ्दो छ । स्थानीय सरकारले केही आर्थिक सहयोग दिए पनि अधिकांश पाठशाला पूर्णरूपमा स्वयंसेवकमार्फत नै सञ्चालित छन् । केही पाठशालाले भने स्वयंसेवकका रूपमा बालबालिकालाई पढाउने शिक्षकलाई भत्तास्वरूप सीमित रकम सहयोग गर्छन् । बालबालिकाले आफ्नो भाषा संस्कृति सिक्ने, अर्कातिर नेपाली समुदायकै अन्य बालबालिकासँग समेत भेटघाट हुने भएकाले सकेसम्म सबै अभिभावक यस्ता कक्षाप्रति आकर्षित छन् । बेलाबेला बालबालिकालाई मन पर्ने खानेकुरा, खेलकुद, पिकनिकलगायतका कार्यक्रमले पनि कक्षामा नियमित आउन बालबालिकालाई हौसला दिने गरेको छ ।

सिड्नीमा रहेको शब्दमालाका सञ्चालक समिति अध्यक्ष विष्णु घिमिरे डेढ दशकको अवधिमा नेपाली भाषा पाठशालाले उल्लेख्य सफलता पाएको अनुभव सुनाउँछन् । आफ्ना ८ शाखामार्फत करिब ४ सय नेपाली दोस्रो पुस्ताका बालबालिकालाई उनी नेपाल र नेपाली भाषा चिनाइरहेका छन् । 'यसले बालबालिका मात्र नभएर अभिभावकलाई समेत एकआपसमा भाइचारा र सम्बन्ध विस्तार गर्ने अवसर दिएको छ,' उनले भने ।

नेपाली भाषा पाठशाला अहिले सिड्नी, मेलबर्न एडिलेडजस्ता सहरमा मात्र होइन पर्थ, ब्रिसबनलगायतका राज्य तथा सहरमा फैलिसकेका छन् । यसले अस्ट्रेलियामा हुर्कंदै गरेका दोस्रो पुस्ताका बालबालिकालाई नेपाली भाषा, कला संस्कृति र परम्परासँग नजिक बनाइरहेको छ । अन्य समुदायका बालबालिकासँग पनि उनीहरू नेपालका बारेमा खुलेर बोल्न सक्ने भएका छन् ।

## उदारीकरण...

यस्ता प्रवृत्ति बढ्दै जाँदा विश्व अर्थतन्त्र संरक्षणवादतर्फ उन्मुख हुने उनको भनाइ छ ।

ट्रम्पले भने आफ्नो कर नीतिले अमेरिकालाई फेरि महान् र धनी बनाउने दाबी गरिरहेका छन् । यसअघि व्यापार गर्नका लागि अरू मुलुकलाई धेरै सुविधा दिइएको रहेछ, अब त्यसमा कटौती हुन्छ भन्ने स्पष्ट सन्देश राष्ट्रपति ट्रम्पले पछिल्ला निर्णयहरूबाट दिएको अर्थविद् विश्व पौडेल बताउँछन् । 'ट्रम्पले यसअघिका शासकले गरेका धेरै निर्णयमा असहमति राख्दै आफ्नो नयाँ शासन सुरु गर्न चाहेको देखिन्छ । यसबाट धेरै डरलाग्दो स्थिति आउन सक्छ, किनकि शक्ति भएको देश हुनाले भोलि व्यापारमा समस्या आउँदा हतियार प्रयोग गर्छु भन्यो भने के हुने भन्ने डर रहिरहन्छ,' उनले भने ।

ट्रम्प विश्व व्यापारका सन्दर्भमा विगतमा अमेरिकाले नै सुरु गरेको अन्तर्राष्ट्रिय नियम र मान्यताभन्दा विपरीत जान खोजेको अर्थविद् पौडेलको भनाइ छ । अरू मुलुकबाट हुने आयातमा भन्सार लगाउँदा अमेरिकामा मुद्रास्फीति बढ्ने पनि उनको विश्लेषण छ । 'अमेरिकाको निर्णयले नेपाललाई भने ठूलो असर नपर्ला किनकि लामो समयसम्म सुविधा दिँदा पनि हामीले सामान बेच्न सकेका छैनौं । मुख्य व्यापार साझेदार चीन, मेक्सिको र क्यानडासँगको व्यापार युद्धले अमेरिकी उपभोक्ताका लागि मूल्यवृद्धि हुनेछ भने ती देशले आफ्नो उत्पादनका लागि अन्यत्र बजार खोज्ने देखिन्छ,' पौडेलको भनाइ छ । तर आफ्नो कर नीतिले घरेलु रोजगारी सिर्जना र संरक्षण गर्ने ट्रम्पको दाबी छ । 'अब अमेरिकी कामदारले जागिर गुम्ने चिन्ता गर्नु पर्दैन,' उनको भनाइ छ ।

अर्थविद् केशव आचार्य पनि जथाभावी भन्सार कर लगाउने राष्ट्रपति ट्रम्पको निर्णय डब्लूटीओको सिद्धान्तविपरीत रहेको बताउँछन् । ट्रम्पका पछिल्ला निर्णयले विश्व बजारमा कानुनको परिपालन (रुल अफ ल) मा ठूलो असर गरेको उनको भनाइ छ । अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंकबाट पनि अमेरिकाले हात झिक्न सक्ने देखिएको आचार्यले बताए । 'राष्ट्रपति ट्रम्पले हामीले भनेको मानेनौं भने संयुक्त राष्ट्रसंघबाट पनि हात झिक्छौं भनेका छन्, विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) र विश्व श्रम संगठन (आईएलओ) बाट अमेरिका बाहिरिइसकेको छ,' उनले भने ।

अर्थविद् आचार्यले अन्तर्राष्ट्रिय भाइचारा र दुःखसुख साटासाट गर्ने, गरिब मुलुकलाई सहयोग गर्ने भावना नै बिस्तारै हट्दै जाने सम्भावना रहेको बताए । 'नेपालले २०४९ सालदेखि व्यापक रूपमा उदारीकरण गर्‍यो । पछि त्यसको गति कम भयो । उदारीकरणका कारण सन् २००० सम्मको प्रगति धेरै राम्रो थियो । तत्कालीन समयमा ५ प्रतिशतभन्दा बढीले आर्थिक वृद्धि भएको थियो । पछिल्ला दुई दशकमा यस्तो वृद्धि औसत ४ प्रतिशत मात्र छ,' उनले भने, 'हामीले अमेरिका, युरोपियन युनियनलगायतसँग लचिलो व्यवहार गर भनिरहेका थियौं, अब त्यो अवस्था आउने सम्भावना छैन ।'

पछिल्लो समय क्षेत्रीय व्यापार गुटहरूको उदय भइरहेको छ भने उत्पादन केन्द्रहरू सुविधाजनक स्थानमा सारिएका छन् । आर्थिक गतिविधि उत्तर अमेरिका र युरोपभन्दा बाहिर एसिया प्यासिफिक, अफ्रिका, ल्याटिन अमेरिका र पश्चिम एसियाली सहरमा सर्न थालेका छन् । अन्तर्राष्ट्रिय मुद्राकोषका अनुसार यी चार क्षेत्रले अहिले विश्वव्यापी कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ४५ प्रतिशत हिस्सा ओगटेका छन् ।

ट्रम्पले अघिल्लो कार्यकालमा क्यानडा, मेक्सिको र युरोपेली संघबाट आयात हुने स्टिलमा २५ प्रतिशत र आल्मुनियममा १० प्रतिशत कर लगाएका थिए । त्यसअघि अमेरिकाले खुला व्यापार सम्झौता (नर्थ अमेरिकन फ्रि ट्रेड एग्रिमेन्ट) अन्तर्गत मेक्सिको र क्यानडाबाट भित्रिने स्टिल र आल्मुनियममा कर छुट दिने गरेको थियो । उक्त सम्झौतालाई 'युनाइटेड स्टेट्स मेक्सिको-क्यानडा एग्रिमेन्ट' ले प्रतिस्थापन गरियो । ट्रम्प प्रशासनको जवाफमा युरोपेली संघले ३ अर्ब डलरभन्दा बढी मूल्य बराबरका अमेरिकी सामग्रीको निर्यातमा कर लगाएको थियो ।

ट्रम्पले अघिल्लो कार्यकालमा ३ खर्ब ६० अर्ब डलरभन्दा बढी मूल्यका चिनियाँ वस्तुमा कर लगाएका थिए । त्यसको जवाफमा चीनले १ खर्ब १० अर्ब डलरभन्दा बढीका अमेरिकी उत्पादनमा कर लगाएको थियो । सन् २०१८ सम्म अमेरिका आयात हुने वस्तुमध्ये २० प्रतिशतभन्दा बढी चिनियाँ थिए तर हाल १५ प्रतिशतभन्दा कम रहेको बीबीसीले जनाएको छ । सन् २०२३ सम्ममा मेक्सिको अमेरिकामा सबैभन्दा धेरै सामान निर्यात गर्ने देश बनेको छ । अमेरिकामा मेक्सिकोले ४ खर्ब ७६ अर्ब डलर र चीनले ४ खर्ब २७ अर्ब डलर बराबरको सामान निर्यात गर्छन् । धेरै कार निर्माता कम्पनी अमेरिकासँगको खुला व्यापार सम्झौताको फाइदा लिन र निर्माणका लागि पनि कम लागत पर्ने भएका कारण मेक्सिको सरेका थिए । सन् २०२३ मा मेक्सिको गाडी बनाउने विश्वको सातौं ठूलो देश बनेको छ ।

यो समग्र परिस्थितिको विश्लेषण गर्दै विज्ञहरूले भनेका छन्, 'अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सुरु गरेको व्यापार युद्धले आर्थिक उदारवाद र खुला बजारका मूल सिद्धान्तलाई चुनौती दिएको छ । यो आर्थिक राष्ट्रवाद हो जसले संरक्षणवादको बाटो लिएको छ । ट्रम्प प्रशासनले व्यापार र आपूर्ति शृंखलामा सरकारी हस्तक्षेप बढाएर पारम्परिक र प्रतिस्पर्धात्मक खुला बजार अर्थतन्त्रको ढाँचालाई भत्काएको छ ।'

## अब कर्मचारीमा बढीमा...

जातीयताका आधारमा आरक्षण दिँदा निश्चित मान्छेको कब्जामा पर्ने हुँदा त्यसबाट मुक्त गर्नुपर्ने सर्वोच्चको धारणा थियो ।

निजामती विधेयक निर्माण गर्दा त्यही फैसलालाई पनि ध्यानमा राखेर विधेयक तयार गरिएको राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडाले बताए । 'राजपत्रांकितमा एक पटक र राजपत्र अनंकितमा एक पटक मात्र आरक्षणको व्यवस्था राख्ने भन्नुका पछाडि सर्वोच्चको फैसला नै छ,' उनले भने ।

संविधानले आरक्षणको व्यवस्थासँगै लक्ष्य पनि राखेको जनाउँदै सर्वोच्चले त्यो लक्ष्य भेट्टाउन आरक्षण व्यवस्थाको सदुपयोग गर्नुपर्ने आदेश गरेको थियो । 'संविधानतः आरक्षणको वर्गमा पर्ने तर व्यक्तिगत उन्नति, प्रगति गरिसकेका कारण आरक्षण नचाहिने उपल्लो वर्ग/तरमारा मध्यम वर्गको कब्जाबाट आरक्षणसम्बन्धी व्यवस्थालाई मुक्त गर्न जरुरी देखिन्छ,' सर्वोच्चले भनेको थियो, 'राजनीतिक, आर्थिक वा सामाजिक रूपमा उच्च वर्गमा पुगेका उदाहरणका लागि मन्त्री, सांसद, संवैधानिक परिवार, प्राध्यापक, उद्योगपति आदिका सन्तानलाई आरक्षण नपाउने वर्गमा राख्न सकिने हुन्छ ।'

नेपालमा २००८ सालमै योग्यता प्रणालीको सुरुवात भए पनि निजामती सेवा ऐन, २०४९ मा भएको दोस्रो संशोधन (२०६४) ले पहिलोपटक निजामती सेवामा आरक्षणको व्यवस्था गरेको हो । त्यहीअनुसार निजामती सेवामा खुला प्रतिस्पर्धाद्वारा पूर्ति हुने ४५ प्रतिशत पद छुट्याएर त्यसलाई शत प्रतिशत मानी ३३ प्रतिशतमा महिला र २७ प्रतिशतमा आदिवासी जनजातिबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने व्यवस्था गरिएको छ । यस्तै, मधेशीलाई २२ प्रतिशत, दलितलाई ९ प्रतिशत, अपांगता भएकालाई ५ प्रतिशत र पिछडिएको क्षेत्रलाई प्रतिशत छुट्याइएको छ ।

१ सय २६ जातजाति र १ सय २३ भाषाभाषीको बसोबास रहेको मुलुकमा आरक्षणको व्यवस्था जातीय आधारमा नहुने सर्वोच्चको राय थियो । आरक्षण प्राप्त जातजातिबाट राज्यका उच्च पदमा रहेका सन्तानलाई आरक्षण पाउने समूहबाट बाहिर गर्ने/नगर्ने भन्ने प्रश्नमा भने समितिका सभापति खतिवडाले सर्वोच्चको फैसला अध्ययन गर्न कानुन सचिवलाई भनिएको जानकारी दिए ।

आरक्षणमा सीमितता गर्नु संविधानविपरीत भएको आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापामगरले बताए । बढुवामा पनि आरक्षणको व्यवस्था राख्नुपर्ने उनको भनाइ छ । 'अधिकृतमा समावेशीबाट आएपछि उपसचिव र सहसचिवमा नपाउने ? त्यो त मान्न सकिँदैन । अहिले पनि निजामती सेवामा आदिवासी जनजाति १५ प्रतिशत मात्रै छन्, जबकि जनसंख्या ३५ प्रतिशत छ । आरक्षण थप खुम्च्याएर खसआर्यमा नै शासन व्यवस्था लैजाने कुरा मान्य हुँदैन,' उनले भने ।

थारू आयोगका अध्यक्ष विष्णुप्रसाद चौधरीले विधेयकमा नै राजपत्र अनंकितमा दुई पटक र राजपत्रांकित दुई पटक भन्ने व्यवस्था रहेकाले त्यसलाई घटाउन नमिल्ने बताए । 'त्यसलाई घटाउँदा पछाडि परेको समुदाय माथिल्लो पदमा जान नपाउने हुन सक्छ । कर्मचारी संयन्त्रमा समावेशीकरण कमजोर बन्छ,' उनले भने, 'समावेशीलाई कमजोर बनाउने हिसाबले कानुन बनाउन हुँदैन ।' आरक्षण सुविधा घटाउने कानुनी प्रबन्ध संविधानको मूल मर्मसँग मेल नखाने चौधरीको भनाइ छ । उनले थपे, 'अंक नल्याई कसैले पनि लोक सेवाको परीक्षा पास गर्दैन । समावेशीबाट सेवा प्रवेश गरेकाले प्रभावकारी काम गरेको विभिन्न अध्ययनले नै देखाएका छन् ।'

संविधानको धारा २८५ ले सरकारी सेवा गठनको व्यवस्था गरेको छ, जसमा भनिएको छ, 'संघीय निजामती सेवालगायतका सबै संघीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा संघीय कानुनबमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ ।'

सरकारी सेवाबाट बाहिरिन नपाउँदै विभिन्न संवैधानिक वा अन्य नियुक्ति लिने प्रवृत्ति अन्त्य गर्नका लागि निजामती विधेयकमा 'कुलिङ पिरियड' को व्यवस्था राख्न उपसमितिमा सहमति जुटेको छ । उपसमिति संयोजक बडूले भने, 'कम्तीमा २ वर्ष कुलिङ पिरियड राख्न उपसमितिमा सहमति भएको छ । संघीय मामिला तथा सामान्य प्रशासनमन्त्रीले कुलिङ पिरियड राख्ने तर कति समय तोक्ने भन्नेमा प्रधानमन्त्रीसँग छलफल गर्छु भन्नुभएको छ ।'

विभिन्न निकायमा नियुक्ति भएर जाने तयारी गरिराखेका सरकारका सचिव, प्रहरीका उच्च अधिकारी भने 'कुलिङ पिरियड' राख्न नहुनेमा लबिइङ गरिरहेका छन् । 'कुलिङ पिरियड' राख्न नहुने भनेर कानुन मन्त्रालयका सचिव उदयराज सापकोटा र सामान्य प्रशासन मन्त्रालयका सचिव रविलाल पन्थले उपसमितिमा अडान राखिरहेको एक सांसदले बताए ।

कर्मचारी युनियन राख्ने कि नराख्ने र राख्ने भए कस्तो स्वरूपमा राख्ने भन्नेबारे संसदीय उपसमितिले सरकारको धारणा माग गरेको छ । सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले यसबारे पनि प्रधानमन्त्री केपी शर्मा ओलीसँग छलफल गरेर सरकारको धारणा दिने बताएका छन् ।

निजामती सेवामा राजपत्र अनंकिततर्फ खरिदारमा मात्रै सेवा प्रवेश गर्न पाइने व्यवस्था राख्न सहमति जुटेको राज्य व्यवस्था समिति संयोजक बडूले बताए । उपसमितिकै सहमति समिति र संसद्बाट सदर भए नायब सुब्बामा सेवा प्रवेशको बाटो बन्द हुनेछ । नायब सुब्बामा बढुवाबाट पदपूर्ति गरिनेछ । परराष्ट्र सेवामा राजपत्र अनंकिततर्फ हाल सेवा प्रवेश नायब सुब्बामा मात्र हुन्छ । त्यहाँ कसरी राख्ने भन्नेबारे भने उपसमितिले प्रस्ट पारेको छैन ।

राजपत्रांकिततर्फ भने शाखा अधिकृतमा सेवा प्रवेश हुने व्यवस्थामा उपसमितिले सहमति जुटाएको छ । उपसचिवमा १० प्रतिशत खुला प्रतिस्पर्धाबाट पदपूर्ति गर्ने प्रस्ताव छ । बाँकी ९० प्रतिशत बढुवाबाट पदपूर्ति हुने भनिएको छ । सहसचिवमा बढुवाबाट मात्रै पदपूर्तिको व्यवस्था राख्ने सहमति बनेको छ ।

सरुवालाई अनुमानयोग्य बनाउनका लागि चक्रीय प्रणालीमा लैजाने प्रस्ताव ल्याउन उपसमितिले संघीय मामिला मन्त्रालयलाई निर्देशन दिएको छ । कार्यसम्पादन मूल्यांकनको व्यवस्था कस्तो राख्ने भन्ने प्रस्ताव ल्याउन पनि सरकारलाई उपसमितिले भनेको छ । यसअघि सरुवा र कार्यसम्पादनको व्यवस्था नियमावलीमा राखिँदै आएको थियो । सरुवा र बढुवाका लागि कर्मचारी युनियन, नेता र विभिन्न शक्तिकेन्द्रले चलखेल गर्ने भएकाले अनुमानयोग्य बनाउनका लागि ऐनमा नै व्यवस्था गर्न लागिएको समितिका एक सदस्यले बताएका छन् । कार्यसम्पादन मूल्यांकनको पारदर्शी विधि ऐनमा नै व्यवस्था गर्न लागिएको उनले जानकारी दिए ।


**PROCUREMENT NOTICE**

United Nations Development Programme (UNDP) Nepal works with the People and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundation or a society based on rule of law with an inclusive and participatory democracy.

UNDP

The UNDP Nepal is soliciting bids from interested firms/companies to provide the following goods:

| | |
|---|---|
| **Reference No.:** | Request for Quotation – **UNDP-NPL-00442 (UNDP/RFQ/2025/03)** |
| **Project/Agency:** | UNDP Nepal |
| **Purpose:** | Survey on the National Consultants' Fee Scale |
| **Deadline for bid submission:** | **18 March 2025, 5:00 PM Nepal Time** |
| **Weblink:** | https://www.undp.org/nepal/procurement |
| **Who can apply:** | National/International firms/companies |
| **How to apply:** | As per the instructions in the detailed bidding document. |



**एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना**

**(प्रकाशित मितिः २०८१/११/२५ को कान्तिपुर राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरण**

**१. ऋणीको नामः न्यू अनुषा सपिङ्ग सेन्टर** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा
(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वीरेन्द्रनगर, सुर्खेतमा दर्ता रहेको), दर्ता नं.: ९४८५/०७५/७६, दर्ता मितिः २०७५/११/१४, स्थायी लेखा नं.: ६०९२९८५९४, ठेगानाः सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. ६ ।
**प्रोप्राईटरः**
**लक्ष्मी खड्काः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६७०१८ (२०६१/०१/२८/सुर्खेत), बाबुको नामः सुख बहादुर खड्का, ससुराको नामः दल बहादुर खड्का, पतिको नामः खगेन्द्र खड्का, ठेगानाः सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स., वडा नं. १ परिवर्तित सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. १३ ।
**व्यक्तिगत जमानतकर्ताः**
**खगेन्द्र खड्काः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३८२०२ (२०५७/०१/०७/सुर्खेत), बाजेको नामः जित बहादुर खड्का, बाबुको नामः दल बहादुर खड्का, ठेगानाः सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स., वडा नं. १ परिवर्तित सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. १३ ।
**धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः**
जित बहादुर खड्काको नाति, दल बहादुर खड्काको छोरा, सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स., वडा नं. १ परिवर्तित सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. १३ बस्ने **खगेन्द्र खड्का**को नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, बयलकांडा गा.वि.स./न.पा., वडा नं. ३/ख स्थित कि.नं. १२४२ र १२४७ को क्षेत्रफल क्रमशः ०-०-३१/४ र ०-०-३१/२ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**२. ऋणीको नामः लक्ष्मी खड्का** **कर्जा शिर्षकः** क्रेडिट कार्ड
ना.प्र.प.नं. (जारी मिति/स्थान): ६७०१८ (२०६१/०१/२८/सुर्खेत), बाबुको नामः सुख बहादुर खड्का, ससुराको नामः दल बहादुर खड्का, पतिको नामः खगेन्द्र खड्का, ठेगानाः सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स., वडा नं. १ परिवर्तित सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. १३ ।

**३. ऋणीको नामः कर्णाली उज्यालो ट्रेड लिंक** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा
(कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, वीरेन्द्रनगर, सुर्खेतमा दर्ता रहेको), दर्ता नं.: १५९२८/०७९/०८०, दर्ता मितिः २०७९/०५/२३, स्थायी लेखा नं.: १२९५६४३३९, ठेगानाः सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. ४ ।
**प्रोप्राईटरः**
**धन बहादुर मल्लः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ८५२२०/९५६ (२०५१/०४/०१/दैलेख), बाजेको नामः दल बहादुर मल्ल, बाबुको नामः लाल बहादुर मल्ल, ठेगानाः दैलेख जिल्ला, बाँसी गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. ४ ।
**व्यक्तिगत जमानतकर्ताः**
**सिमा कुमारी मल्लः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६३१०२९/१३६ (२०६६/१२/०४/दैलेख), बाबुको नामः पदम बहादुर शाही, ससुराको नामः लाल बहादुर मल्ल, पतिको नामः धन बहादुर मल्ल, ठेगानाः दैलेख जिल्ला, बाँसी गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. ४ ।
**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
दल बहादुर मल्लको नाति, लाल बहादुर मल्लको छोरा, दैलेख जिल्ला, बाँसी गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. ४ बस्ने **धन बहादुर मल्ल**को नाममा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको लगतमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला, चटार गा.वि.स./न.पा., वडा नं. ९/ङ स्थित कि.नं. ८३३ को क्षेत्रफल ३६८.२६ व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**४. ऋणीको नामः गौरी कृषि तथा पशुपक्षी पालन फर्म** **कर्जा शिर्षकः** आवधिक सुविधा
(प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेतमा दर्ता रहेको), दर्ता नं.: ६३६०/०७७/०७८, दर्ता मितिः २०७७/०४/१३, स्थायी लेखा नं.: ६१३४३९०७९, ठेगानाः सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. १ ।
**प्रोप्राईटरः**
**गौरी वि.क.:** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९५ (२०५९/१२/२५/दैलेख), बाजेको नामः चन्द्र बहादुर सुनार, बाबुको नामः हिक्मत बहादुर विश्वकर्मा, ठेगानाः दैलेख जिल्ला, नारायण न.पा., वडा नं. १ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. १ ।
**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. हिक्मत बहादुर विश्वकर्माः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७६२ (२०४२/०३/२६/दैलेख), बाजेको नामः पदम बहादुर वि.क., बाबुको नामः चन्द्र बहादुर सुनार, ठेगानाः दैलेख जिल्ला, सरस्वती गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. ६ ।
**ख. वालसरा विश्वकर्माः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७६३ (२०४४/०९/२३/दैलेख), ससुराको नामः चन्द्र बहादुर सुनार, पतिको नामः हिक्मत बहादुर विश्वकर्मा, ठेगानाः दैलेख जिल्ला, सरस्वती गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. ६ ।
**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
चन्द्र बहादुर सुनारको नातिनी, हिक्मत बहादुर विश्वकर्माको छोरी, दैलेख जिल्ला, नारायण न.पा., वडा नं. १ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. १ बस्ने **गौरी वि.क.** को नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, बयलकांडा गा.वि.स./न.पा., वडा नं. ६ स्थित कि.नं. २०७९ को क्षेत्रफल ०-०-४-१ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**५. ऋणीको नामः दिपमाला सप्लायर्स** **कर्जा शिर्षकः** क्यास क्रेडिट, चालुपुजि कर्जा र आवधिक कर्जा
(प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, कर्णाली प्रदेश, विरेन्द्रनगर, सुर्खेतमा दर्ता रहेको), दर्ता नं.: १५५६०/०६२/०६३, दर्ता मितिः २०६२/०८/२१, स्थायी लेखा नं.: ३०२०४५३७२, ठेगानाः सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा., वडा नं. ६ ।
**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**
**शेषलाल पौडेलः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २१८१३ (२०५१/०८/१२/सुर्खेत), बाजेको नामः श्रीदत्त पौडेल, बाबुको नामः पदमलाल पौडेल, ठेगानाः सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. २ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. ६ ।
**व्यक्तिगत जमानतकर्ताः**
**साबित्री आचार्यः** ना.प्र.प.नं. (जारी मिति/स्थान): २९७३५ (२०५४/०३/१७/सुर्खेत), बाबुको नामः पदम लाल आचार्य, ससुराको नामः पदमलाल पौडेल, पतिको नामः शेषलाल पौडेल, ठेगानाः सुर्खेत जिल्ला, जर्बुटा गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. ६ ।
**धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः**
श्रीदत्त पौडेलको नाति, पदम लाल पौडेलको छोरा, सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. २ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. ६ बस्ने **शेषलाल पौडेल**को नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, बयलकांडा गा.वि.स./न.पा., वडा नं. ६ स्थित कि.नं. ८०३ र १३१३ को क्षेत्रफल क्रमशः ०-०-१२३/४ र ०-०-२१/४ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**६. ऋणीको नामः पाण्डे एकिकृत कृषि फार्म** **कर्जा शिर्षकः** आवधिक कर्जा/ महिला उद्यमी कर्जा
(प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.प.) मा दर्ता रहेको), दर्ता नं.: २२६/०७७/०७८, दर्ता मितिः २०७७/०६/१४, स्थायी लेखा नं.: ६१३९६५२१९, ठेगानाः नवलपरासी जिल्ला, बर्दघाट न.पा., वडा नं. ४ ।
**प्रोप्राईटरः**
**गंगा पाण्डेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ८९९३७ (२०६३/०६/०३/नवलपरासी), बाबुको नामः खेम प्रसाद वगाले, ससुराको नामः टंक प्रसाद पाण्डे, पतिको नामः रामु पाण्डे, ठेगानाः नवलपरासी जिल्ला, माकर गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा., वडा नं. ४ ।
**व्यक्तिगत जमानतकर्ताः**
**रामु पाण्डेः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५२७८१ (२०५६/११/०२/नवलपरासी), बाजेको नामः थानेश्वर पाण्डे, बाबुको नामः टंक प्रसाद पाण्डे, ठेगानाः नवलपरासी जिल्ला, माकर गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा., वडा नं. ४ ।
**बैंकको नाममा रोक्का रहेको सम्पत्तिको विवरणः**
खेम प्रसाद वगालेको छोरी, टंक प्रसाद पाण्डेको बुहारी, रामु पाण्डेको पत्नी, नवलपरासी जिल्ला, माकर गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा., वडा नं. ४ बस्ने **गंगा पाण्डे**को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, तिलकपुर गा.वि.स./न.पा., वडा नं. ३/ङ स्थित कि.नं. ७३६ को क्षेत्रफल १६९.३२ व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values
**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

क्यानको वार्षिक क्यालेन्डर

# लिग टु र विश्वकप छनोटमा केन्द्रित

## अब १० महिनामा नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले १२ वटा टुर र प्रतियोगिता खेल्ने

**विनोद पाण्डे** (काठमाडौं)

संकटमा रहेको विश्वकप लिग-२ यात्रा र ट्वान्टी-२० विश्वकप छनोटलाई प्राथमिकतामा राख्दै नेपाल क्रिकेट संघ (क्यान) ले शनिबार वर्ष २०२५ को क्यालेन्डर सार्वजनिक गरेको छ ।

अब १० महिनामा नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले १२ वटा टुर र प्रतियोगिता खेल्नेछ । एकदिवसीय विश्वकप छनोट र एकदिवसीय अन्तर्राष्ट्रिय मान्यताको बाटो रहेको लिग-२ मा नेपाल अहिले नाजुक अवस्थामा छ । १२ खेल खेलेर ६ अंकसहित नेपाल ८ राष्ट्र सहभागी प्रतियोगिताको सातौं स्थानमा छ । लिग-२ को शीर्ष चार टोली सोझै विश्वकप छनोटमा पुग्नेछ भने तल्लो चार टोलीले छनोट खेलेर आउनुपर्ने प्रावधान छ ।

सन् २०१९-२३ को लिग-टु साइकलमा ३६ मध्ये १९ खेल जितेको नेपालले २०२४-२६ को चक्रमा दुई खेलमात्र जित्न सकेको छ । आउँदो १० महिनामा नेपालले स्कटल्यान्ड, यूएईमा गएर दुई फरक लिग-२ को शृंखला खेल्नेछ भने डिसेम्बरमा नेपालमा हुने भनिएको अर्को शृंखलाको मिति निश्चित बाँकी छ ।

'हाम्रा लागि विश्वकप लिग-२ र ट्वान्टी-२० विश्वकप छनोट महत्त्वपूर्ण प्रतियोगिता हो, हामीले त्यहीअनुरुपको क्यालेन्डर बनाएका छौं,' क्यानको वार्षिक क्यालेन्डर सार्वजनिक गर्दै सचिव पारस खड्काले भने, 'हामीले क्यालेन्डरमा महिला क्रिकेटलाई पनि प्राथमिकतामा राखेका छौं ।'

जुनमा नेपालले स्कटल्यान्ड गएर यस वर्षको पहिलो लिग-२ शृंखला खेल्नेछ, जहाँ नेपालको स्कटल्यान्ड र नेदरल्यान्ड्स प्रतिद्वन्द्वी हुनेछ । त्यसअघि नेपाल १५ दिनका लागि बेलायत भ्रमणमा निस्किने छ र स्कटल्यान्डको लिग-२ को तयारी गर्नेछ । इंग्ल्यान्डको विभिन्न काउन्टी टिमसँग अभ्यास खेलको तयारी भइरहेको सचिव खड्काले बताए । नेपालले स्कटल्यान्डको लिग-२ पछि घरेलु टोलीसँग ट्वान्टी-२० शृंखला खेल्नेछ, जुन नेपालको ट्वान्टी-२० विश्वकप छनोटको तयारीमा रहनेछ ।

नेपालले अक्टोबर १ देखि १७ सम्ममा ओमानमा गएर एसिया क्षेत्रको ट्वान्टी-२० विश्वकप खेल्ने कार्यक्रम छ । त्यसअघि नेपाली राष्ट्रिय पुरुष टोलीको तयारी क्याम्प जुलाईमा श्रीलंका, अगस्टमा भारतको विभिन्न स्थानमा पोकेट क्याम्प तथा सोही महिनामा अस्ट्रेलिया भ्रमण गर्ने तालिका क्यानले सार्वजनिक गरेको छ । सचिव खड्काका अनुसार नेपालले अस्ट्रेलियामा नर्थन क्षेत्रका टोलीहरूसँग खेल्ने छ । सेप्टेम्बरमा नेपालले यूएईमा पूर्ण राष्ट्रसँग ट्वान्टी-२० शृंखला खेल्नेछ ।



हेमन्त श्रेष्ठ

हाल युगान्डामा चारदेशीय प्रतियोगिता खेलिरहेको नेपाली महिला राष्ट्रिय क्रिकेट टोली अर्को महिना ट्वान्टी-२० विश्वकप छनोटको तयारीका क्रममा भुटान जानेछ । नेपालले थाइल्यान्डमा मार्च ७ देखि २१ सम्म हुने महिला ट्वान्टी-२० विश्वकप र एसिया कप छनोटमा खेल्नेछ । नेपाल, थाइल्यान्डसहित प्रतियोगितामा बहराइन, भुटान, हङकङ, कुवेत, मलेसिया, कतार र यूएईले प्रतिस्पर्धा गर्नेछन् ।

जुनमा थाइल्यान्डमै हुने महिला इमर्जिङ टिम्स एसिया कपमा खेल्ने नेपालले सेप्टेम्बरमा मलेसिया र यूएईसम्मिलित त्रिकोणात्मक शृंखलामा खेल्नेछ । क्यालेन्डरमा महिला राष्ट्रिय क्रिकेट टोलीको अक्टोबरमा प्रस्तावित श्रीलंका भ्रमण समेटिएको छ । यो भ्रमणबारे थप पुष्टि हुन बाँकी रहेको खड्काले बताए ।

### नयाँ प्रतियोगिता महानगरपालिका कप

क्यानले नयाँ प्रतियोगिताको रूपमा महानगरपालिका कप सुरु गर्नेछ । क्यानले शनिबार सार्वजनिक गरेको २०२५ को क्यालेन्डरमा यसलाई समावेश गरिएको छ । डिसेम्बर महिनामा यो प्रतियोगिता हुने जनाइएको छ ।

महानगपालिका कपमा ६ महानगर टिमले सहभागिता जनाउने छन् । त्यसमा खेल्ने खेलाडीहरू क्यानले वर्गीकरण गरिदिने छ । कुनै पनि खेलाडीले जुनै महानगरपालिकाबाट खेल्न पाउनेछन् । हरेक महानगरपालिकाले पालैपालो प्रतियोगिता आयोजना गर्ने सचिव खड्काले बताए ।

### नयाँ प्रशिक्षकको तयारी

राष्ट्रिय पुरुष क्रिकेट टोलीका लागि नयाँ प्रशिक्षकको खोजी प्रक्रिया अगाडि बढिसकेको सचिव खड्काले बताए । क्यानले मुख्य प्रशिक्षकका लागि मागेको आवेदनमा ७० जनाले फारम भरेका छन् । त्यसमा दुई जना यसअघि नेपालको प्रशिक्षक रहिसकेका व्यक्तित्व छन् । तर, सचिवले दुवैको नाम खुलाउन चाहेन । 'नेपालको मुख्य प्रशिक्षक बन्न ७० जनाको आवेदन आएको छ, हामी त्यसलाई सर्टलिस्ट गर्दैछौं,' खड्काले भने, 'प्रधानमन्त्री कप चलिरहेको समय वा ढिलोमा अप्रिलदेखि लागू हुने गरी नेपालको नयाँ प्रशिक्षकले आफ्नो काम सुरु गर्नेछन् र लिग २ तयारीका लागि जुट्ने छन् ।'

महिला टोलीमा पनि विदेशी प्रशिक्षक र प्रशिक्षण टोलीका अन्य सदस्य ल्याउने विषयमा छलफल गरिरहेको खड्काले बताए । अर्को महिना पुरुष राष्ट्रिय टोलीले हङकङ गएर चार राष्ट्रसम्मिलित प्रतियोगिता खेल्ने तालिका छ । यही टुर नयाँ प्रशिक्षकको पहिलो प्रतियोगिता पनि बन्न सक्नेछ ।

### यू-१९ विश्वकप छनोट मूलपानीमा

आईसीसी यू-१९ पुरुष विश्वकपको एसिया छनोट मूलपानीमा हुने भएको छ । प्रतियोगिता अप्रिल १२ देखि २८ सम्म नेपालले आयोजना गर्ने तालिका छ । तर, नेपालको मुख्य क्रिकेट मैदान कीर्तिपुरस्थित त्रिवि मैदान निर्माणाधीन रहेकाले सबै खेल मूलपानीको दुई मैदानमा हुनेछ ।

माथिल्लो मूलपानी क्रिकेट मैदान र निर्माणाधीन तल्लो मूलपानी क्रिकेट रंगशालामा यू-१९ पुरुष विश्वकपको एसिया छनोट हुने सचिव खड्काले जानकारी गराए । उनका अनुसार डेढ महिना समय बाँकी रहेकाले तल्लो मूलपानीमा विशेष गरी विकेट र मैदानको काम तीव्र गतिमा भइरहेको छ । सात वर्षअघि तल्लो मूलपानीमा प्रधानमन्त्री कप राष्ट्रिय प्रतियोगिता भए पनि त्यसपछि त्यहाँ राष्ट्रियस्तरको प्रतियोगिता खेलाइएको छैन । तल्लो मूलपानीमा पहिलो पटक अन्तर्राष्ट्रिय क्रिकेट आयोजना हुन लागेको हो । माथिल्लो मूलपानीमा यसअघि नै एसिया कप छनोट, ट्वान्टी-२० विश्वकप छनोट, द्विपक्षीय शृंखलाहरू आयोजना भइसकेका छन् ।

यू-१९ पुरुष विश्वकपको एसिया छनोटअघि नेपालले अफगानिस्तानसँग तीन युथ एकदिवसीय अन्तर्राष्ट्रिय खेल्दै छ । ती खेल सबै माथिल्लो मूलपानी मैदानमा हुनेछ । त्रिवि क्रिकेट मैदानमा हाल पूर्वाधार निर्माण कार्य सुरु भइसकेको छ । यू-१९ पुरुष विश्वकपको एसिया छनोट सुरु हुनेक्रममा यो जारी रहने भएकाले मूलपानीमा खेलाइन लागेको हो ।

### एनपीएल नोभेम्बरमा

नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको दोस्रो सिजन नोभेम्बरमा हुनेछ । त्यसअघि जुनमा एनपीएलको रिलिज रिटेन र अगस्टमा मिनी अक्सन हुने क्यानले जनाएको छ । आठ फ्रेन्चाइज टोली समावेश पहिलो सिजनको एनपीएल नोभेम्बर-डिसेम्बरमा सकिएको थियो ।

नेपालले अक्टोबर २३ देखि नोभेम्बर ४ सम्म यूएई गएर विश्वकप लिग-२ को शृंखलामा यूएई र अमेरिकाविरुद्ध खेल्ने तालिका छ । नोभेम्बरकै पहिलो साता नेपालले हङकङ सिक्सेस पनि खेल्नेछ । त्यसपछि एनपीएल-२ हुनेछ । एनपीएलका लागि कीर्तिपुर मैदान सम्पन्न भइसक्ने विश्वास सचिव खड्काको छ ।

# नेपाललाई एसियाली कबड्डीमा कांस्य



काठमाडौं (कास)- नेपाली महिला कबड्डी टिमले छैटौं एसियाली महिला कबड्डी च्याम्पियनसिपमा कांस्य पदक जितेको छ । नेपालसँगै बंगलादेश पनि संयुक्त रूपमा तेस्रो भएको थियो । सेमिफाइनलमा नेपाल छिमेकी भारतसँग ५६-१८ स्कोरले पराजित भएको अखिल नेपाल कबड्डी संघका महासचिव अरविन्दकुमार झाले जनाए । बंगलादेश भने इरानसँग ४१-१८ ले पराजित भयो ।

चीनमा भएको १९ औं एसियाली खेलकुदमा पनि नेपाली महिला कबड्डी टोलीले कांस्य जितेको थियो । इरानको राजधानी तेहरानमा सम्पन्न प्रतियोगितामा भारतले उपाधि जितेको हो । पाँचौंपल्ट च्याम्पियन बनेको भारतले फाइनलमा आयोजक इरानलाई ३२-२५ अंकले पराजित गरेको थियो । प्रतियोगितामा सात देशको सहभागिता थियो ।

एसियाली महिला कबड्डी सन् २००५ देखि सुरु भएको हो । पुरुषको भने १९८० देखि नै एसियन च्याम्पिनयसिप सुरु भएको थियो ।

# भरतपुरमा अर्किड लगातार विजेता



**रमेशकुमार पौडेल** (चितवन)

अर्किड स्कुलले भरतपुर मेयर्स कप इन्टरस्कुल लिग क्रिकेट प्रतियोगिता जितेको छ । भरतपुर महानगरपालिकाले आयोजना गरेको प्रतियोगितामा अर्किडले शनिबार नारायणी नमुना मावि ४ विकेटले हरायो । अर्किड साबिक विजेता हो ।

रामपुरस्थित निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको नमूना मैदानमा भएको फाइनलमा नारायणीले दिएको ७७ रनको झिनो लक्ष्य अर्किडले २५.३ ओभरमा ६ विकेट गुमाएर पूरा गरेको थियो । सलमान अन्सारीले अविजित २३ र मन्दिप बरालले १८ रन जोडे । नारायणीका उमेश महतोले २ र राहुल कुशवाहाले १ विकेट लिए ।

टस जितेको नारायणी २३.३ ओभर खेलेर ७६ रनमै अलआउट भयो । आयुश गिरीले २५ र समीर पौडेलले १४ रन बनाए । अर्किडका प्रसिद्ध अर्यालले ६ ओभरमा ७ रन खर्चिदै ४ विकेट लिए । कप्तान मन्दिप बराललले ६ ओभरमै २२ रन खर्चिदै ४ विकेट लिए । प्लेयर अफ द म्याच अर्किडका कप्तान मन्दीप बराल भए । ६ खेलमा २३ विकेट लिएका उनी सर्वाधिक विकेट लिने खेलाडी बने । ७ खेलमा २३४ रन बनाएका नारायणीका कृष्ण मगर सर्वाधिक रन बनाउने खेलाडी चनिए ।

विजेतालाई भरतपुर महानगरपालिका प्रमुख रेनु दाहाल, उपप्रमुख चित्रसेन अधिकारी, चितवन जिल्ला क्रिकेट संघका अध्यक्ष सुदीप पिया, चितवन राइनोजका सीईओ प्रताप देवकोटाले पुरस्कार वितरण गरे । करिब ३ महिना चलेको लिग क्रिकेटमा भरतपुर महानगरका ४७ विद्यालय सहभागी थिए ।

## छोटकरी

### गुठी युनाइटेडलाई जेसिज कप

बागलुङ (कास)- ग्रेस गुराँस गुठी युनाइटेडले शनिबार साबिक बिजेता बागलुङ सुधार केन्द्रलाई टाइब्रेकरमा ४-३ गोलले पराजित तेस्रो जेसिज कप फुटबलको उपाधि जितेको छ । बागलुङको बाङ्गेचउर खेल मैदानमा निर्धारित समयमा दुवैबाट १-१ गोलको बराबरी भएपछि खेल टाइब्रेकरमा पुग्यो । पहिलो हाफमा गोलरहित भयो । ५६ औं मिनेटमा गुठीका विराज खत्रीले गोल गरे । एक मिनेटमै सुधार केन्द्रका अफ्रिकन खेलाडी अवेक रिचार्जले गोल फर्काएर बराबरी ल्याए । फाइनलमा गुठीका गोलकिपर सौगात खड्का प्लेयर अफ दी म्याच भए । विजेता गुठीले २ लाख र उपविजेता केन्द्रले १ लाख रुपैयाँ पुरस्कार पाए । विजेतालाई गण्डकी प्रदेशसभा सदस्य दीपेन्द्रबहादुर थापाले ट्रफी प्रदान गरे । खेलमा ११ टिमले भाग लिएको आयोजक बागलुङ जेसिजका अध्यक्ष सुशान्तकृष्ण श्रेष्ठले बताए । केन्द्रका निशान थापा उत्कृष्ट खेलाडी भए । गुठीका गोलकिपर सौगात खड्का उत्कृष्ट गोलकिपर, केन्द्रका रोशन क्षेत्री उत्कृष्ट स्ट्राइकर, गुठीका संगीत छन्त्याल उत्कृष्ट डिफेन्डर, केन्द्रका सुशील लामा उत्कृष्ट मिडफिल्डर घोषित भए । गुठीकै मनीष श्रेष्ठ सर्वाधिक गोलकर्ता भए । बिधागत उत्कृष्टले नगद पुरस्कार पाए । म्याग्दी जिल्ला फुटबल संघ अनुशासित टिम घोषित भयो ।

### पाँचथर गोल्डकप सुरु

पाँचथर (कास)- इन्ट्रा पथरी फुटबल क्लबले पाँचथर आमन्त्रण गोल्डकप फुटबल प्रतियोगितामा शनिबार उद्घाटन खेलमा आयोजक पाँचथर क्लबलाई २-० गोलले हराएको छ । सेमिफाइनलमा पुगेको टोलीका लागि खेलको पाँचौं मिनेटमा पथरीका सनम धिमालले गोल गरेका थिए । दोस्रो गोल अतिरिक्त समयमा विवेक राईले गरे । विदेशी खेलाडीसहित घरेलु मैदानमा उत्रेको पाँचथर क्लबले पटक पटक गुमाएको थियो । पथरीका समीर क्षेत्री उत्कृष्ट खेलाडी भए । उनले ७ हजार ५ सय पाए । सदरमुकामस्थित फिदिम माविको मैदानमा भएको प्रतियोगितामा नेपाल र भारतका गरी ८ टिम सहभागी छन् । आइतबार चर्च ब्वाइज क्लब र हिल्स एकेडेमी भारतबीच प्रतिस्पर्धा हुनेछ । गोल्डकपको उद्घाटन फिदिम नगरपालिकामा मेयर मित्रप्रसाद काफ्लेले गरे । विजेताले ११ लाख १ हजार १ सय ११ रुपैयाँ र उपविजेताले ५ लाख ५५ हजार ५ सय ५५ रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

### एपीएफ विजयी

सुनसरी (कास)- एपीएफ क्लबले प्रथम इनरुवा गोल्डकप फुटबल प्रतियोगितामा बिजयी सुरुआत गरेको छ । सदरमुकाम इनरुवास्थित जेल फिल्डमा शनिबार उद्घाटन खेलमा एपीएफले चुलाचुली स्पोर्ट्स क्लब झापालाई ४-१ ले पराजित गर्‍यो । एपीएफका समीर दर्जीले ह्याटिक गरे भने दिलसन राईले एक गोल थपे । चुलाचुलीका मिक्सो लिम्बूले एक गोल फर्काए । म्यान अफ द म्याच समीर दर्जी भए । आइतबार विराटनगर सिटी एफसी र मनोहरा एकीकृत युवा क्लब काठमाडौंबीच प्रतिस्पर्धा हुने आयोजक इनरुवा फुटवल क्लबका अध्यक्ष अनुप खड्काले जानकारी दिए । प्रतियोगितामा एक भारतीयसहित १० टिम सहभागी छन् । विजेताले २ लाख र उपविजेताले १ लाख रुपैयाँ पुरस्कार पाउनेछन् ।

# महिला गोल्डकप फुटबलमा एपीएफ च्याम्पियन



**लक्ष्मी गौतम** (पाँचथर)

विभागीय टोली एपीएफ क्लबले इलाममा आयोजित दोस्रो आमन्त्रित महिला गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । शनिबार फाइनलमा विभागीय प्रतिद्वन्द्वी त्रिभुवन आर्मी क्लबलाई २-१ ले हराउँदै एपीएफले उपाधि उचाल्यो । एपीएफकी गीता रानाले खेलको २५ औं मिनेटमा गोल गर्दै टोलीलाई अग्रता दिलाइन् । त्यसमा दोस्रो गोल सविता रानामगरले थपेकी हुन् ।

आर्मीकी विमला चौधरी एक गोल गरिन् । पटक पटक पाएका अवसर चुकाउँदा आर्मी उपविजेतामै सीमित बन्यो । एपीएफले ४ लाख र ट्रफी प्राप्त गर्दा आर्मीले २ लाख रुपैयाँ पुरस्कार पायो । फाइनलमा प्लेयर अफ द म्याच एपीएफकी सविता रानामगर घोषित भइन् । उनले ५ हजार पुरस्कार पाइन् । विधागतमा दुवै टिमका खेलाडी पुरस्कृत भए । उत्कृष्ट गोलरक्षक आर्मीकी अञ्जना राना चनिइन् । उनले १० हजार प्राप्त गरिन् । उत्कृष्ट डिफेन्डर आर्मीकै विमला बिक भइन् । उनले नगद १० हजार प्राप्त गरिन् ।

सर्वाधिक गोलकर्ता एपीएफकी रश्मिकुमारी घिसिङले १० हजार प्राप्त गरिन् । उत्कृष्ट मिडफिल्डर एपीएफकी रेनुका नगरकोटेले पनि १० हजार पाइन् । सर्वोत्कृष्ट खेलाडी एपीएफकी अनिता बस्नेत घोषित् भइन् । उनले १५ हजार प्राप्त गरिन् । क्लब ओएसिस इलामको आयोजनामा भएको गोल्डकपमा भारतको एकसहित आठ टिम प्रतिस्पर्धी थिए ।

# राइजिङ स्टार विजयी

नेपालगन्ज (कास)- राइजिङ स्टार फुटबल क्लबले तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप फुटबलको उपाधि जितेको छ । शनिबार फाइनलमा राइजिङ स्टारले आयोजक कोहलपुर रेसिङ सहारा क्लबलाई २-० ले हरायो । कोहलपुर-२ स्थित तेह्र बिगाह मैदानमा दोस्रो हाफमा लगातार दुई गोल गर्दै राइजिङले उपाधि जितेको हो । पहिलो मिनेटमै राइजिङका कप्तान विनोद केवटले गोल गरे । लगत्तै दुई मिनेट अन्तरमा उनले नै दोस्रो गोल गरेका हुन् । उनी म्यान अफ द म्याच घोषित भए । राइजिङले ८ लाख र उपविजेता कोहलपुरले ४ लाख रुपैयाँ पुरस्कार पाए । विजेतालाई कोहलपुर नगरप्रमुख पूर्णप्रसाद आचार्यले पुरस्कृत गरे । सर्वोत्कृष्ट खेलाडी आयोजकका विनोद केसीले ५१ हजार प्राप्त गरे । काँक्रेबिहारका धनसिंह बिक सर्वाधिक गोलकर्ता भए ।

# पुलिसलाई वीरगन्ज गोल्डकप


क्यान

**भूषण यादव** (वीरगन्ज)

नेपाल पुलिस क्लबले फाइनलमा मछिन्द्रलाई टाइब्रेकरमा ३-० ले पराजित गर्दै वीरगन्ज गोल्डकप फुटबल प्रतियोगिताको दोस्रो संस्करण जितेको छ । पुलिस साबिक विजेता हो । निर्धारित समयको खेल १-१ को बराबरीमा टुंगिएको थियो ।

टाइब्रेकरमा मछिन्द्रका विश्वास तामाङ, दिवाकर चौधरी र समिराज थोकरले पेनाल्टी गुमाएका थिए । विश्वास र दिवाकरले पोस्टबाहिर प्रहार गरे भने समिराजको पेनाल्टी पुलिसका गोलकिपर अमित टमाटाले रोकेका थिए । पुलिसका उज्ज्वल राईको पेनाल्टी गुमाए भने रामचन्द्र वाजी, सन्जीव लामा र अमित टामाटाले गोल गरेका थिए ।

यसअघि खेलको पहिलो हाफमा मच्छिन्द्रले अग्रता लिएको थियो । खेलको १२ औं मिनेटमा विशाल तामाङको पासमा समिराजले हेड गोल गरेका थिए । सुरुवाती अग्रता लिएको मछिन्द्र पहिलो हाफमा विपक्षीमाथि हाबी देखिएको थियो । खेलको ५८ औं मिनेटमा पुलिसका उज्ज्वल राईको पासमा विकास बिकले गोल गर्दै टिमलाई खेलमा फर्काए । गोल बराबरी भएपछि दुवै टिम आक्रमक हिसाबले खेलेका थिए । दोस्रो हाफमा पनि मछिन्द्र नै हाबी देखिएको थियो । फाइनलमा म्यान अफ दी म्याच मछिन्द्रका समिराज थोकर घोषित भए । उनल १० हजार रुपैयाँ प्राप्त गरे ।

उत्कृष्ट गोलकिपर पुलिसका अमित टमाटा घोषित भए । उनले २० हजार रुपैयाँ प्राप्त गरे । उत्कृष्ट खेलाडी पुलिसका कप्तान रामचन्द्र वाजी चुनिए । उनले इलेक्ट्रिक स्कुटी प्राप्त गरे । उत्कृष्ट प्रशिक्षकको उपाधि पुलिसका चेतन घिमिरेले प्राप्त गरे । उनले २० हजार पाए । पुलिस क्लबले ११ लाख ११ हजार १ सय ११ रुपैयाँसहित ट्रफी उचालेको थियो । उपविजेता मछिन्द्रको भागमा ५ लाख ५५ हजार ५५५ रुपैयाँ पर्‍यो । वीरगन्ज महानगरपालिका प्रतियोगिताको मुख्य प्रायोजक थियो । नारायणी रंगशाला जीर्ण रहेकाले आदर्शनगर रंगशालामा गोल्डकप आयोजना गरिएको हो ।

# नेपाली महिला टोलीको नवौं हार


क्यान

काठमाडौं (कास)- युगान्डामा शनिबार सुरु चारदेशीय प्रतियोगिताको पहिलो खेलमै नेपाल पराजित भएको छ । नामिबियाले इन्टेबेमा पहिलो पटकको प्रतिद्वन्द्वी नेपाललाई डकवर्थ लुइस पद्धतिमा ६ विकेटले पराजित गर्‍यो ।

टस जितेर ब्याटिङ गरेको नेपाल ९२ रनमा अलआउट भयो । जवाफमा नामिबियाले ८ ओभरमा १ विकेट गुमाई ३९ रन बनाएको अवस्थामा खेल वर्षाले विथोलेको थियो । वर्षा रोकिएपछि नामिबियालाई १५ ओभरमा ७१ रनको नयाँ लक्ष्य दिइएको थियो ।

नामिबियाले १४.५ ओभरमा लक्ष्य पूरा गरेको थियो । ओपनर मेकेलाये वाटिलेले सर्वाधिक २६ रन बनाइन् । उनले ३५ बल खेल्दा ३ चौका प्रहार गरिन् । जुरिइन डिइरगार्डट ७ बलमा १ चौकासहित १३ रनमा अविजित रहिन् । नेपालबाट कप्तान इन्दु बर्मा, पूजा महतो, कविता जोशी र ईश्वरी विष्टले १-१ विकेट लिए ।

त्यसअघि नेपालबाट ओपनर सम्झना खड्काले सर्वाधिक १८ रन बनाइन् । उनले आक्रामक सुरुआत दिलाउनेक्रममा ११ बल खेल्दै ४ चौका प्रहार गरिन् । तर, अर्की ओपनर रुबिना क्षेत्रीसहित राजमती ऐरी, रचना चौधरी शून्यमा आउट भएपछि नेपालले बाँकी समय दबाबमा खेल्नुपरेको थियो । पूजा २० बल खेल्दै १ चौकासहित १३, कप्तान इन्दु २, रोमा थापा ९, एलिसा यादव र 'डेब्यु' गरिरहेकी रिया शर्मा १-१ रनमा आउट भए ।

ईश्वरी १७ रनमा अविजित रहिन् । उनले १४ बल खेल्दा २ चौका प्रहार गरिन् । नामिबियाबाट विल्का वाटिल र मेकेलाये वाटिलेले ३-३ विकेट लिए । युगान्डा र हङकङ पनि समावेश प्रतियोगितामा नेपालले आइतबार घरेलु टोली युगान्डासँग खेल्दै छ ।

नेपालको यो लगातार नवौं हार हो । गत वर्षको जुलाई १९ मा यूएईलाई श्रीलंकामा ६ विकेटले पराजित गरेयता नेपाल निरन्तर पराजित हुँदै आएको छ ।

कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रबन्ध निर्देशक : सम्भव सिरोहिया, प्रधान सम्पादक : उमेश चौहान